सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ वैशाख २०८०, शनिबार (29 April 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

सुटिङ हब बन्दै नेपाल

पछिल्ला ६ वर्षमा वेभ सिरिज र डकुमेन्ट्रीसहित २४३ विदेशी फिल्म छायांकन, हलिउड-बलिउडका ठुल्ठूला ब्यानरको रोजाइमा पनि नेपाली 'लोकेसन'

विदेशी फिल्मकर्मी आकर्षित गर्न राज्यले जति गर्नुपर्ने हो, त्यो सकिएको छैन



● **भुवन केसी**, अध्यक्ष, चलचित्र विकास बोर्ड

प्राकृतिक सौन्दर्य, सुन्दर हिमशृंखला, सांस्कृतिक र ऐतिहासिक सम्पदालगायतले नेपाल आफैंमा फिल्म स्टुडियो हो। त्यसैले यहाँ विदेशी फिल्मकर्मी सुटिङका लागि आकर्षित हुने क्रम बढेको छ। यो आकर्षण बढाउन राज्यले जति गर्नुपर्ने हो, त्यो सकिएको छैन। पर्यटक घुमाउने ट्राभल एन्ड टुर्सहरूले विदेशी फिल्मको प्रोडक्सन हेर्न अनुमति लिने गरेका गुनासा बोर्डमा आएका छन्। यसमा सुधार गर्न हामी सञ्चार मन्त्रालयसँग समन्वय र छलफलको तयारीमा छौं।

सुटिङ गर्न आउँदा 'टिपिकल नेपाल' खोज्छन् विदेशी सिनेकर्मीहरू



● **सुरज आचार्य**, लाइन प्रोड्युसर, थ्री विलर्स फिल्म प्रालि

विदेशी सिनेकर्मीहरू सुटिङ गर्न आउँदा 'टिपिकल नेपाल' खोज्छन्। पोखराको लेकसाइड, दरबारमार्गजस्ता ठाउँहरू त जुनसुकै देशमा पनि भेटिन्छन्। तर, हामीकहाँ तराईका सहरहरूबाट हिमाल देखिन्छन्। यो विविधता कमै देशमा पाइन्छ। आठ हजार मिटरमाथिका अग्ला हिमाल हामीसँग प्रशस्तै छन्। यस्तै लाइभ लोकेसन विदेशी फिल्मकर्मीहरू मन पराउँछन्। पछिल्लो समय हिमाली भेगसँगै जंगल र जनावर खिच्न धेरैजसो विदेशी फिल्मकर्मी नेपाल आइरहेका छन्। बर्दिया र चितवन राष्ट्रिय निकुञ्ज उनीहरूको रोजाइमा परेको छ।

अनिल यादव/नयाँ पत्रिका

फिल्म सुटिङका लागि नेपाली निर्माता/निर्देशकले विदेशी भूमि ताकिरहँदा विदेशी सिनेकर्मी भने नेपालतर्फ आकर्षित हुने क्रम बढिरहेको छ। केही वर्षयता हलिउड-बलिउडका ठुल्ठूला ब्यानरका सिनेमा नेपालमा सुटिङ भएका छन्। प्राकृतिक सौन्दर्य, अग्ला हिमाल, ऐतिहासिक सम्पदा र सुन्दर हिमशृंखलका कारण नेपाल विश्वसिनेकर्मीमाझ 'सुटिङ हब'का रूपमा परिचित हुन थालेको छ।

चलचित्र विकास बोर्डको तथ्यांकअनुसार चालू आर्थिक वर्ष ०७९/८० को नौ महिनामा मात्रै नेपालमा ४५ विदेशी फिल्म सुटिङ भएका छन्। पछिल्ला ६ वर्षमा दुई सय ४३ विदेशी फिचर फिल्म, वेभ सिरिज र डकुमेन्ट्री छायांकन गरिएका छन्।

भारत, बेलायत, अमेरिका, आइल्यान्ड, फ्रान्स, पोल्यान्ड, जर्मनी,

» पृष्ठ २ मा क्रमशः



तस्बिर : फिल्मइनेपाल.कम

पछिल्लो ६ वर्षमा कुन देशका कति फिल्म सुटिङ : अमेरिका : ४२, युके : ३५, भारत : २५, जापान : ३०, नेदरल्यान्ड : १०, फ्रान्स : १०, जर्मनी : ११, क्यानडा : ५, चीन : ५, स्विडेन : ५, युएई : ५, अस्ट्रेलिया : ४, डेनमार्क : ४, पोल्यान्ड : ४, मलेसिया : ३, आयरल्यान्ड : ३, स्पेन : ३, फिनल्यान्ड : ३, अस्ट्रिया : २, थाइल्यान्ड : २, बेल्जियम : २, कोलम्बिया : २, ग्रिस : २, इटाली : २, कोरिया : २, ताइवान : ३, ब्राजिल : १, हङकङ : १, इजरायल : १, आइसल्यान्ड : १, इन्डोनेसिया : १, कुवेत/क्यानेडियन : १, लेबनान : १, न्युजिल्यान्ड : १, रुस : १, सिंगापुर : १, दक्षिण अफ्रिका : १, श्रीलंका : १ र युए बिबिसी स्टुडियो : ४



कति गर्छन् खर्च ? कतिलाई रोजगारी ?

तीन दिनअघि मात्रै हिन्दी सिरिज 'फिफ'को नेपाल छायांकन सकिएको छ। नेटफ्लिक्सका लागि अनुभव सिन्हाले निर्देशन गरेको यो सिरिज सुटिङ गर्न भारतबाट १३७ जनाको टोली आएको थियो। यो सिरिजले हरेक दिन करिब दुई सय नेपालीलाई रोजगारी दिएको लाइन प्रोड्युसर सुरज आचार्यले बताए। 'स्पटब्वायले पनि खाना, बस्न सबै सुविधासहित न्यूनतम २५ सय पारिश्रमिक पाइरहेका थिए। २०-२५ वटा नेपालका गाडी प्रयोग गरिए। यो टोलीले करिब १० दिन सुटिङ गर्दा चार करोड खर्च गरेर नेपालबाट फर्कियो,' उनले भने।

अमिताभ बच्चन अभिनीत फिल्म 'उचाइ'को प्रोडक्सन पनि आचार्यले नै हेरेका थिए। त्यसको छायांकन हुँदा नेपालमा करिब १८ करोड हाराहारी खर्च भएको उनले बताए। 'त्यतिबेला भारतबाट १५० जनाको टोली आएको थियो। उनीहरू ३४ दिन नेपाल बसे। त्यतिखेर तीन सय नेपालीले रोजगारी पाए। फिल्मका लागि नेपाली माउन्टेरिङ गाइड, भरिया, प्राविधिक राखिएका थिए। नेपालका हेलिकोप्टर र प्लेनहरू पनि प्रयोग भए,' उनले भने। त्यस्तै, अमेजन प्राइममा रिलिज भएको 'फर्जी' हिन्दी सिरिजको नेपालमा जम्मा चार दिन मात्रै सुटिङ भएको थियो। उनीहरूले करिब तीन करोड खर्च गरेर गए। चलचित्र प्राविधिक संघका अध्यक्ष पुष्कर लामा ठूलो विदेशी फिचर फिल्म छायांकनका लागि आउँदा धेरै नेपाली प्राविधिकले रोजगारी पाउने गरेको बताउँछन्। 'एउटै फिल्ममा स्पटब्वाय, लाइटम्यान, प्रोडक्सन म्यानेजरलगायतका प्राविधिक गरेर एक सयभन्दा बढीले रोजगारी पाइरहेका छन्, यो सुखद पक्ष हो,' उनले भने।

सगरमाथामाथि धेरै छायांकन

पछिल्लो समय जंगल र जनावर खिच्नमा पनि रुचि

नेपालमा छायांकन गर्न आउने धेरैजसो विदेशी फिल्मकर्मीले सगरमाथामाथि डकुमेन्ट्री या फिचर फिल्म बनाउने गरेका छन्। त्यहाँ गएर डकुमेन्ट्री बनाउनेहरूले छायांकनका लागि सबैभन्दा बढी समय खर्चिएको देखिन्छ। अघिल्लो वर्ष सन् २०२२ को अप्रिल २ मा छायांकनका लागि नेपाल आएको अमेरिकी फिल्म 'फुल सर्कल एभरेस्ट'ले ६७ दिन छायांकन गरेको थियो। त्यस्तै, 'एलिट एक्सपेड एभरेस्ट ल्होत्से'ले ७ अप्रिलदेखि १० जुनसम्म ६४ दिन छायांकन गरेको थियो। सन् २०२१ को १ मार्चमा नेपाल आएको क्यानडाको टोलीले 'एभरेस्ट डन' नामक अंग्रेजी फिल्मका लागि ९० दिन बिताएको देखिन्छ। ०७५ मा बनेको 'लाइफ एट दी एक्सट्रिम एभरेस्ट'ले पनि छायांकनका लागि ७५ दिनको अनुमति लिएको देखिन्छ।

विदेशी फिल्मको नेपाल प्रोडक्सन हेरिरहेका लाइन प्रोड्युसर सुरज आचार्य विदेशी सिनेकर्मीहरू सुटिङ गर्न आउँदा 'टिपिकल नेपाल' खोज्ने बताउँछन्। यस्तै, लाइभ लोकेसनहरू विदेशी फिल्मकर्मीहरू मन पराउँछन्। पछिल्लो समय नेपाल आइरहेका विदेशी फिल्मकर्मी जंगल र जनावर खिच्न रुचाउँछन्। बर्दिया र चितवन राष्ट्रिय निकुञ्ज उनीहरूको रोजाइमा परेको छ।

झन् नयाँ

अशोक र पृथ्वीसुब्बा
न सहयोग, न प्रतिस्पर्धा



सम्बन्ध

अशोक र पृथ्वीसुब्बा दुवै विज्ञानका विद्यार्थी हुन्। त्यसैले उनीहरूको विचारमा तथ्यले स्थान पाउँछ। अशोक विचारमा अडान राख्छन्। पृथ्वीसुब्बा व्यावहारिक छन्।

'म्रेस्ता'मा भत्किएको
पुलजस्तो समाज

समाज

● किशोर नेपाल

NIMB
नेपाल इन्भेस्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

गण्डकी र लुम्बिनीमा मन्त्रिपरिषद् विस्तार, मन्त्री विनाविभागीय

गण्डकीमा तीन र लुम्बिनीमा चार सदस्यीय मन्त्रिपरिषद्

पोखरामा **रोहितराज पराजुली**
दाङमा **दीपक बोहरा**

गण्डकी र लुम्बिनीमा नवनियुक्त मुख्यमन्त्रीहरूले मन्त्रिपरिषद् विस्तार गरेका छन्। गण्डकीमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले तीन सदस्यीय मन्त्रिपरिषद् र लुम्बिनीमा मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले चार सदस्यीय मन्त्रिपरिषद् बनाएका छन्।

कांग्रेस-माओवादीसहितको गठबन्धनबाट बिहीबार मात्र मुख्यमन्त्री बनेका पाण्डेले शुक्रबार माओवादीका सुशीला सिम्खडा र कांग्रेसकी सरस्वती अर्याल तिवारीलाई विनाविभागीय मन्त्रीमा नियुक्त गरेका हुन्। लुम्बिनीका मुख्यमन्त्री चौधरीले माओवादीका धनबहादुर मास्की (राजेश), नागरिक उन्मुक्तिका धर्मबहादुर चौधरी र लोसपाका सन्तोष पाण्डेलाई मन्त्री नियुक्त गरेका हुन्। तर, उनीहरूले जिम्मेवारी पाएका छैनन्।

कर्णालीका मुख्यमन्त्रीले १०४ दिनमा तेस्रोपटक विश्वासको मत लिए

पदभार ग्रहण गर्दै मुख्यमन्त्री पाण्डेले सात दिनभित्र मन्त्रिपरिषद्ले पूर्णता पाउने बताए। 'डेढ महिनाभित्र नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्नेछ। हामीसँग धेरै समयको सुविधा छैन,' उनले भने, 'माओवादीसँग सल्लाह गरी छिट्टै मन्त्रिपरिषद्लाई पूर्णता दिन्छौं।'

गण्डकीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगै सात मन्त्रालय छन्। कांग्रेसले मुख्यमन्त्रीसहित चार र माओवादीले तीन मन्त्रालय लिने सहमति करिबकरिब भए पनि कुन मन्त्रालय लिने भन्नेमा सहमति जुटेको छैन।

मुख्यमन्त्री पाण्डेले आगामी आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रम तयार गर्न प्रदेशका प्रमुख सचिवको नेतृत्वमा पाँच सदस्यीय मस्यौदा समिति गठन गरेका छन्।

उता लुम्बिनीका मुख्यमन्त्री चौधरीले आगामी सोमबार विश्वासको मत लिएपछि मात्रै दलहरूबीच मन्त्रालय बाँडफाँट हुने भएको छ। शुक्रबार भालुवाङस्थित मुख्यमन्त्री कार्यालयमा बसेको पहिलो मन्त्रिपरिषद् बैठकले १८ वैशाखमा विश्वासको मत लिने निर्णय गरेको मन्त्री मास्की (राजेश)ले बताए। 'सोमबार विश्वासको मत लिने निर्णय भएको छ,' उनले भने, 'त्यसपछि मात्रै मन्त्रालय बाँडफाँट र भागबन्डा हुन्छ।'

विश्वासको मत लिएसँगै मंगलबार मन्त्रीको बाँडफाँट र मन्त्रालयको भागबन्डा टुंग्याउने तयारी रहेको कांग्रेस सचेतक जन्मजय तिमिल्सिनाले बताए। कांग्रेस, माओवादीसहित आठ दल र एक स्वतन्त्र सांसद गरी ५३ जनाको समर्थनमा चौधरी मुख्यमन्त्री भएका हुन्। समर्थन गर्ने साना दल सबैले मन्त्रालय मागेका छन् भने कांग्रेसले मुख्यमन्त्रीसहित पाँचवटा मन्त्रालय र माओवादी केन्द्रले चारवटा मन्त्रालय माग गरेको छ। एकजना स्वतन्त्र सांसदको पनि मन्त्रालयमै दाबी छ।

संसद्को पहिलो अधिवेशन कानुन निर्माणमा उपलब्धिविहीन

- २५ पुसबाट सुरु भई १५ वैशाखको मध्यरातबाट सकिएको प्रतिनिधिसभा शून्य र विशेष समयमै सीमित
- सभामुख र उपसभामुखको चयन, प्रधानमन्त्रीलाई दुईपटक विश्वासको मत, राष्ट्रपति, उपराष्ट्रपतिको चुनाव, राष्ट्रपतिको सम्बोधन र नयाँ नियमावली बनाउन सफल
- राष्ट्रिय सभाले सातवटा विधेयक पारित गरे पनि कानुनी रूप पाएन, प्रतिनिधिसभाले नौवटा विधेयक विषयगत समितिमा पठायो

कमलराज भट्ट/नयाँ पत्रिका

जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने महत्त्वपूर्ण संस्था संघीय संसद्को हिउँदे अधिवेशन कानुन निर्माणमा उपलब्धिविहीन बनेको छ। २५ पुसदेखि सुरु भएको अधिवेशन एउटा पनि कानुन नबनाई शुक्रबार रातिदेखि अन्त्य भएको हो। अधिवेशन सकिने दिन मात्रै संसदीय समिति बनेका छन्।

४ मंसिरको निर्वाचनमार्फत उदाएका नयाँ शक्तिको उपस्थितिले संसद्तर्फ धेरैको चासो बढ्यो। तर, यसबीचमा संसदीय मामलाका केही विवादित विषय पनि आए। छोटो अवधिमै प्रतिनिधिसभाका तीन क्षेत्रमा उपनिर्वाचन गर्नुपर्ने अवस्था आयो।

करिब चार महिना चलेको अधिवेशनमा प्रतिनिधिसभाले २८ वटा बैठकबाट एउटा विधेयक पनि पारित गर्न सकेन भने १९ वटा बैठक बसेको राष्ट्रिय सभाले सातवटा विधेयक पारित गरे पनि कानुनी रूप पाउन सकेन। शीर्ष नेताको उपस्थिति र मुद्दाहरूको बहसमा सहभागिता अपेक्षाकृत देखिएन।

प्रतिनिधिसभाले आफ्नो अधिकतम समय आकस्मिक, शून्य र विशेष समयमा गुजारेको छ। यसबाहेक प्रतिनिधिसभा आफ्नो पहिलो अधिवेशनमा सभामुख र उपसभामुखको चयन, प्रधानमन्त्रीलाई दुईपटक विश्वासको मत, राष्ट्रपति, उपराष्ट्रपतिको चुनाव, राष्ट्रपतिको सम्बोधन, नयाँ नियमावली निर्माणमै सीमित बन्यो। नियमावली बनाउन मात्रै तीन महिना लाग्यो।

सरकारबाट सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी संशोधन विधेयक र बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक आए पनि प्रतिनिधिसभाले दलीय मतभेदका कारण प्रक्रियामा लगेर निष्कर्षमा पुऱ्याउन सकेन। अन्तिममा १० वटा विषयगत समिति गठन गरेर प्रतिनिधिसभाले यी विधेयकलाई सम्बन्धित समितिमा पठाएको छ।

माथिल्लो सदन राष्ट्रिय सभाले आफ्नो तेह्रौं अधिवेशनलाई कानुन निर्माणमा केन्द्रित गरे पनि परिणाम निस्किन सकेन। राष्ट्रिय सभाले

» पृष्ठ २ मा क्रमशः



फरार सांसद कोइरीको बिदा स्वीकृत भएन

पहिलो अधिवेशनमा पाँच सांसद १० भन्दा बढी बैठकमा लगातार अनुपस्थित भएका छन्। प्रतिनिधिसभा नियमावलीको दफा २१३ मा 'अस्वस्थ वा काबुबाहिरको परिस्थिति परी संविधानको धारा ८९ (घ) बमोजिम लगातार १० वटा बैठकमा अनुपस्थित रहनुपर्ने भएमा सोसम्बन्धी अग्रिम सूचना सभामुखमार्फत सदनलाई दिनुपर्ने' व्यवस्था छ। सूचना सभामुखले सभामा प्रस्तुत गर्ने र सदनले स्वीकृति गर्ने व्यवस्था छ। सभामुख देवराज घिमिरेले शुक्रबारको बैठकमा १० भन्दा बढी बैठकमा अनुपस्थित हुने सांसदको सूचना प्रस्तुत गरेका थिए। संसद् सचिवालयका अनुसार स्वास्थ्य उपचारमा रहेकी कांग्रेसकी मनोरमा शेरचन २९ बैठकमा अनुपस्थित भएकी छिन्। कांग्रेसकै विनाकुमारी थनैत स्वास्थ्योपचारका लागि २६ बैठकमा अनुपस्थित भएकी छिन्। कर्तव्य ज्यान मुद्दामा फरार एमाले सांसद लक्ष्मी महतो कोइरी स्वास्थ्योपचारमा रहेको भन्दै २१ बैठकमा अनुपस्थित भएका छन्। कांग्रेसकै चन्द्रकान्त भण्डारी स्वास्थ्योपचारका लागि मुम्बईमा रहेकाले १८ बैठकमा अनुपस्थित भएका छन्। माओवादीका वर्षमान पुन उपचारका लागि चीनमा रहेकाले २६ बैठकमा अनुपस्थित भएका छन्। सभामुखले १० भन्दा बढी बैठकमा अनुपस्थित सांसदको सूचना प्रस्तुत गर्दा कर्तव्य ज्यान मुद्दामा फरार एमाले सांसद कोइरीको नाम पनि समावेश गरेपछि विवाद भएको थियो। फरारलाई बिरामी भनेर अनुमोदन गर्न खोजेको भन्दै सत्तापक्षबाट रमेश लेखक, रवि लामिछाने र हितराज पाण्डेले विरोध जनाएका थिए। सभामुख घिमिरेले प्रचलित कानुन र नियमअनुसार आधार-प्रमाण खोज्ने र कारबाही गर्ने आश्वासन दिए पनि सूचना अनुमोदन हुन सकेन। साँझ बसेको बैठकमा सभामुख घिमिरेले उनको बिदा भने स्वीकृत गरेनन्। उनले भने, 'लक्ष्मी महतो कोइरीबारे प्रश्न उठेको छ। यसबारे आगामी अधिवेशनमा कानुनबमोजिम हुन्छ।' त्यसअघिको बैठकमा उनले फरार सांसद निलम्बनमा रहने प्रावधान राखेर नयाँ नियमावली बनिसकेपछि पनि कुनै आधिकारिक जानकारी आइनसकेको बताएका थिए। 'नयाँ नियमावली बनेपछि फरार हो है भन्ने स्पष्ट आधार आएको छैन। यसबारेको छानबिन हुने, छलफल हुने, प्रमाण खोज्ने, नियम, नियमावलीअनुसार हुनेछ,' उनले भनेका थिए। तर, सत्तापक्षले नमानेपछि सभामुखले आधा घन्टाका लागि बैठक स्थगित गरेका थिए।



जसको पद गुम्यो

प्रतिनिधिसभाको यो अधिवेशनमा केही सांसदको पद गयो भने केहीको निधन भयो। नागरिकता मुद्दामा चितवन २ बाट निर्वाचित रास्वपा सभापति रवि लामिछानेको सर्वोच्च अदालतको आदेशबाट पद गयो। उनले पुनः निर्वाचित भएर शुक्रबार नै शपथ लिएका छन्। मन्त्री बन्न व्यवसायीसँग पैसाको डिल गरेको अडियो बाहिरिएपछि रास्वपाका सांसद ढाकाकुमार श्रेष्ठ पदमुक्त भए। उनको ठाउँमा हेटौंडाकी विन्दवासिनी कंसाकार सिफारिस भएकी छिन्। यो अधिवेशनमा प्रतिनिधिसभाको सदस्यका रूपमा शपथ लिएका कांग्रेस सांसद टेकबहादुर गुरुङ भ्रष्टाचार मुद्दा खेपिरहेकाले निलम्बनमा परे। तर, कर्तव्य ज्यान मुद्दामा फरार महोत्तरी १ बाट निर्वाचित एमाले सांसद लक्ष्मी महतो कोइरीले प्रधानमन्त्रीलाई विश्वासको मत दिए पनि कारबाही भएन। अदालतले फैसला कार्यान्वयनका लागि प्रहरी प्रशासनलाई ताकेता गरे पनि उनी न पक्राउ परे, न सांसदबाट निलम्बित भए।

धर्नामा महावीर

अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा विकास बजेटको एक प्रतिशत रकम छुट्याउनुपर्ने माग

राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक एवं वैज्ञानिक महावीर पुनले सरकारसमक्ष विभिन्न माग राख्दै आन्दोलन थालेका छन्। उनी शुक्रबारदेखि माइतीघरमा धर्ना बसेका छन्। धर्नाअघि माइतीघरबाट सुरु भएको ज्याली नयाँ बानेश्वरसम्म पुगेको थियो। आन्दोलनमा युवाहरूको साथ छ। अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा विकास बजेटको एक प्रतिशत रकम छुट्याउनुपर्ने र 'अनुसन्धान, नवप्रवर्तन र आविष्कार कोष' बनाउनुपर्नेसहित चार माग राखेर उनले धर्ना सुरु गरेका हुन्। अर्थतन्त्र सुधार गरी युवा जनशक्ति विदेश पलायन हुनबाट रोक्न सरकारले सहज वातावरण सिर्जना गर्नुपर्ने उनको माग छ।

पुनले नेपालका प्रतिभाशाली विद्यार्थी तथा भावी सन्ततिका लागि आन्दोलन गर्नुपरेको बताए। आविष्कार गर्ने, नयाँ प्रवर्द्धन गर्ने काम गर्न नसके मुलुकको अर्थतन्त्रलाई सुधार गर्न नसकिने र अर्थतन्त्र सुधार नभए नेपाली युवा विदेश जान बाध्य हुने उनले बताए। सरकारले विकास बजेटको कम्तीमा एक प्रतिशत यस क्षेत्रमा छुट्याउनुपर्ने र अनुसन्धान, नवप्रवर्तन र आविष्कार प्रवर्द्धन, सञ्चालन तथा खरिद ऐन' बनाउनुपर्ने उनको भनाइ छ।



माइतीघरमा महावीर पुन र उनका समर्थक। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

निरा हत्याको अनुसन्धान गर्न उच्चस्तरीय समिति

काठमाडौं/ अनुसन्धान पेचिलो बन्दै गएपछि कपनकी निरा आचार्य पाण्डे हत्याको छानबिन गर्न प्रहरीले उच्चस्तरीय अनुसन्धान समिति गठन गरेको छ। केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)की प्रमुख एआइजी किरण बज्राचार्यको नेतृत्वमा शुक्रबार प्रहरीले ११ सदस्यीय समिति गठन गरेको हो।

७ वैशाखमा कपनको सरस्वतीनगरस्थित आफ्नै पसलमा रहेका वेला आचार्यको धारिलो हतियार प्रयोग गरी हत्या भएको थियो। एक साता पुग्दा पनि अनुसन्धानमा प्रगति भएको छैन। मृतकका आफन्त तथा छिमेकीहरूले अपराधी पत्ता लगाउन सडकमा दबाब दिइरहेका छन् भने संसद्मा समेत सोही घटनालाई लिएर शान्तिसुरक्षाको विषयमा प्रश्न उठेपछि प्रहरीले उच्चस्तरीय समिति नै गठन गरेको हो। समितिमा सिआइबीका साथै जिल्ला परिसर काठमाडौं, उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी अधिकारी छन्। 'हत्याको तत्काल कुनै सुराक पाउन सकिएन, अनुसन्धान अब प्राविधिकतर्फ केन्द्रित भयो,' एक प्रहरी अधिकारीले भने, 'संसद्मा समेत कुरा उठेपछि समिति बनेको हो।' सोधपुछका क्रममा हत्याको कारण खुल्न नसकेपछि प्रहरीले प्राविधिक बाटोबाट अनुसन्धान अघि बढाइरहेको छ।

आचार्यले सरस्वतीनगरमा 'निरू किचन' नामक पसल चलाउँदै आएकी थिइन्। सोही पसलको काउन्टरमा उनको शव भेटिएको थियो। शरीरका विभिन्न भागमा चक्कुले रोपिएको थियो। दिउँसोको समय त्यसरी क्रूर हत्या हुँदा पनि छिमेकी कसैले थाहा नपाउनुले र अभियुक्त सहजै भाग्दा पनि कसैले नदेख्नुले घटना रमस्यमय बनेको हो। पसलबाट कुनै सामान चोरी नभएकाले लुटपाटभन्दा पनि रिसिबीको कारण हत्या भएको आकलन गरिए पनि प्रहरीले त्यसको कुनै 'क्लु' पाउन सकेको छैन।

संसद्को...

पृष्ठ १ बाट क्रमशः

अनुगमन तथा मूल्यांकन विधेयक, अखिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक, सुरक्षण मुद्रणसम्बन्धी विधेयक, भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक पारित गरेर सन्देशसहित प्रतिनिधिसभामा पठाएको थियो।

राष्ट्रिय सभाबाट आएका यी विधेयकलाई प्रतिनिधिसभाले प्रक्रियामा नलैजाँदा कानुनी रूप धारण गर्न सकेन। संशोधन हाल्ने प्रक्रियामा रहेको भ्रष्टाचार निवारणसम्बन्धी विधेयकबाहेक ६ वटा विधेयकलाई दफावार छलफलका लागि प्रतिनिधिसभाले सम्बन्धित समितिमा पठाएको छ।

सातवटा विधेयकलाई टुंग्याएर पठाएको राष्ट्रिय सभाबाट सरकारले प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक फिर्ता गरेको छ। समितिको प्रतिवेदनसहित अध्यागमन विधेयक र विद्युत् विधेयक विचाराधीन छ। कोभिड-१९ संकट व्यवस्थापन विधेयक, नेपाल विश्वविद्यालय विधेयक र राष्ट्रिय मर्यादासम्बन्धी विधेयक दफावार छलफलका लागि समितिमा छन्।

एमाले सांसद रघुजी पन्तले समग्रमा अधिवेशन उपलब्धिमूलक हुन नसकेको र यसका लागि सरकार जिम्मेवार रहेको बताए। 'सरकार सदनप्रति उत्तरदायी भएन, बिजनेस दिएन। समयमै समिति गठन नहुँदा कानुन निर्माण हुन सकेन। विभिन्न उद्घाटन गर्न भ्याउने प्रधानमन्त्रीले संसद्लाई समय दिएनन्, गैरजिम्मेवार व्यवहार गरे। यसले संसद् प्रभावकारी हुन सकेन,' उनले भने, 'शीर्ष नेताको पनि उपस्थिति रहेन। यद्यपि, प्रतिपक्षीको हैसियतमा हामीले मुलुक र जनताको पक्षमा आवाज उठायौं, यसैमा सन्तुष्ट छौं।'

कांग्रेस सांसद प्रदीप पौडेलले संसद् अपेक्षाअनुरूप चल्न नसको बताए। 'सरकारले स्पष्ट समयावधि निर्धारण गरेर बिजनेस दिएन, सांसदले पनि पर्याप्त दबाब पुऱ्याउन सकेनौं। पुराना कानुन संशोधन र नयाँ कानुन ल्याउन हामीले असाध्यै धेरै काम गर्नुपर्ने थियो, त्यो हुन सकेन,' उनले भने, 'सुशासनको पक्षमा, सरकारलाई ठीक ढंगमा हिँडाउने कुरामा कमजोरी देखिन्छ।'

माओवादी सांसद माधव सापकोटाले मार्गदर्शन दिने गरी सदनमा रचनात्मक बहस हुन नसकेको बताए। 'संसद् परम्परावादी ढंगले चलेको छ। एउटाले क्रिया दिने, अर्कोले प्रतिक्रिया, आरोप, खण्डनजस्तो मात्रै भयो। पुराना कुरामै अल्मलियौं। नयाँ ढंगले जान्छौं भन्ने मार्गदर्शन दिने गरी सदनमा रचनात्मक बहस हुनुपर्ने कुराको कमी भयो,' उनले भने, 'बिरालो बाँधेर श्राद्ध गरेजस्तो मात्रै भयो। अलि गति दिने र नयाँ कम्पन पैदा गर्ने गरी यो अधिवेशन हुन सकेन। संसद्लाई गतिशील र जीवन्त बनाउन सभामुखको नेतृत्वदायी भूमिका हुन सकेन, थप पहल लिनुपर्छ।'

रास्वपा सांसद सुमना श्रेष्ठले अधिवेशनको सही सदुपयोग नभएको बताइन्। 'समग्रमा यो अधिवेशनको काम गर्ने समयको सदुपयोग भएन। जुन तहको परिणाम आउनुपर्थ्यो, त्यो आएन। सांसदले उठाएका तमाम प्रश्नको सम्बोधन भएन,' उनले भनिन्, 'कार्यतालिका बनाएर काम गरेको भए अपेक्षित परिणाम आउँथ्यो। अब बजेट अधिवेशनलाई सशक्त बनाउन पारदर्शी र व्यवस्थापन मिलाएर काम गर्नुपर्छ।'

जनमत पार्टीका अध्यक्ष एवं सांसद् सिके राउतले संसद् कर्मकाण्डी भएको बताए। 'संसद् ज्यादा कर्मकाण्डी भयो, परिणामउन्मुख भएन। त्यहाँ आवाज उठाउँदा कुनै कुरा पनि समाधान भएको देखिएन। समग्रमा परिणाममूलक रहेन,' उनले भने, 'सरकार सदनप्रति जिम्मेवार भएन। मन्त्रीहरूले कर्मकाण्डी जवाफ दिए। सदनमा पार्टीगत व्यवस्था हाबी भयो। प्रक्रिया मात्रै पुऱ्याउने थलोका रूपमा संसद् भयो।'

कर्णालीका मुख्यमन्त्रीले १०४ दिनमा तेस्रोपटक विश्वासको मत लिए

कर्णालीका मुख्यमन्त्री राजकुमार शर्माले एक सय चार दिनमा तीनपटक विश्वासको मत लिएका छन्। २७ पुसमा मुख्यमन्त्री नियुक्त भएका शर्माले पहिलोपटक ६ माघ, दोस्रोपटक १७ चैत र तेस्रोपटक १५ वैशाखमा विश्वासको मत लिएका हुन्।तत्कालीन एमाले-माओवादी गठबन्धनबाट मुख्यमन्त्री बनेका माओवादी नेता शर्मालाई पहिलोपटक ६ माघमा एमालेका १०, माओवादीका १३, एकीकृत समाजवादी, राप्रपा र स्वतन्त्रका एक-एक सांसदले विश्वासको मत दिएका थिए। केन्द्रको गठबन्धन परिवर्तन हुँदा पनि कर्णालीमा एमालेले समर्थन फिर्ता लिएको थिएन। पुनः दोस्रोपटक १७ चैतमा मुख्यमन्त्री शर्माले विश्वासको मत लिँदा राप्रपाका सांसदबाहेक सबैले विश्वासको मत दिएका थिए।

नवलपरासी जिल्ला अदालतबाट मिति २०७४/८/१३ गते रोज ४ प्रमाणित गरिएको अधिकृत वारेसनामा बदर गरिएको सूचना :

अधिकृत वारेसनामा दिने सृजना जोशी अधिकृत वारेसनामा लिने अचल कुमार जोशीलाई म अधिकृत वारेसनामा दिने सृजना जोशीको नाउँमा दर्ता रहेको जि. नवलपरासी त्रिवेणीसुस्ता गा.वि.स. वडा नं. ३ कि.नं. ७२ को क्षेत्रफल १८.७० व.मि ऐ. ऐ. को कि.नं. ७७ को क्षेत्रफल ३३८.७३ व.मि. र ऐ. ऐ. को कि.नं. २९ को क्षेत्रफल ५५०.५० व.मि. जग्गालाई मुलुकी ऐन, अ.वं. १७१ख नं. र रजिष्ट्रेशनको ११क न बमोजिम जुनसुकै व्यक्तिलाई, जुनसुकै मुल्यमा हक छाडी बेचविखन समेत गर्नको लागि नवलपरासी जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री माधव प्रसाद मैनाली ज्युको रोहबरमा प्रमाणित गरी मिति २०७४/८/१३ गते अधिकृत वारेसनामा मुकरर गरेकोमा उक्त अधिकृत वारेसनामालाई मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५५(ग) बमोजिम बदर गरी दिएकोले यो सूचना सर्वसाधारण व्यक्तिहरुको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ।

बासेश्वर मंगला बचत तथा ऋण सहकारी संस्था लि.

बिजुलिबजार, काठमाडौं

१३औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस बासेश्वर मंगला बचत तथा ऋण सहकारी संस्था लि.को १३औं साधारणसभा निम्न लिखित मिति र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कार्यक्रम

मिति : २०८०/०२/०६ गते शनिबार

स्थान : बिजुलिबजार, काठमाडौं

प्रस्तावहरू

१. अध्यक्षज्यूको तर्फबाट वार्षिक प्रतिवेदन पारित गर्ने
२. लेखा परिक्षण प्रतिवेदन पारित गर्ने।
३. आर्थिक वर्ष ०७९/८० को लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमीक निर्धारण गर्ने।

कम्पनी सचिव

लडाकुलाई राहत वितरणको निर्णय पुरानै, कार्यविधि अहिले

दलहरू सरकारमा हुँदा तयार, विपक्षीमा बस्दा विरोध

नयाँ पत्रिका

अनमिनद्वारा अयोग्य ठहऱ्याएका लडाकुलाई राहत दिने विषय फेरि विवादमा तानिएको छ। सरकारले अयोग्य लडाकुलाई दुई-दुई लाख वितरण गर्ने गरी कार्यविधि बनाएपछि दलहरू यसको पक्ष-विपक्षमा देखिएका छन्। लडाकुलाई राहत वितरण मुद्दामा सरकारमा हुँदा र विपक्षीमा रहँदा एमालेको भूमिका दोहोरो देखिएको छ। माओवादीले गणतन्त्रका लागि लडेका योद्धालाई सम्मान गर्नु जायज भएको बताएको छ। सर्वोच्चको फैसलाअनुसार कानुन बनाएर राहत वितरण गर्न सकिनेछ।

शुक्रबार संसद् बैठकमा लडाकुलाई राहत वितरण गर्ने मुद्दाले प्रवेश पाएको छ। एमालेले अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने सरकारको निर्णय खारेज गर्न माग गरेको छ। एमाले प्रमुख सचेतक पदम गिरीले मुलुकको आर्थिक अवस्था असहज भएको अवस्थामा राज्यकोषको दोहन हुने गरी रकम दिने निर्णय सच्चाउन माग गरेका छन्। 'कार्यविधि बनाएर पैसा बाँडिँदै छ भन्ने सुनिएको छ,' उनले भने।

माओवादी सांसद माधव सापकोटाले अयोग्य लडाकुलाई दुई लाख रुपैयाँ दिने कुरा विष्णु पौडेल अर्थमन्त्री हुँदाको बजेट वक्तव्यमै व्यवस्था भएको भन्दै बचाउ गरे। विष्णु पौडेल अर्थमन्त्री रहेको समयमा आर्थिक वर्ष ०७३/७४ को बजेट वक्तव्यमा व्यवस्था भएको विषयलाई नै वर्तमान सरकारले कार्यविधि बनाएर अघि बढाउन खोजेको हो,' उनले भने।

कांग्रेस सांसद प्रदीप पौडेलले राहत दिने निर्णयबारे संसद्लाई तत्काल जानकारी गराउन सरकारसँग माग गरे। 'अयोग्य लडाकुलाई दुई-दुई लाख रुपैयाँ निर्णय भएको भन्ने कुरा विभिन्न माध्ययमबाट बाहिर आइरहेको छ,' उनले भने, 'यो विषयमा के भएको हो, यथार्थ जानकारी सदनलाई गराइयोस्।'

एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री र विष्णु पौडेल अर्थमन्त्री हुँदा आर्थिक वर्ष ०७३/७४ को बजेटमा लडाकुलाई रकम वितरण गर्ने व्यवस्था थियो। बजेटमा अयोग्य लडाकु स्वेच्छिक अवकाशमा गएका लडाकुमध्ये राहत लिन बाँकीमध्येलाई दुई लाख दिन ८४ करोड रकम विनियोजन गरिएको थियो।

बजेट वक्तव्यको बुँदा १९ मा थियो, 'द्वन्द्वकालका अयोग्य लडाकुलाई र स्वेच्छिक अवकाशमा गएका लडाकुमध्ये राहत लिन बाँकीलाई दुई लाख रुपैयाँ उपलब्ध गराउन बजेटको व्यवस्था गरिएको छ।' तर, यस विषयलाई लिएर सर्वोच्च अदालतमा रिट परेको थियो। रिटमाथि सर्वोच्चले अल्पकालीन अन्तरिम आदेश दिँदै रोक लगाएको थियो। तर, सर्वोच्चले १ फागुन ०७८ मा लडाकुलाई दुई लाख रुपैयाँ दिने सरकारको निर्णय कानुनविपरीत नभएको फैसला गऱ्यो। त्यसपछि अयोग्य लडाकुलाई राहत रकमको बाटो खुला भएको थियो।

यसैका आधारमा सरकारले आर्थिक वर्ष ०७९/८० को बजेटमा शान्ति प्रक्रियाका बाँकी कामका लागि भनेर एक अर्ब ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। सोही रकम अयोग्य लडाकुको राहतमा खर्च गरिनेछ। राहत रकम लिन अर्थले गत २ चैतमै स्वीकृति जनाइसकेको छ।

सर्वोच्चको आदेशका आधारमा ६ वैशाखमा मन्त्रिपरिषद् बैठकले गृह मन्त्रालयमार्फत रकम वितरण प्रक्रिया अघि बढाउन निर्णय गरेको थियो। मन्त्रिपरिषद् निर्णयका आधारमा गृहले 'सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७९' जारी गरेको थियो।

अर्थमन्त्री डा. प्रकाशशरण महतले सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई राज्यकोषबाट रकम बाँड्ने विषयबारे आफू जानकार नरहेको र अर्थ मन्त्रालयबाट हालसम्म यसबारे कुनै निर्णय नभएको बताएका छन्। राष्ट्रिय युवा संघको ज्ञापनपत्र बुझ्दै अर्थमन्त्री महतले अयोग्य लडाकु व्यवस्थापनको विषय चालू आर्थिक वर्षको बजेटमा राखिएको भए पनि त्यसबारे अर्थ मन्त्रालयबाट कुनै निर्णय नभएको बताए। 'अयोग्य लडाकुका विषय अदालतमा पुग्यो। बजेटमा पनि रहेछ। म अर्थमन्त्री भएपछि कुनै निर्णय भएको छैन,' उनले भने, 'बजेटको व्यवस्थाअनुसार कार्यविधि गृह मन्त्रालयले अघि बढाएको हुनुपर्छ। म आइसकेपछि कुनै निर्णयमा संलग्न छैन।'

कार्यविधिअनुसार पहिलो चरणमा अयोग्य लडाकु पहिचान गरिनेछ। लडाकु पहिचान गर्ने जिम्मा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई हुनेछ। प्रशासनले पहिचान भएका लडाकुको विवरण गृह मन्त्रालयमा पठाउनेछ। सोही विवरणअनुसार सम्बन्धित जिल्ला प्रशासन कार्यालयले आयोग्य रकम उपलब्ध गराउनेछ।

'गृह मन्त्रालयले अनमिनको प्रतिवेदनमा उल्लेख भएका लडाकुको नाम, उपनाम तथा अन्य विवरण र बहिर्गमित जनमुक्ति सेना नेपालले उपलब्ध गराएको लडाकुको विवरणलाई संयुक्त रूपमा जिल्लाअनुसार छुट्याई तत्तत् जिल्ला प्रशासन कार्यालय पठाउनेछ। र, पछिसम्म फरक नपर्ने गरी पहिचान भएका लडाकुको विवरण अनुसूची २ अनुसारको सिफारिस गृह मन्त्रालयमा पठाउनेछ,' कार्यविधिको परिच्छेद ३ को बुँदा ३ को उपबुँदा १ मा छ।

गृह मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेतका अनुसार सोही कार्यविधिअनुसार लडाकु पहिचान गर्ने र उनीहरूको बैंक खातामार्फत राहत रकम उपलब्ध गराउन लागिएको छ। कार्यविधिअनुसार आयोग्य लडाकु पहिचानको आधार अनमिनले तयार गरेको प्रतिवेदनलाई मानिनेछ। जिल्ला प्रशासन कार्यालयले सोही विवरणका आधारमा लडाकु पहिचान गर्नेछ। यसका लागि गृहले लडाकुसहित सहभागी कार्यदल गठन गर्ने कार्यविधिमा उल्लेख छ। यसरी प्रमाणित भएको विवरण प्रशासनले गृह पठाउनेछ।

गृहले प्राप्त विवरण अर्थ मन्त्रालय पठाउनेछ। अर्थले स्वीकृत गरेलगत्तै रकम निकासा गर्नेछ। निकासा भएको रकम गृह मन्त्रालयमार्फत सम्बन्धित जिल्लामा पठाइनेछ र रकम वितरण सुरु हुनेछ। कार्यविधिमा लडाकुको मृत्यु भएमा राहत रकम उनका परिवारका सदस्यलाई दिइनेछ। विदेशमा रहेका लडाकुले भने नेपाल फर्किएका वेला राहत रकम लिन सक्ने व्यवस्था गरेको छ। त्यसअघि डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले ५ कात्तिक ०६९ मा अयोग्य लडाकुलाई दुई लाखका दरले रकम वितरण गर्ने निर्णय गरेको थियो। यसविरुद्ध पनि सर्वोच्चमा रिट परेपछि रकम वितरण रोकिएको थियो।

सुटिङ हब...

पृष्ठ १ बाट क्रमशः

जापान, नेदरल्यान्ड, डेनमार्क, स्विडेन, जापान, साउथ अफ्रिकालगायत देशबाट फिल्म छायांकनका लागि टिम आइरहेको बोर्डले जनाएको छ। उनीहरूले हिन्दी, अंग्रेजी, जापानी, डच, फ्रेन्चलगायतका भाषामा फिल्म बनाइरहेका छन्।

छायांकनका लागि आउने अधिकांश टोली कम्तीमा ३० देखि ३५ दिन नेपाल बस्ने गरेको बोर्डको तथ्यांक छ। चालू आवमा फ्रान्समा बनेको हिन्दी फिल्म 'द सेमलेस' छायांकनका क्रममा सबैभन्दा बढी ८ फेब्रुअरीदेखि १० अप्रिलसम्म ६२ दिन नेपाल बसेको थियो।

तीन दिनअघि मात्रै बलिउडका चर्चित निर्देशक अनुभव सिन्हाको 'फिफ' नामक वेभ सिरिजको नेपालमा सुटिङ सकिएको छ। बोर्डबाट ९ देखि २८ अप्रिलसम्म १९ दिनको छायांकन अनुमति लिएको यो सिरिजको ठमेल, पनौती, त्रिभुवन विमानस्थल, पोखरालगायतका क्षेत्रमा सुटिङ गरिएको छ। भारतीय अभिनेता अरविन्द स्वामीसँगै यो सिरिजमा नेपाली अभिनेता माओत्से गुरुङसहित थुप्रै नेपाली थियटर कलाकारहरूले पनि अभिनय गरेको नेपाल छायांकनको व्यवस्थापन जिम्मा लिएका लाइन प्रोड्युसर सुरज आचार्यले बताए।

आर्थिक वर्ष ०७८/७९ मा नेपालमा २६ विदेशी फिल्म छायांकन भएका थिए। जसमध्ये चर्चित बलिउड कलाकारहरू अमिताभ बच्चन, अनुपम खेर, बोमन इरानी, डेनी डेनजोङ्पा, परिणति चोपडालगायतले अभिनय गरेको 'उचाइ' पनि हो। सुरज बडजात्यको निर्देशनमा मित्रताको कथामाथि बनेको यो फिल्म २६ डिसेम्बरदेखि २ नोभेम्बरसम्म ३७ दिन नेपालमा सुटिङ भएको थियो। काठमाडौंका स्वयम्भू, विमानस्थल, हायात होटेलसहित मनाङ, लुक्ला, नाम्चेलगायतका स्थानमा छायांकन गरिएको थियो। यो सिनेमाबाटै बलिउड कलाकारहरू अनुपम, बोमन र परिणतिले पहिलोपटक नेपाली भूमिमा अभिनय गरेका थिए।

सन् २०२२ को ११ नोभेम्बरमा 'उचाइ' रिलिज भएपछि नेपालमा सुटिङ हुने विदेशी फिल्मको संख्या बढिरहेको नेपाल लाइन प्रोड्युसर सुरज आचार्यले बताए। बोर्डको तथ्यांकले पनि त्यस्तै देखाउँछ। आव ०७८/७९ भन्दा यो वर्ष नेपालमा विदेशी फिल्म छायांकनको संख्या दोब्बर देखिन्छ। यो वर्ष ४५ फिल्म सुटिङ भइसकेका छन्। आर्थिक वर्ष सकिन अझै तीन महिना बाँकी रहेकाले त्यतिन्जेल यो संख्या अझै बढ्ने अपेक्षा छ।

आव ०७७/७८ मा भने १३ विदेशी फिल्म मात्रै छायांकन भए। कोभिड महामारीका कारण यो वर्ष नेपालमा फिल्म निर्माण ठप्पजस्तै थियो। सुटिङ गर्न आउँदा भन्सारबाट उपकरण आयात गराउन चलचित्र विकास बोर्डमा सिफारिस लिन आउने विदेशी चलचित्रको तथ्यांक हेर्दा आव ०७६/७७ मा ५५ विदेशी सिनेमा सुटिङ भएका छन्। त्यस्तै, आव ०७५/७६ मा त्योभन्दा बढी ६९ विदेशी फिल्म सुटिङ भए। त्यही वर्ष हिन्दी फिल्म 'सुकुन्तला' ३२ दिन नेपालमा सुटिङ भएको थियो भने स्विडेनको 'दि एक्सपेडिसन'ले १९ दिनको छायांकन अनुमति लिएको थियो। हिन्दी फिल्म 'सुप्रवत' भने सबैभन्दा बढी ६२ दिनसम्म नेपालमा सुटिङ गरिएको थियो। आव ०७४/७५ मा भने ५३ विदेशी फिल्म नेपालमा सुटिङ भएको सरकारी तथ्यांक छ।

नेपालमा विदेशी चलचित्र छायांकन गर्नुअघि सञ्चार मन्त्रालयअन्तर्गतको श्रव्यदृश्य तथा प्रसारण शाखाबाट निर्माण इजाजत लिनुपर्छ। इजाजत लिने क्रममा चलचित्रको कथासार, छायांकन टोलीको सदस्यको व्यक्तिगत विवरण र पासपोर्टको फोटोकपी, सिनेमाका लागि आयात गरिने उपकरणको मूल्यसहितको विवरण निवेदनसँगै दिनुपर्छ। त्यस्तै, छायांकन तालिका र छायांकन गरिने स्थलको आधारमा सम्बन्धित निकायको सहमतिपत्रसमेत मन्त्रालयमा बुझाउनुपर्छ। विदेशी सिनेमा निर्माण इजाजतका लागि मन्त्रालयले १५ हजार रुपैयाँ शुल्क तोकेको छ।

इजाजत लिएपछि छायांकनका लागि आवश्यक क्यामेरालगायतका उपकरणहरू भित्र्याउन चलचित्र विकास बोर्डसँग उपकरण आयात सिफारिस लिनुपर्छ। सम्बन्धित भन्सार कार्यालयले उक्त सिफारिसका आधारमा मात्रै उपकरण आयात गर्न दिन्छ। निर्माण इजाजत लिएपछि सञ्चार मन्त्रालयले छायांकन अवलोकन र समन्वयका लागि एकजना सम्पर्क अधिकृतसमेत खटाउने गर्छ। जसको खाने, बस्नेसहित सम्पूर्ण खर्च फिल्म युनिटले नै व्यहोर्नुपर्छ। त्यस्तै, सम्पदा, राष्ट्रिय निकुञ्जजस्ता महत्त्वपूर्ण लोकेसनमा छायांकन गर्दा छुट्टै रकम तिर्नुपर्छ।

विदेशी सिनेकर्मीले नेपालमा कस्तो लोकेसन खोज्छन् ?

विदेशी फिल्मको नेपाल प्रोडक्सन हेरिरहेका लाइन प्रोड्युसर सुरज आचार्य विदेशी सिनेकर्मीहरू सुटिङ गर्न आउँदा 'टिपिकल नेपाल' खोज्ने बताउँछन्। 'पोखराको लेकसाइड, दरबारमार्गजस्ता ठाउँहरू त जुनसुकै देशमा पनि भेटिन्छ,' उनी भन्छन्, 'तर, हामीकहाँ तराईका सहरहरूबाट हिमाल देखिन्छन्। यो विविधता कमै देशमा पाइन्छ। आठ हजार मिटरमाथिका अग्लाहरू हिमाल हामीसँग प्रशस्तै छन्। यस्तै, लाइभ लोकेसनहरू विदेशी फिल्मकर्मीहरू मन पराउँछन्।'

पछिल्लो समय नेपाल आइरहेका विदेशी फिल्मकर्मी जंगल र जनावर खिच्न रुचाउँछन्। बर्दिया र चितवन राष्ट्रिय निकुञ्ज उनीहरूको रोजाइमा परेको छ। कारण हो- सहजता र सुलभता। 'अहिले भारत सरकारको कडाइका कारण त्यहाँ जंगल र हात्ती खिच्न सकस हुने गरेको छ,' आचार्यले भने, 'त्यहाँ बढी कर लाग्छ। त्यही भएर उनीहरू बर्दिया र चितवन राष्ट्रिय निकुञ्ज आइरहेका छन्। अझ नेपाल सरकारले सार्क देशहरूलाई अरू देशको तुलनामा सस्तो पनि गरेको छ। अरूलाई १५ सय डलर लाग्छ भने सार्क देशहरूले ५० हजार नेपाली रुपैयाँमै यहाँका निकुञ्जमा सुटिङ गर्न सक्छन्।'



विदेशीको आकर्षणले नेपाल सुटिङका लागि सम्भावनाको भूमि हो भन्ने देखाएको छ



नेत्रप्रसाद सुवेदी
प्रवक्ता, सञ्चार मन्त्रालय
अध्यक्ष, चलचित्र सेन्सर बोर्ड

नेपालको प्राकृतिक सौन्दर्य, अग्ला हिमाल, सांस्कृतिक स्थल र ऐतिहासिक सम्पदाका कारण पछिल्लो समय यहाँ फिल्म खिच्नका लागि अनुमति लिने विदेशी सिनेकर्मीको संख्या बढेको छ। यसले नेपाल सुटिङका लागि सम्भावनाको भूमि हो भन्ने देखाएको छ। चलचित्र विकास बोर्डमार्फत दोलखामा सुटिङ स्टुडियो बनाउन जग्गा प्राप्तिलगायत काम पनि अघि बढेका छन्। प्रदेशहरूले पनि यसले सहयोग गर्छौं भनेर रुचि देखाएका छन्। हिमाली दृश्य भएको ठाउँमा स्टुडियो भयो भने त्यसको फाइदा लिन सकिन्छ भनेर पनि विदेशीहरू आउँछन् भन्ने अपेक्षाले दोलखामा फिल्म सिटी बनाउन खोजिएको हो।

पछिल्ला ६ वर्ष नेपालमा सुटिङ भएका विदेशी सिनेमा हेर्दा काठमाडौं उपत्यका, पोखरा, चितवन, खुम्बु क्षेत्र, एभरेस्ट क्षेत्र, मनाङ, मुस्ताङलगायत हिमाली भूभागमा धेरैजसो सुटिङ हुने गरेको पाइन्छ।

नेपालमा ३० भन्दा बढी विदेशी फिल्मको सुटिङ गराइसकेको अन्तर्राष्ट्रिय फिल्म प्रोडक्सन कम्पनी लोकेसन नेपालका प्रोड्युसर सबिन बस्नेत पनि सहरी क्षेत्रमा काठमाडौं र पोखराबाहेक धेरैजसो विदेशी फिल्म हिमाली क्षेत्रमै सुटिङ भइरहेको बताउँछन्। 'नेपालमा सुटिङ गर्न चाहने विदेशी फिल्ममेकरहरू सुरुमा हामीलाई स्क्रिप्ट पठाउँछन्,' उनले भने, 'स्क्रिप्टको आवश्यकताअनुसार हामी उनीहरूलाई सम्भावित लोकेसनहरू पठाउँछौं। त्यसपछि उनीहरू लोकेसन हेर्न आउँछन् र फिल्म छायांकनको प्रक्रिया अघि बढ्छ। अहिले धेरैजसो विदेशी डकुमेन्ट्री फिल्महरू हिमाली भूभागमै बनिरहेका छन्।'

यी हुन् नेपालमा सुटिङ भएका केही ठूला सिनेमा

केही वर्षयता नेपालमा ठुल्ठूला ब्यानरका हलिउड र बलिउडका सिनेमा सुटिङ हुने क्रम बढेको छ। यद्यपि, सन् १९७० को दशकदेखि नै नेपालमा फाट्टफुट्ट विदेशी सिनेमाको छायांकन हुने गरेको देखिन्छ।

सन् १९७२ मा भारतीय अभिनेता देवानन्दको फिल्म 'हरे राम हरे कृष्ण'को छायांकन काठमाडौंमै भएको थियो। त्यस्तै, सन् १९८३ मा अमिताभ बच्चन अभिनीत फिल्म 'महान्'को छायांकन पनि काठमाडौं, ललितपुर र भक्तपुरमा भएको थियो।

त्यस्तै, आठ वर्षअघि चर्चित सुपरहिरो फिल्म 'डक्टर स्ट्रेन्ज'को काठमाडौं उपत्यकाभित्रका न्युरोड, पाटन, ठमेल, असन, स्वयम्भूलगायतका स्थानमा करिब एक हप्ता सुटिङ भएको थियो। यो फिल्मको सुटिङका लागि लोकप्रिय हलिउड अभिनेता बेनेडिक्ट कम्बरब्याच नेपाल आएका थिए। त्यतिवेला उनीसँगै ओस्कार विजेता फिल्म 'दुवेल्भ इयर्स अ स्लेभ'का अभिनेता चिउटेल इजिफोर पनि छायांकनमा उपस्थित थिए।

०७० सालमा हलिउडको अर्को ठूलो फिल्म 'एभरेस्ट'को सुटिङ पनि नेपालमै भएको थियो। सन् १९८६ मा सगरमाथा आरोहणका क्रममा निधन भएका आरोहीको कथामा वाल्टसमर कोर्माकुरले निर्देशन गरेको यो फिल्मको सुटिङकै लागि हलिउडका लोकप्रिय कलाकारहरू जोस बर्लिन, ज्यासन क्लार्कलगायत नेपाल आएका थिए। त्यतिवेला नेपाली कलाकार विजय लामासहित केही शेर्पाले फिल्ममा अभिनय पनि गरेका छन्। यो फिल्म काठमाडौंमा केही भाग र सगरमाथा आधार शिविरमा सुटिङ गरिएको थियो। सन् २०१५ मा रिलिज भएको यो फिल्मले बक्स अफिसमा पनि राम्रै कमाइ गर्न सफल भयो। ५५ मिलियन डलरमा बनेको यो फिल्मले दुई सय तीन मिलियन अमेरिकी डलर कमाएको बक्स अफिसको रिपोर्ट छ। त्यस्तै, बलिउड स्टार अक्षयकुमार अभिनीत फिल्म 'बेबी' पनि काठमाडौं उपत्यकामा छायांकन भएको थियो। भारतीय जासुसीको कथामा आधारित यो फिल्ममा भक्तपुर दरबार क्षेत्रदेखि हायात होटेलसम्मका दृश्य देख्न सकिन्छ। यो फिल्म सन् २०१५ को जनवरी २३ मा विश्वभर रिलिज भएको थियो।

दक्षिण भारतीय सिनेस्टार विक्रम अभिनीत 'दश गिन्ने से पहले'को सुटिङ पनि नेपालमै भएको थियो। यो फिल्म काठमाडौं उपत्यकाभित्र भक्तपुर, भैंसेपाटी, स्वयम्भू, मुडेलगायत क्षेत्रमा करिब तीन साता लगाएर सुटिङ भएको थियो। भारतबाट करिब एक सय कलाकार र प्राविधिक आएका थिए। नेपाली अभिनेता सुनिल थापाले समेत यो फिल्ममा अभिनय गरेका छन्।

त्यस्तै, अंग्रेजी फिल्महरू 'सोल्ड', 'हाइवे टु धम्पुस', 'लर्ड बुद्ध' र 'अ नाइट ट्रेन टु काठमाडौं', 'द गोल्डन चाइल्ड', 'बराक', 'सेभेन एअर्स इन तिब्बत', 'द फल', 'वियोन्ड दी एज'लगायतको सुटिङ पनि नेपालमै भएको छ। देवानन्दको 'हरे राम हरे कृष्ण', अमिताभ बच्चनको 'खुदा गवाह' र 'महान्', अनिल कपुरको 'युद्ध' र गोविन्दाका 'घरवाली बाहरवाली' र 'एक हसिना एक दिवाना'लगायतका चर्चित हिन्दी फिल्म पनि नेपालमा खिचिएका थिए। त्यस्तै, सगरमाथा आरोही एडमन्ड हिलारीको जीवनीमा आधारित न्युजिल्यान्डको एउटा टेलिभिजन ड्रामा 'हिलारी'को छायांकन पनि नेपालमै भएको हो।

राज्यको नीतिले प्रोत्साहित होइन, दुःखी भएर फर्किन्छन्

नेपालमा फिल्म सुटिङका लागि आउने करिब ७० प्रतिशत विदेशी घर फर्किँदा भने पूर्ण सन्तुष्ट नहुने गरेको जानकारहरू बताउँछन्। प्राविधिक कठिनाइ र फिल्म मेकिङ नबुझेकाहरूले प्रोडक्सनको जिम्मा लिने गरेकाले पनि नकारात्मक प्रभाव परिरहेको उनीहरूको विश्लेषण छ।

सञ्चार मन्त्रालयको तथ्यांक हेर्दा नेपालमा हुने धेरैजसो विदेशी फिल्म छायांकनको जिम्मा ट्राभल एन्ड टुर्स र ट्रेकिङ एजेन्सीले लिइरहेको देखिन्छ। यहीकारण व्यावसायिक ढंगले फिल्म प्रोडक्सनको काम हुन नस

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १६ वैशाख ०८०
nayapatrikaofficial @naya_patrika

अशोक र पृथ्वीसुब्बा
न सहयोग, न प्रतिस्पर्धा

अशोक र पृथ्वीसुब्बा दुवै विज्ञानका विद्यार्थी हुन् । त्यसैले उनीहरूको विचारमा तथ्यले स्थान पाउँछ । अशोक विचारमा अडान राख्छन् । पृथ्वीसुब्बा व्यावहारिक छन् ।



प्रेम गौतम
pnepal123@gmail.com

सम्बन्ध

डेढ दशकअघि आदिवासी जनजाति आन्दोलन उत्कर्षमा पुगेको वेला अशोक राई (हालका जसपा संघीय परिषद् अध्यक्ष एवं शिक्षामन्त्री) र पृथ्वीसुब्बा गुरुङ (हाल एमाले उपमहासचिव) सँगै थिए । नेकपा (एमाले) भित्र यी दुई नेताहरू आआफ्नो भूमिकामा सक्रिय थिए । जनजातिहरू आफ्नो समुदायको मुद्दा यी दुई नेताले जोडले उठाउनेछन् भन्नेमा विश्वस्त थिए । तर, समय सधैँ एउटै रहेन । यी दुईको दशकौँ लामो संगत अन्ततः टुट्यो ।

लमजुङबाट निर्वाचित सांसद पृथ्वीसुब्बा गुरुङले आदिवासी जनजाति सभासद्हरूको समूह (ककस)को संयोजक भएर संविधानसभाभित्र र सार्वजनिक मञ्चमा तत्काल परिणाम ल्याउने हिसाबले पहिचानको आन्दोलनलाई सशक्त बनाए । उनको प्रस्तुति खरो हुन्थ्यो । गुरुङले पहिचानको विषय खुलस्त रूपमा उठान गरेका थिए । तर, उदयपुरबाट संविधानसभा सदस्यमा पराजित अशोकलाई संविधानसभाको मञ्च थिएन । त्यसैले पनि सार्वजनिक रूपमा उनी मौनजस्तै थिए । भित्री रूपमा भने उनी पनि सक्रिय नै थिए । सार्वजनिक रूपमा मात्र होइन, एमाले पंक्तिमा पनि राईले 'शालीन' र 'भद्र' तथा गुरुङले 'छुद्र' नेताको पहिचान बनाएका थिए । जनजाति आन्दोलनका वेला पृथ्वीसुब्बा खरो रूपमा उत्रिए भने अशोक लामै समय मौन बसे ।

'एक्सनको हिसाबले पृथ्वीसुब्बा पूर्वको राई-लिम्बूजस्तो र अशोक पश्चिमको गुरुङ-मगरजस्तो देखिनुभयो' डेढ दशकअघिदेखि आदिवासी आन्दोलनमा सक्रिय एमालेको तत्कालीन प्रजातान्त्रिक राष्ट्रिय युवा संघका अध्यक्ष र पार्टी केन्द्रीय सदस्य अजम्बर राई काङवाङ स्मरण गर्छन् । एमालेका तत्कालीन उपाध्यक्ष अशोकले गठन गरेको संघीय समाजवादी पार्टीमा उपमहासचिव रहेका काङवाङ हाल माओवादी केन्द्रका केन्द्रीय सदस्य छन् । बलियो राजनीतिक पृष्ठभूमिका भएका नेताहरूले अशोकलाई साथ दिएका थिए । तर, सार्वजनिक रूपमा पहिचानको पक्षमा खरो उत्रिएका पृथ्वीसुब्बा भने पार्टी विभाजनको पक्षमा गएनन् । 'पृथ्वीसुब्बाले पहिला उचालेर पछि नयाँ पार्टीमा नगएको हल्ला धेरै चल्यो । तर, नयाँ पार्टी बनाउन पृथ्वीसुब्बाले उचालेको वास्तविकता होइन,' काङवाङ सम्झन्छन् ।

> अशोक र पृथ्वीसुब्बाबीच भनाभनको स्थिति भने कहिल्यै बनेन । पार्टी विभाजनको तहमा छलफल पुगेपछि पृथ्वीसुब्बा बहसमा धेरै भाग नै लिँदैनथे । केही बैठकमा सहभागी भए पनि आफ्नो कुरा प्रकट नै नगरी निस्किन्थे । पार्टी विभाजनअघि गुरुङले भनेका थिए- अशोकलाई नेता मान्न सकिन्न, उहाँ मलाई नेता मान्नुहुन्न ।

पटक-पटकका ती छलफल

पहिलो संविधानसभाको उत्तरार्धीतिर जनजाति नेताहरूको बैठक धेरै बस्यो । विभिन्न घर र पार्टी प्यालेसमा समेत बाक्लै छलफल चल्थ्यो । ती छलफलको अगुवाइ अशोकले गर्थे । पृथ्वीसुब्बा थोरै छलफलमा मात्रै सहभागी हुन्थे । छलफलमा सहभागी भए पनि आफ्ना कुरा खुलेर राख्दैनथे । उनको जोड पार्टी विभाजन गर्नु हुँदैन, एमालेमै बसेर मुद्दा स्थापित गर्नुपर्छ भन्नेमा हुन्थ्यो । 'नयाँ पार्टी खोल्नुपर्छ भन्ने पृथ्वीसुब्बाको दृष्टिकोण थिएन । उहाँ फुकीफुकी कदम चाल्नुपर्छ भन्नुहुन्थ्यो । सार्वजनिक अभिव्यक्ति दिँदा पनि बहुअर्थी रूपमा दिनुपर्छ भन्ने खालको मत उहाँको हुन्थ्यो । अहिले पार्टीभित्र आन्तरिक संघर्ष गरेर जाऔं, जनजातिको पहिचान, संघीयता, धर्मनिरपेक्षता, समावेशिताको एजेन्डामा अन्तरपार्टी संघर्ष गरेर जाऔं । तर, नयाँ पार्टी नै निर्माण गर्ने कुरा नसोचौं भन्ने उहाँको मत थियो ।' एमालेमा रहँदा जनजाति अभियानमा सक्रिय अजम्बर स्मरण गर्छन् । अशोकले निर्माण गरेको पार्टीमा अजम्बर उपमहासचिव थिए ।

एमालेमा रहन नसक्ने निष्कर्षमा पुगेको र नयाँ पार्टी पनि बनिनसकेको अवस्थामा विद्रोही आदिवासी जनजाति नेताहरूले छुट्टै संयन्त्र खडा गरेका थिए । कुनै महत्त्वपूर्ण गतिविधि वा भ्रमण गर्दा त्यो संयन्त्रलाई सूचित गर्नुपर्थ्यो । तर, पृथ्वीसुब्बा सूचनाविनै विदेश गएपछि हल्लीखल्ली मच्चिएको थियो । उक्त भ्रमणले अविश्वाससमेत पैदा गरेको नेताहरू सम्झन्छन् ।

अशोक र पृथ्वीसुब्बाबीच भनाभनको स्थिति भने कहिल्यै बनेन । पार्टी विभाजनको तहमा छलफल पुगेपछि पृथ्वीसुब्बा बहसमा धेरै भाग नै लिँदैनथे । केही बैठकमा सहभागी भए पनि आफ्नो कुरा प्रकट नै नगरी निस्किन्थे । पार्टी विभाजनअघि गुरुङले भनेका थिए- अशोकलाई नेता मान्न सकिन्न, उहाँ मलाई नेता मान्नुहुन्न । 'सोल्टी अशोकलाई नेता मान्न सकिँदैन, तपाईंहरू मलाई नेता मान्नुहुन्न । कसरी सहकार्य हुन्छ त ?' काङवाङ स्मरण गर्छन्, 'जस्तोसुकै अवसर, चुनौती वा संघर्षका कुरा भए पनि अशोकसँग पृथ्वीसुब्बा आउनुहुन्थ्यो ।' मालेकालको अनुभवले पनि अशोक र पृथ्वीसुब्बाको सहयात्रा नयाँ पार्टीसम्म नभएको बुझाइ धेरैको छ । सम्भवतः अशोकले नयाँ पार्टीको नेतृत्व गर्न सक्दैनन् भन्ने निष्कर्ष पृथ्वीसुब्बाले निकालेका थिए ।

यद्यपि, पृथ्वीसुब्बा भने अशोकले आफूलाई नेतृत्व लिनसमेत प्रस्ताव गरेको दाबी गर्छन् । उनी भन्छन्, 'उहाँले मलाई नयाँ पार्टीको अध्यक्ष बन्न पनि प्रस्ताव गर्नुभएको थियो । तर, मैले त्यो बाटो रोजिनँ ।' आफूले समाजवादमै पहिचान देखेको पृथ्वीसुब्बा बताउँछन् । उनी भन्छन्, 'एमालेमा हुँदा उहाँ मेरो नेता हो । उहाँप्रति मेरो सम्मान छ । व्यक्तिगत रूपमा हाम्रो सम्बन्ध राम्रै छ । राजनीतिक रूपमा उहाँले पहिचानको बाटो रोज्नुभयो, मैले समाजवादको बाटो रोजेँ । समाजवादमै पहिचान देखेँ ।'

जबकि, पृथ्वीसुब्बाको नेतृत्वमा नयाँ पार्टी गठन गरे देशभर माहोल बन्ने भन्दै जनजाति नेताहरूले उक्साइरहेका थिए । एमालेमा रहँदा दुई नेताको सम्बन्ध बढी औपचारिक रहेको काङवाङ बताउँछन् । 'एमालेमा रहँदा अशोक र पृथ्वीसुब्बाको सम्बन्ध बढी औपचारिक थियो । हार्दिक र निकट थिएन । कारण थियो- कार्यक्षेत्र र सांकेतिक प्रतिनिधित्व । अशोकको कार्यक्षेत्र पूर्व र पृथ्वीसुब्बाको पश्चिम । त्यहीकारण एकआपसमा सहयोग र प्रतिस्पर्धाको स्थिति नै बनेन । समुदायको हिसाबले पार्टीले प्रतिनिधित्व गराउन खोज्थ्यो । राई-लिम्बूको अशोकले र गुरुङ-मगरको पृथ्वीसुब्बाले प्रतिनिधित्व गर्ने स्थिति थियो । त्यही कारण एमालेमा रहँदा दुई नेताको सम्बन्ध निश्चित दूरीको थियो । वरीयताको हिसाबले सुरुदेखि नै अशोक अगाडि हुनुहुन्थ्यो,' काङवाङ भन्छन् ।

अशोकले १८ असोज २०६८ मा काठमाडौंमा 'अग्रगामी शक्ति निर्माणका लागि एमाले परित्याग कार्यक्रम' राखे । जहाँ खचाखच उपस्थित थियो । तर, त्यो कार्यक्रममा पृथ्वीसुब्बा थिएनन् । जुन कार्यक्रममा अशोकले घोषणा गरेका थिए, 'हामी वैकल्पिक शक्ति बनाउँछौं ।'

अशोकको नेतृत्वमा ०६९ मा जनजाति बाहुल्य संघीय समाजवादी पार्टी गठन भयो । ०७० को संविधानसभा निर्वाचनमा अशोकको पार्टीले ६८ जिल्लामा उम्मेदवार उठायो । अशोकसहित पार्टी पदाधिकारीले निर्वाचन लड्ने जोखिम मोलेनन् । एउटै उम्मेदवारले पनि प्रत्यक्ष निर्वाचन जितेनन् । समानुपातिकतर्फ प्राप्त मतले अशोकसहित पाँच नेता सभासद् बने । अशोक नेतृत्वको पार्टी लामो समय टिक्न सकेन । उपेन्द्र यादव नेतृत्वको मधेसी जनअधिकार फोरमसँग एकता गरी अशोक संघीय फोरमका वरिष्ठ नेता बने । अशोक हाल जसपाका संघीय परिषद् अध्यक्ष छन् ।

फरक विचार, मुद्दाले एकठाउँ

०५४ मा एमाले विभाजित भएर वामदेव गौतमको नेतृत्वमा बनेको मालेमा दुवै नेता लागे । अशोक र पृथ्वीसुब्बा दुवै वामदेवको नजिक रहेर काम गरे । मालेमा पनि अशोक सिनियर र पृथ्वीसुब्बा जुनियर थिए । पृथ्वीसुब्बा वामदेवको सचिवालयमै रहेर काम गरे । उनी जनताको बहुदलीय जनवादका पक्षपाती थिए । अशोक नौलो जनवादको पक्षमा थिए । यद्यपि, वामदेव एमालेमा फर्किंदा अशोक र पृथ्वीसुब्बा दवै सँगै एमालेमै फर्किए ।

> एमालेमा रहँदा अशोक र पृथ्वी सुब्बाको सम्बन्ध बढी औपचारिक थियो । हार्दिक र निकट थिएन । कारण थियो- कार्यक्षेत्र र सांकेतिक प्रतिनिधित्व । अशोकको कार्यक्षेत्र पूर्व र पृथ्वीसुब्बाको पश्चिम । त्यही कारण एक-आपसमा सहयोग र प्रतिस्पर्धाको स्थिति नै बनेन ।

मालेका महासचिव सिपी मैनाली स्मरण गर्छन्, 'उहाँहरू दुवै महाकाली सन्धिको आलोचक हुनुहुन्थ्यो । अशोक नयाँ जनवादको र पृथ्वीसुब्बा जनताको बहुदलीय जनवादको पक्षमा हुनुहुन्थ्यो । दुवै महाकाली सन्धिको विरोधमा भएकाले मालेमा लाग्नुभयो । वामदेव जनताको बहुदलीय जनवादको पक्षमा हुनुहुन्थ्यो । तर, वामदेवसँगको व्यक्तिगत सम्बन्धका कारण अशोक पनि एमालेमा फर्किनुभयो ।'

स्वभावगत समानता र भिन्नता

अशोक र पृथ्वीसुब्बा दुवै विज्ञानका विद्यार्थी हुन् । त्यसैले उनीहरूको विचारमा तथ्यले स्थान पाउँछ । तुलनात्मक रूपमा अशोकको अध्ययन संगठित देखिन्छ । तर, अभिव्यक्तिमा शालीनता र विषय प्रस्तुतिमा कूटनीतिक तबर अपनाउँछन्, अशोक । पृथ्वीसुब्बा आफ्ना कुरा स्पष्ट रूपमा निर्धक्क राख्छन् ।

अशोक विचारमा अडान राख्छन् । तर, जोखिम मोल्न रुचाउँदैनन् । जनजाति नेताहरूको जोडबलमा नयाँ पार्टी गठनको निष्कर्षमा राई पुगेको उनका निकटस्थहरू बताउँछन् । कार्यकर्ता संरक्षणको मामिलामा अशोकभन्दा पृथ्वीसुब्बा अलि बढी व्यावहारिक देखिन्छन् । 'अशोकले आफू समान नआइन्जेल संरक्षण गरेजस्तो गर्ने र आफू समान आएपछि निमोठ्ने गर्छन्,' काङवाङ भन्छन्, 'सांकेतिक प्रतिनिधित्वको सवाल आएपछि त्यसको संकेत दुवै नेतामा देखिन्छ । एकले अर्कालाई प्रतिस्पर्धी देख्ने स्वभाव दुवैमा देखिन्छ ।'

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भएपछि गुरुङ केपी ओलीसँग नजिकिए । मालेबाट एमालेमा फर्किएपछि अशोकले नेताहरूबीच सन्तुलन कायम राख्न खोजेका थिए । धेरैले उनलाई मध्यमार्गी नेताको रूपमा चिन्थे । वरीयताका हिसाबले सिनियर भएकाले अशोकलाई मान्नैपर्ने बाध्यता पृथ्वीसुब्बालाई थियो । 'ककस'को नेतृत्वमा रहेको हुनाले सार्वजनिक रूपमा पृथ्वीसुब्बा चर्चित थिए । पहिचानसहितको संघीयता निर्माणका लागि 'ककस'को देखिने खालको भूमिका थियो । जतिवेला एमालेमा अशोक उपाध्यक्ष र पृथ्वीसुब्बा पोलिटब्युरो सदस्य थिए ।

भूमिगतमा अशोक, मासमा पृथ्वीसुब्बा अब्बल

अशोकले तत्कालीन मालेको संगठन निर्माण र विस्तारमा ठूलो भूमिका खेलेका छन् । भूमिगत कालमा जिम्मेवारी अशोकले कुशलतापूर्वक पूरा गरेका छन् । जननेता मदन भण्डारीले पनि अशोकलाई विश्वास गरेका थिए । नेतृत्वले विश्वास गर्दा पनि अशोक भण्डारीको जनताको बहुदलीय जनवादको विपक्षमा उभिएका थिए ।

०४६ सालअघिका कम्युनिस्ट बढी अध्ययनशील, राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थितिको ठोस विश्लेषण गर्थे । र, आफ्नो दृष्टिकोण बनाउँथे । प्रमुख प्रतिपक्ष दल भएको, भर्खरै उदाएर आएको नेकपा एमालेमा मदनको आकर्षण थियो । मदनको वैयक्तिक क्षमताले काम गरेको थियो । जनताको बहुदलीय जनवाद तत्कालीन अवस्थामा राजनीतिक कार्यक्रम बन्न सक्दैन भनेर भिन्न टिममा अशोक उभिएका थिए ।

खुला राजनीतिमा आएपछि अशोकको भूमिगत सांगठनिक कौशल देखिएन । सीमित मान्छेसँग जाने खालको परिस्थिति बन्यो । मास परिचालनमा चुकेकै कारण राईको नेतृत्वको संघीय समाजवादी पार्टीले दोस्रो संविधानसभामा प्रत्यक्षतर्फ एक सिट पनि जितेन । राई आफैँ समानुपातिक सूचीमा बसे र सभासद् बने ।

पृथ्वीसुब्बा निडर छन् । तर, गणितीय राजनीतिमा अशोक अगाडि छन् । उनी घाटा-नाफाको हिसाब गरेर अगाडि बढ्न रुचाउँछन् । स्वभाव र शैलीगत हिसाबले एमाले सचिव, उपमहासचिव, गण्डकी प्रदेशको पहिलो मुख्यमन्त्री, गठबन्धनका उम्मेदवारलाई हराएर प्रतिनिधिसभामा निर्वाचित हुन पृथ्वीसुब्बा सफल भएका छन् । अशोक एमाले छाडेको लामो समयपछि स्वयं एमालेको भोटले यसपटक प्रतिनिधिसभामा निर्वाचित भएका छन् । एमाले प्रतिपक्षमा छ, अशोक शिक्षामन्त्री छन् ।

ककसमा भूमिका : संस्थापनलाई चुनौती

पहिलो संविधानसभामा पहिचानको मुद्दा ह्वात्तै उठ्यो । तर, कांग्रेस र एमालेको संस्थापन पक्ष यसमा सहमत थिएन । राज्य पुनर्संरचना आयोगले पहिचानका पाँच र सामर्थ्यका चार आधारलाई मानेर राज्य पुनर्संरचना गर्नुपर्ने प्रस्ताव गरेको थियो । आदिवासी जनजातिले पहिचानको आधारलाई जोड दिएका थिए । सडकदेखि संविधानसभासम्मै पहिचानको विषय सशक्त रूपमा उठेको थियो ।

पहिलो संविधानसभाको सबैभन्दा ठूलो दल माओवादी संस्थागत रूपमै पहिचानको पक्षमा उभिएको थियो । कांग्रेस र एमालेका जनजाति सभासद् पहिचानको पक्षमा थिए । एमाले सांसद पृथ्वीसुब्बाको नेतृत्वमा आदिवासी जनजाति सभासद समूह (ककस) बनाएपै जनजाति सभासदले दबाब दिएका थिए । पहिलो संविधानसभामा 'ककस' निर्णायक देखिएको थियो । तत्कालीन संविधानसभाका ६०१ मध्ये कांग्रेस, एमालेसहितका चार सय २० सभासदले पहिचानसहितको संघीयताको पक्षमा हस्ताक्षर नै संकलन गरेका थिए ।

दोस्रो संविधानसभाअघि नै अशोकले एमाले परित्याग गरे । अशोकले पार्टी छाड्दा पृथ्वीसुब्बा एमालेमै बसे । दोस्रो संविधानसभा निर्वाचनमा गुरुङ पराजित भए । उनले 'ककस' निर्माणमा संविधानसभाबाहिरबाट पनि भूमिका खेलेनन् । पहिलो संविधानसभा निर्वाचनमा 'ककस' बनाउँदा मुख्य भूमिका खेलेका एमालेका पृथ्वीसुब्बासहितका सभासद दोस्रो संविधानसभामा थिएनन् ।

संगठनमा अशोक र पृथ्वीसुब्बा

अशोकले झन्डै चार दशक वाम राजनीतिमा बिताए । एमालेसँगै कम्युनिस्ट राजनीति छोडेको घोषणा अशोकले गरे । भूमिगत कालमा पूर्वी पहाडमा को-अर्डिनेसन केन्द्र र मालेको संगठन विस्तारमा अशोकको ठूलो योगदान छ । उनले ०२३ सालमा पार्टी सदस्यता लिएका हुन् । माले र एमालेको संस्थापक केन्द्रीय नेता अशोक आठौँ महाधिवेशनमा सर्वाधिक लोकप्रिय मत ल्याएर उपाध्यक्षमा निर्वाचित भएका थिए ।

पृथ्वीसुब्बा अनेरास्वावियुबाट राजनीतिमा होमिएका हुन् । उनले ०३५ सालमा संगठित सदस्यता लिएका थिए । छैटौँ महाधिवेशनबाट पृथ्वीसुब्बा एमालेको केन्द्रीय कमिटीको वैकल्पिक केन्द्रीय सदस्य निर्वाचित भएका थिए । पृथ्वीसुब्बा २०६० मा एमालेको केन्द्रीय कमिटी सदस्यमा मनोनीत भएका थिए । पोलिटब्युरो, सचिव हुँदा उनी हाल उपमहासचिव छन् ।

संसदीय यात्रामा अशोक र पृथ्वीसुब्बा

०४८ को निर्वाचनमा ओखलढुंगा र सोलुखुम्बुबाहेक अन्यत्र एमालेले जितेको थियो । अशोकको कामबाट एमालेका तत्कालीन महासचिव मदन पनि प्रभावित भएका थिए । ०४८ र ०५१ सालमा खोटाङबाट निर्वाचित अशोक ०५६ को निर्वाचनमा उदयपुर झरेपछि निर्वाचन जित्न सकेनन् । ०७९ को निर्वाचनमा सुनसरीबाट अशोक निर्वाचित भए ।

मनमोहन अधिकारी नेतृत्वको पहिलो कम्युनिस्ट सरकारमा अशोक यातायातमन्त्री बने । २०५३ मा लोकेन्द्रबहादुर चन्द सरकारको पालामा व्यवस्थामन्त्री र २०६१ मा शेरबहादुर देउवा नेतृत्वको सरकारमा स्वास्थ्यमन्त्री बने ।

२०६४ सालको संविधानसभाको निर्वाचनमा पृथ्वीसुब्बा लमजुङबाट निर्वाचित भए । २०७० को दोस्रो संविधानसभा निर्वाचनमा उनी पराजित भए । २०७४ को प्रदेश सभा निर्वाचनमा लमजुङ 'ख' बाट निर्वाचित उनी गण्डकी प्रदेशको पहिलो मुख्यमन्त्री बने । ०७९ को प्रतिनिधिसभा निर्वाचनमा लमजुङबाट निर्वाचित भए ।

बरमभिक्याको अपुंगो पसल !

घण्टी मन्दिरमा मात्रै बज्दैन, खच्चरको घाँटीमा नि बज्छ





रवि मिश्र
mail@rabimishra.com
व्यङ्ग्य

उचु एक्सप्रेस !

बाटैबाटो आयो । गति धिमा भयो । रोकिएझैं गऱ्यो । आवाज दियो- 'टिन्डिङ टिन्डिङ !'

पेडापसलबाट असली बाजेले पुलुक्क हेरे । अचम्मित हुँदै मन नपराएको लबजमा भने- वाहियात !

के को टिन्डिङ टिन्डिङ हो ? एक्सप्रेस बसको त हर्न पो हुन्छ । के को नौटंकी हो यो ? खच्चर आएको जस्तो !

'लौ है ! तनहुँ ! तनहुँ !! तनहुँ !!!

चितवन ! चितवन !! चितवन !!!'

उचु (उपचुनाव) एक्सप्रेसले एकचोटि फेरि आवाज दियो । टिन्डिङ टिन्डिङ । उसले यात्रुलाई ओरालेर पेडा किनाएन । यात्रुले नि पेडा किन्नमा खासै रुचि देखाएनन् । बरु बाजेको असली पेडापसलमा पेडा किन्न गएका पनि बस आएको देखेसी 'उह तनहुँको आयो !' भन्दै बसैतिर दगुरे ।

पेडापसलका असली बाजे मुर्मुरिए, 'यस्तो नि हुन्छ ! भन्या छ उचु एक्सप्रेस ! स्वभाव छ पूरै खच्चडजस्तो !

'टिन्डिङ ! टिन्डिङ !'

बाजेको रिस मरेन । मन नपराउँदो पाराले आवाज निकालेर फेरि दोहोऱ्याए-
टिन्डिङ ! टिन्डिङ !!
टिन्डिङ ! टिन्डिङ !!

सुप्रसिद्ध बाजेको असली पेडापसलमा नि खासै चहलपहल छैन । बेपार नचम्केसी उही बाजेको पेडापसललेनि यसपालि आफैं पेडा नबेचेर सुप्रसिद्ध बाजेलाई नै सघाउने भएका छन् । स्थिति पटक्कै आशाजनक छैन । तैपनि बेपार सपार्ने धुनमा छन् ।

'त्यता हेर्नुस् न त्यता !'

सुप्रसिद्ध बाजेले भने -

खुब पेडा बेचौला भन्दै थिए । भएका ग्राहक नि हिर्डे ।

'खास ति असली पेडापसले नै होइनन् !'

उही बाजेले भने -

हामी यसै असली थियौं । मिलेर पेडा बेच्न थालेसी अझ असली भयौं । उचु एक्सप्रेस यतै रोकिने पक्का छ ।

उचु एक्सप्रेस अघि बढ्यो । 'उही बाजे' र 'सुप्रसिद्ध बाजे' पेडा प्याक गर्न थाले । उही बाजेले पेडा बिक्रीका लागि 'चु एक्सप्रेस' लाई झैं अफर ल्याए - पेडा लगे एकथान मन्त्री फ्री ।

'युवा' जोसका साथ 'सुप्रसिद्ध जुनियर'ले त्रासको अर्को अफर ल्याए- हरिले हेरिरहेका हुन्छन् । पेडा लगे स्वर्ग गइन्छ । नत्र घोर नरक पुगिन्छ ।'

उही बाजेले कुम हल्लाएर हाँस्दै भने- हामीले उहिल्यैको चुनावमा भगवान् सिसिटिभीले हेरिरहेका हुन्छन् भनेर कुस्त पेडा बेचिसकेका थिएम । अब कसैले हेरिरहेका छन् भनेर पेडा बेच्न सकिन्न । मान्छेले पत्याउन छोडिसके । कसैले हेर्छन् भनेर । पत्याउँथे त म आफैं एक्लै पेडा बेचिरहेको हुने थिएँ । तपाईंहरूसँग मिलिराख्नुपर्थ्यो ? आफ्नै पेडा नबेचेर तपाईंहरूलाई सघाउन पर्थ्यो ?

सुप्रसिद्ध जुनियरले भने, 'सिसिटिभी पो पत्याउँदैनन् त । मैले त हरि भनेको छु हरि । हरिलाई नपत्याउनेको ? हरिलाई नपत्याई सुख ?' तालुबाट खस्न लागेको फूल तालुमै मिलाउँदै सुप्रसिद्ध जुनियरले भने, 'हैन किन खस्दै छ यो फूल ? हरि निदाए कि क्या हो ?'

'टिन्डिङ टिन्डिङ !' उचु एक्सप्रेस सुप्रसिद्ध बाजेको पेडापसल अघि पुग्यो । सुप्रसिद्ध जुनियरले उत्साहपूर्वक भने, 'सुन्नुभो ? टिन्डिङ टिन्डिङ ! जहाँ हरि छैनन्, त्यहाँ घण्टी कसरी बज्छ ? यसको मतलब हरिले हेर्नुभो । अब केही मिनेटमा भएभरका पेडा सकिन्छ ।'

उचु एक्सप्रेस एक मिनेट पनि नरोकिई अघि बढ्यो । सुप्रसिद्ध बाजे, सुप्रसिद्ध जुनियर र उही बाजे हेरेको हेर्‍यै भए ।

परको पसलबाट असली बाजेले व्यंग्य कसे, 'सेलिब्रेटी केटो ! हेरे हैन त हरिले ? घण्टी मन्दिरमा मात्रै बज्दैन । खच्चरको घाँटीमा नि बज्छ ।'

अलि पर पूरै झकिझकाउ छ । खुलेको एक वर्ष नि नभएको नयाँ दुकानमा ग्राहक खचाखच छ । पूरै बरमभिक्याको लाग्ने साइनबोर्डहरूको झाडीमा बेग्लै नाम छ, 'नयाँ दाइको अपुंगो पसल ।' बरमभिक्यामा अपुंगो पसल खोल्दा पेडाबाजेहरूले उडाउनुसम्म उडाएका थिए । अहिले पुराना बाजेहरू झस्किएका छन् ।

उचु एक्सप्रेस त्यहीँ गएर रोकियो । ग्राहकहरूले हुरुरु अपुंगो किनेर हिँडे । पेडाबाजेहरू हेरेका हेर्‍यै भए । अपुंगो दाजु खुसीले बुरुक्क उफ्रिए !

पेडाबाजेहरूलाई अपुंगो किनेको मन परेको छैन । आफूले बसाएको बजार अरूले खाएकोमा चिन्तित छन् । अपुंगोको पौष्टिकतामाथि प्रश्न छ । कहाँ दूध, खुवाबाट बन्ने पेडा । कहाँ पिठोबाट बन्ने अपुंगो । के छानेका हुन् मान्छेले ? छान्नेप्रति पनि गुनासो छ बाजेहरूको । यता अपुंगो दाजुको आफ्नै मत छ । वर्षौंदेखि गोता खाँदा गोटा परेको ठम्याइ छ । गोटा पर्नाले राष्ट्रले निकास पाइरहेको छैन । अब अपुंगो खुवाएर खलास पार्ने दाबी छ । उसो त अपुंगोको पनि कहाँ मामुली पिठो हो त ? विदेशमा लाखौंको जागिर छोडेर आएकाले मुछेको पिठो पो हो त ! कहाँको विदेशको जागिर खाएर आएकाले मुछेको अत्तर बास्ना आउने पिठोको अपुंगो । कहाँ यहींको गोबर गनाउने हातले बनाएको दुधको पेडा । क्वालिटी अपुंगोको उम्दा रहेको दाबी अपुंगो दाजुको छ । त्यसमा डेलिभरी दाजु नि थपिएका छन् । एक किलो अपुंगोले पूरै नारानपूजाको निम्तालुलाई बाँड्न पुग्ने हुँदा जति डेलिभरी अपुंगोले दिन सक्छ, त्यति पेडाले दिन नसक्ने उनको थम्याइ छ ।

> अलि पर पूरै झकिझकाउ छ । खुलेको एक वर्ष नि नभएको नयाँ दुकानमा ग्राहक खचाखच छन् । पूरै बरमभिक्याको लाग्ने साइनबोर्डहरूको झाडीमा बेग्लै नाम छ, 'नयाँ दाइको अपुंगो पसल ।' बरमभिक्यामा अपुंगो पसल खोल्दा पेडाबाजेहरूले उडाउनुसम्म उडाएका थिए । अहिले पुराना बाजेहरू झस्किएका छन् ।

उही पेडा बाजेले यसपालि आफ्नै पेडापसल खोलेका छैनन् । यसो गर्दा अर्को पालिसम्म मान्छेले आफ्नो पसल बिर्सिसक्ने र अर्कोपालि नयाँ पसल सम्झेर पेडा बिक्ने उनको आस छ । तर, आफैंले दुकान नखोले नि पेडा नबिकी अपुंगो बिकेको उही पेडाबाजेलाई मन परेको छैन । बाजे खुलेरै असन्तुष्टि पोख्छन्, 'बरमजिया बजारमा यत्रो विकास गर्दा नि मान्छेले पेडा नकिनेर अपुंगो किनिरहेका छन् । यिनेलाई विकास नपच्ने रैछ ।'

असली बाजे अलि परबाट व्यंग्य कस्छन्, 'हेर बुद्धि ! दुकान नखुल्दा नि किन्दिनुपर्ने हो तपाईंको पेडा ? कसरी किन्ने ? बरु आफूले दुकान खोलिएन । अरूका पेडा जनताले पत्याएन । अपुंगो किने भन्नु नि । संगत गतिलो भए पो कुरा गतिलो आओस् !'



हरि रोका
hariroka@gmail.com
अभिच्युअरी



(सन् १९३७-२०२३)

भूमिसुधार, अकाल मृत्यु र माइकल लिप्टन

सन् १९८० को दशकको अन्त्यतिर माइकल लिप्टनले कृषि, स्वास्थ्य तथा पोषणबीचको अन्तर्सम्बन्धबारे नयाँ तथ्य अगाडि सारे

स्कुल पढ्दा अग्रज विद्यार्थी तथा केही गुरुहरूले भन्थे,'नेपालमा न्यूनतम तीनवटा क्रुरा नभई देश बन्दैन । पहिलो, वैज्ञानिक भूमिसुधार । दोस्रो, शिक्षा र स्वास्थ्यमा आममानिसको सहज पहुँच । र तेस्रो, आमरोजगारीका लागि औद्योगीकरण ।' यस्तो कसरी हुन्छ होला भन्ने जिज्ञासा राख्दा आधा अपूरा र भावात्मक आवेगका क्रुरा सुन्न पाइन्थ्यो । पछि विश्वविद्यालय भर्ती भएपछि प्रतिबन्धित खालखालका कम्युनिस्ट पार्टीका नेताहरूबाट प्रशिक्षण लिने अवसर मिल्यो । उनीहरू समाजवाद नारामा बोल्थे । जस्तो, क्रान्तिकारी एवं वैज्ञानिक भूमिसुधार, जनवादी शिक्षा जहाँ सबैका लागि स्तरयुक्त सर्वसुलभ शिक्षामा पहुँच हुनेछ । आमसर्वसाधारण जनताका लागि भेदभावरहित स्वास्थ्यको प्रबन्ध गरिनेछ । अन्त्यमा क्रान्तिकारी परिवर्तनपछि मुलुकमा पूर्णरोजगारीको व्यवस्थापन गरिनेछ ।

संसदीय बहुदलीय व्यवस्था पुनर्स्थापना भयो र राजनीति गाउँमा पुग्यो । विगतमा विद्यार्थी तथा पार्टी नेताहरूले प्रयोग गरेको नारा नै हामीले दोहोऱ्यायौं । तर, कम्युनिस्ट नेताहरू नै सत्ताको शक्तिशाली पदमा आसीन भइरहँदासमेत क्रान्तिकारी र वैज्ञानिक भूमिसुधार केलाइ भनिन्छ भन्ने परिभाषा नै प्रस्ट पारिएन । बरु समग्र कृषिलाई पुँजीपतिहरूको पोल्टामा पार्ने गरी भूमि बैंकको (ल्यान्डा ब्यांक) अवधारणालाई अघि सार्न पुगे । त्यसैअनुरूप कानुन ल्याए । विगतमा देखिएको न्यायिक वितरणमा आधारित भूमिसुधारसम्बन्धी विषयक सपनालाई व्यवहारमा तुहाइदिए ।

पितापूर्खाले कृषिलाई नै मूल पेसा बनाएर आएका थिए । उनीहरूको जीविकोपार्जनको मूल पेसा नै खेतीपाती थियो । हाम्रो आफ्नै बाल्यकाल तथा किशोर अवस्था खेतीपातीमै रमाएर हुर्किएको थियो । हाम्रा चाडबाड, रीतिरिवाज कृषिलाई नै आधार बनाएर बने । हाम्रो संस्कृतिको मूल जरो पनि कृषिमा नै आधारित भएर उभिएका छन् । सायद त्यही भएर होला अरू पेसामै रहिरहँदा पनि कृषिमा भावनात्मक सामीप्यता गहिरोसँग गाँसिएको छ । यही भावनाले कृषि क्षेत्रमा कस्तो रूपान्तरण आवश्यक छ, दिगो र भरपर्दो कृषिका लागि कस्ता कार्यक्रम आवश्यक पर्छन् भन्ने कुरा बुझ्न र अध्ययन-अनुसन्धानका लागि लालायित बनाइरहन्छ ।

यही अध्ययन गर्ने क्रममा सबैभन्दा पहिले गुन्नर के. मिर्डालको 'एसियन ड्रामा, एन इन्क्वाइरी इन्टु दी पोभर्टी अफ नेसन'सँग साक्षात्कार हुने मौका मिल्यो । यो पुस्तक १९६८ मा छापिएको थियो । गम्भीर खोज तथा अनुसन्धानमा आधारित यो पुस्तकमा पूर्वी एसियाली मुलुकमा भूमिसुधारपछि विकासको मूल कसरी फुट्यो भन्ने वर्णन गरिएको छ । सायद यही पुस्तकको प्रभाव परेर होला बिपी कोइरालाले एउटा दुधालु गाई, चिटिक्क परेको घरमा दुई छोराछोरी, ती दुई दूध र भात खाएर स्कुल गएर पढेका अमूर्त सपना देखेका थिए ।

०००

विकास अर्थशास्त्री माइकल लिप्टनले सन् १९६० को दशकको सुरुवातमा मिर्डालको साथमा रहेर काम गरेका थिए । उनको बौद्धिक करिअर नै जमिनको वितरण (डिस्ट्रिब्युटिभ ल्यान्ड रिफर्म)मा केन्द्रित गरे । मिर्डालबाट प्रभावित उनले भारतमा विषद् अध्ययन सुरु गरे र पहिलो गहकिलो लेख 'दी थ्योरी अफ दी अप्टिमाइजिङ पिजेन्ट' प्रकाशित गरे । भारतमा गरेको रिसर्चमा आधारित भएर नै उनले पहिलो प्रभावशाली पुस्तक 'ह्वाई पोर पिपुल स्टे पोर : अर्बान वायस एन्ड वर्ल्ड डेभलपमेन्ट' नामक पुस्तक लेखे, यो पुस्तक १९७७ मा प्रकाशित भयो ।

लिप्टन साना किसानहरूको पक्षपाती थिए । उनीहरूका लागि कम्तीमा जीविका हुने गरी उब्जाउ जमिनको व्यवस्थापन गरिनुपर्छ भन्ने मान्यता राख्दथे । उनले धान र गहुँको परिस्कृत गरिएको बिउको भेराइटिज धेरै फल्छ भन्दाभन्दै पनि उपयोग गर्न रुचाउँदैनन् भन्ने व्याख्या गरेका थिए । नयाँ बिउले नयाँ खालको रोग निम्त्याउँछ, दाना नलाग्न सक्छ र भोक र असाध्य गरिबी निम्त्याउन सक्छ भन्ने किसानहरूको डर उनले सार्वजनिक गरेका थिए । भूमिसुधार नगरिएका भारतीय प्रान्त खासगरी हरियाणा र पन्जाबमा हरित क्रान्ति गर्दैगर्दा किसानलाई विभिन्न ग्यारेन्टी गर्ने प्रबन्ध गराएपछि अर्थात् आइपर्ने खतराबाट राहत उपलब्ध गराउने सरकारी प्रबन्धपछि मात्र किसानहरू उन्नत बिउ र रासायनिक मल प्रयोग गर्न राजी भए । लिप्टनले खोज तथा अनुसन्धानले बाहिर ल्याएको अर्को कुरा हो गरिब किसानले धनी किसानको तुलनामा जमिनको व्यवस्थापन र उपयोग दिगो र भरपर्दो तरिकाले गर्दछन् । उनीहरूले खेती गर्ने तरिकामा मात्र होइन बाली थन्क्याउने र खेर नफाल्ने कुरामा पनि मिहिनेत गर्छन् । यो अवधारणा बाहिर आएपछि भूमिसुधार गरियो भने देशको आर्थिक विकासमा आवश्यक सञ्चिति र औद्योगीकरणमा किसानले अवश्य टेवा पुऱ्याउन सक्छन् । यदि भूमिसुधार नगरी औद्योगीकरण गर्न खोजियो भने बहुसंख्यक गरिब किसान गरिब नै रहन्छन् । त्यसैगरी, सहर र गाउँबीचको खाडल पनि नपुरिने गरी असमान बन्न पुग्छ भन्ने विश्वव्यापी मान्यता बन्यो ।


१९८० को दशकको अन्त्यतिर माइकल लिप्टनले कृषि, स्वास्थ्य तथा पोषणबीचको अन्तर्सम्बन्धका बारेमा नयाँ तथ्य अगाडि सारे । सन् १९८८ मा विश्व स्वास्थ्य संगठनको सहयोगमा इम्यानुयल डे काटसँग मिलेर 'एग्रिकल्चर हेल्थ लिन्केज' नामक पुस्तिका ल्याए । उनीहरूले सरकारको कृषि नीतिले ग्रामीण जनताको स्वास्थ्यलाई कसरी प्रभाव पारिरहेको हुन्छ ? के उत्पादन गर्न प्रोत्साहित गरियो ? कति मूल्य निर्धारण गरियो ? कसरी बजारको संरक्षण र व्यवस्थापन गरियो ? भन्ने विषय अगाडि सारे । गाउँका गरिब जनता खासगरी महिला तथा बालबालिकाका हकमा खाद्य सुरक्षाको प्रबन्ध किन आवश्यक छ भन्ने उजागर गरिएको थियो । वास्तवमा गुन्नरसँगै काम गरेका अर्का अर्थशास्त्री पौल स्ट्रिट्रेनको विचार पूर्ण संग्रह 'भ्यालु इन सोसियल थ्योरी'को प्रभाव उनीहरूको यो प्रस्तुतिमा देखिन्छ ।

०००

लिप्टनको प्रस्तुति साधारण देखिए पनि दृष्टिकोण शक्तिशाली देखिन्छ । उनले निकालेका निष्कर्षले धेरै गरिब मुलुकका शासकहरूलाई सोच्न बाध्य तुल्याएको छ । जस्तो उनी लेख्छन्,'गरिब देशका शासकको विकासे सोच सहरकेन्द्रित हुने गर्छ । आमरूपमा गाउँलेहरूको जीवनपद्धति सुधार्न, उनीहरूको आवश्यकता पूरा गर्न, गरिबी घटाउन र असमानताको खाडल पुर्न भूमिसुधार नै मुख्य विषय हुन्छ । बालीनाली सुधार्न, उत्पादन र उत्पादकत्व बढाउन हरित क्रान्ति (ग्रिन रेभ्युलुसन) नै आवश्यक हुन्छ । जसले आममानिसको जीवनपद्धति मात्र सुधार्दैन, अन्य विकासको लहर पनि ल्याइदिन्छ,' लिप्टन लेख्छन्, 'सन् १९५० देखियता भूमिसुधारले मानवीय विकासमा केन्द्रीय भूमिका निर्वाह गरेको छ । खासगरी, ग्रामीण गरिबी हटाउन, उन्नति प्रगति गर्न, स्वतन्त्रताको वास्तविक अर्थलाई सार्थक बनाउन, र द्वन्द्व र त्यसले सिर्जना गर्ने दुःख दूर गर्न भूमिसुधारको कुनै विकल्प छैन ।'

हुन पनि उनले आफ्नो करिअर सुरु गर्दा पूर्वी एसियामा जन्ड भूमिसुधार (ज्याडिकल ल्यान्ड रिफर्म्स) गरिए । दोस्रो विश्वयुद्धअगावै पूर्वी एसिया बृहत् परिवर्तनको पक्षमा खडा भइसकेको थियो । खासगरी, सोभियत अक्टुबर क्रान्ति र चीनमा भइरहेको छापामार युद्धले नयाँ गरिब र साना किसानमा जुझारु जागरणको उभार ल्याइरहेको थियो । यो उभारलाई बुझ्न ढिला गर्दा पुँजीवादले धेरै क्रुरा गुमाउने परिस्थिति निम्तिन्थ्यो । जब जापान, कोरिया तथा ताइवानमा भूमिसुधार गरियो ती मुलुकले कसरी फड्को मारे भन्ने सन्दर्भमा जोय स्टुड वेलको 'हाउ एसिया वर्क्स'मा विस्तृत व्याख्या पढ्न पाइन्छ । उनी लेख्छन्,'आपूर्ति गर्ने क्षमताभन्दा जगाको माग बढ्दो छ । पहिला थोरै जमिन्दारको हातमा धेरै जमिनको स्वामित्व हुने गर्थ्यो । उनीहरू उत्पादन वृद्धि गर्न लगानी गर्नुभन्दा कुत कति धेरै असुल्ने भन्नेमा ध्यान केन्द्रित गर्थे । त्यसैगरी, साहुहरू (मिटरब्याजीहरूजस्तै) गरिबले लिएको

कर्नालीको काव्यिक कोसेली



सुनिता परियार
चर्चा

जुम्लाका कवि मिमबहादुर परियारको पहिलो कवितासंग्रह 'कर्नाली हाँस्दो छ' भर्खरै सार्वजनिक भएको छ । समता फाउन्डेसनको 'समता बुक्स'बाट प्रकाशित यस संग्रहमा ३५ वटा प्रगतिशील धारका कविता समावेश छन् ।

कविता समाजको ऐना हो । कविता इतिहास र आन्दोलनको रूप पनि हो । राम्रा कविताका हरफमा निकै गहिरो भाव लुकेको हुन्छ । सामाजिक घटनामा आधारित भएर विद्रोह, परिवर्तन र प्रतिकारका झिल्काहरू शब्दमार्फत कविले प्रतिबिम्बित गरेका हुन्छन् । कवि परियारले पनि 'कर्नाली हाँस्दो छ'मार्फत नेपाली समाजको कुसंस्कार, कुरीति र कथित जातवादी मानवताविरोधी संस्कृतिलाई काव्यमार्फत आलोचना गरेका छन् । साथै कविले आफ्नो समुदायको, जात व्यवस्थाप्रति आक्रोश, समता समानताको रहर र सपना पनि कवितामार्फत पेस गरेका छन् ।

नेपाली साहित्यमा दलित साहित्यको इतिहास त्यति लामो छैन । र पनि दलित साहित्यले समता, समानता, सामाजिक न्याय र स्वतन्त्रताको पक्षमा निरन्तर काव्यमार्फत वकालत गर्दै आइरहेको छ । सामन्तवादले गिजोलेको जात व्यवस्थामा दलितको चित्र देखाउने साहस दलित साहित्यले गर्दै आएको छ । दलितका मुद्दालाई मार्मिक तवरले प्रस्तुत गरेर दमनकारी राज्य व्यवस्था र संरचनाको मथिंगल हल्लाउने काम दलित साहित्यले गर्दै आएको छ । अर्कोतिर, नेपाली दलित आन्दोलनलाई जीवन्त बनाउने कार्यमा पनि दलित साहित्यको भूमिका निकै महत्त्वपूर्ण छ । दलित साहित्य छ र दलित आन्दोलन उभिएको छ, बोलिरहेको छ ।

कविको विद्रोह, आक्रोश कवितामा झल्किएको छ । कविले पीडा पोखेका छन् । कविताले चेतना र चेतावनी दुवै सन्देश बोकेको छ । नेपालको सामाजिक संरचना, जात व्यवस्थाले पैदा गरेको शुद्ध-अशुद्धको खेल, दलित समुदायले भोगेका विभेदका घटनाहरू, पीडाहरू, रहरहरू, संघर्षहरू र सामाजिक रूपान्तरणका सपनाहरू कवितामा प्रशस्त पाइन्छन् । कविताभित्र विभिन्न जातीय छुवाछुतका घटनाक्रममा लेखिएका कविताहरू छन्, जस्तै- जातका आधारमा जब दीपा नेपाली, रूपा सुनारहरू भाडाका कोठाबाट निकालिन्छन्, तब जातवादीहरू 'तिमी कोटा छोड, हामी कोठा दिन्छौं' भन्नेजस्ता वाहियात बहस चलाउँछन् । त्यसैबेला कविले 'आरक्षण', 'खाली कोठा' जस्ता कविताहरू लेखेको देखिन्छ ।

कविता 'आरक्षण'को एक अंश यस्तो छ :

तिमीले सदियौंदेखि दिएको
अपमान नदेख्ने
हाम्रै सीप लुटेर
हामीलाई नै पीडा दिएको
कहिल्यै नदेख्ने
तिम्रो कुरूप व्यवस्थाले
पाइला-पाइलामा दिएको
यातना नदेख्ने
अहिले आरक्षण दिएको मात्र देख्ने
कस्तो 'सुन्दर' तिम्रो नजर
अनि भन्छौ-
हामी सब बराबर
खारेज गर् आरक्षण !!

(आरक्षण : पृष्ठ १९)

नेपाली समाजमा आरक्षणको सुविधा उपभोग गर्ने दलित समुदाय मात्र होइन । आदिवासी जनजाति, मधेसी, महिला, पिछडिएको क्षेत्र, अपांगता भएका व्यक्ति सबैले दलित समुदायले भन्दा धेरै प्रतिशत आरक्षण पाएका छन् । तर, नेपाली समाजले दलितलाई दिएको आरक्षण मात्रै देख्छ । कुरुप जात व्यवस्थाले दिएको मानसिक पीडा, समाजिक अपमान, विभेद र बहिष्करणको जाँतोमा पिसिँदै आएका दलित समुदायलाई क्षतिपूर्तिस्वरूप दिइएको सिर्फ नौ प्रतिशत आरक्षणमा किन गैरदलित समुदायले विरोध जनाउँछन् ? जबकि अहिले राज्यले प्रदान गरेको सकारात्मक विभेद दलितले ३५ सय वर्षदेखि भोग्दै आएको अमानवीय व्यवहारको अगाडि केही पनि होइन । उनीहरू स्वयंले सबैभन्दा धेरै अझ जन्मजाते पाइरहेको आरक्षण अथवा संरचनात्मक लाभांश भने देख्दै देख्दैन ।

'कर्नाली हाँस्दो छ' कवितासंग्रहकै शीर्षक कविता हो । कविले अरूले रोइरहेको देख्ने कर्णालीलाई बिम्बको रूपमा प्रयोग गरेर आफ्नो काव्यिक क्षमताको सुन्दर प्रस्तुति दिएका छन् । कविले 'कर्नाली हाँस्दो छ' कविताबाट कर्नाली र दलित समुदायको अवस्था उस्तैउस्तै रहेको कुरा उल्लेख गरेका छन् । राज्यबाट आजित कर्नाली र जात व्यवस्थाबाट प्रताडित



> माइकल लिप्टन न त समाजवादी थिए, न त कम्युनिस्ट । उनी विशुद्ध मानवतावादी अध्येता थिए । उनी सरल तथा स्पष्ट वक्ता थिए र बेलायतको सुसेक्स विश्वविद्यालयका प्रोफेसर । उनले एसिया र अफ्रिकाका थुप्रै मुलुकमा फिल्ड रिसर्च गरेका थिए ।

सापटी तिर्न नसकोस् र जग्गा हडप्न पाइयोस् भन्ने चाहना राख्थे । भूमिसुधारपछि भूमिको वितरण मात्र गरिएन कृषि उत्पादन बढाउन, खोज तथा अनुसन्धान, मल, बिउविजन औजार व्यवस्थापनका लागि सहकारी, कृषि ऋणका लागि सस्तो र सुपथ ब्याजदरमा बैंक तथा वित्तीय संस्था व्यवस्थापन, भइपरि आउने प्राकृतिक वा अप्राकृतिक नोक्सान भरपाई गर्न कृषि बिमा, र उत्पादित वस्तु तथा सेवाका बजार सहकारी गरी व्यस्थापन गर्ने काम पनि हुन पुग्यो । यस्तो सहज वातावरण निर्माण गरिएकै कारण भूमिसुधारको एक दशकभित्रै जापानको कृषि उपज आधाले वृद्धि भयो । दक्षिण कोरियामा दोब्बरले वृद्धि हुनपुग्यो भने ताइवानमा १५० प्रतिशतले कृषि उत्पादन बढ्यो (माइकल लिप्टन, 'दी बिगम्यान इन ल्यान्ड रिफर्म' दी इकोनोमिस्ट अप्रिल २०, २०२३) ।

०००

वास्तवमा भूमिसुधारकै कारण पूर्वी एसियामा जादुमय विकास सम्भव भएको थियो । जब मुलुकमा खाद्यान्न आयात गर्नुपर्दैन, बचत त त्यसै भइहाल्छ । विदेशी मुद्रा सञ्चित बढ्छ र अन्य उद्योगधन्दामा लगानी गर्न बिउपुजी आफैँसँग हुन्छ । सागसब्जी र अन्नपात उमार्न सकियो भने त निर्यात गरेर आयआर्जन पनि गर्न सकिन्छ । ताइवान, कोरिया र जापानले मात्र होइन, चीन र भियतनामले विश्वबजारमा आफ्नो सेयर बढाए । त्यही बचतबाट देशैभरि पहिला कृषि प्रशोधन तथा मल कारखान खोले । त्यसबाट बचत भएपछि उपभोग्य सामग्री उत्पादन गर्ने लाइट इन्डस्ट्रिज र अर्को फेजमा हेभी इक्विपमेन्ट उत्पादन गर्न थाले । आज संसारमा उनीहरूको बराबरी गर्ने ताकत विकसित मुलुकसँग पनि छैन ।

गलत मानसिकता बोकेर अनेकन देशमा गलत तरिकाको भूमिसुधार सम्पन्न भए । जस्तो कम्बोडिया, थाइलैन्ड, फिलिपिन्समा त्यो समय अन्यत्रको प्रभावशाली हावा नछिरोस् भनेर भूमिसुधारको गलत रचना गरिएको थियो । त्यसको परिणाम धनीहरू झन् धनी र शक्तिशाली बन्न पुगे र गरिब झन् गरिब हुनपुगे । आज पनि ती मुलुक प्रजातन्त्रका नाममा तानाशाहले चलाइरहेका छन् । फिलिपिन्स संसारभर आफ्ना सन्ततिलाई बाह्य श्रम बजारमा बेच्न बाध्य छ । नेपालको भूमिसुधार पनि फिलिपिन्सको भन्दा भिन्न थिएन । जस्तो विसं. २०१६ को कृषि गणनाले नेपालमा जग्गाजमिनविहीन परिवारको संख्या सात प्रतिशत उल्लेख गरिएको थियो । २०२२/२४ को भूमिसुधारपछि त्यो संख्या १७ प्रतिशत पुगेछ । अनि नेपालमा कस्तो भूमिसुधार गरिएछ भन्ने त यही तथ्यबाट उजागर हुन्छ । माइकल लिप्टनले यस्तो भूमिसुधारलाई 'बिग म्यान मोडेल अफ ल्यान्ड ओनरसिप' नाम दिएका थिए ।

माइकल लिप्टनको अन्तिम किताब सन् २००९ मा छापियो । शीर्षक, थियो,'ल्यान्ड रिफर्म इन डेभलोपिङ कन्ट्रिज : पोपर्टी राइट अर रड' । यो किताब नवउदारवादी बजार प्रणालीले स्थापित गरेको मान्यता र भूमिसुधारको मृत्युपश्चात् पनि केही काम गर्दा हुन्छ भन्ने स्टाइलमा लेखिएको छ । भूमिको स्वामित्वको केन्द्रीकरण गरेर आर्थिक वृद्धि हुन्छ, विकासको मूल फुट्छ, फुटेको मूल रसाउँदा केही थोपा गरिबका अन्जुलीमा पनि पर्छन् भन्नेहरूकै लागि लेखिएजस्तो लाग्छ । जस्तो नेपालका मूलधारका अर्थशास्त्री, ठूला अजंगका कांग्रेस, कम्युनिस्ट तथा अन्य नवउदारवादी पार्टीहरूका नेतृत्वहरू त्यही मानसिकताले ओतप्रोत भएको भेटिन्छन् । उनले भूमिसुधार हुँदा र नहुँदाको फाइदा र बेफाइदा मात्र औंल्याएका छैनन्, भूमिसुधारको मृत्यु कसरी गराउन खोजियो भन्ने पनि लेखेका छन् । यसरी मुद्दा पन्छाउँदा-पन्छाउँदै पनि आगामी ५० वर्षसम्म भूमिसुधारको मुद्दा संसारभर उठिरहनेछ ।

नवउदारवादी बजार अर्थतन्त्रले मानिसको सम्पत्तिमाथिको अधिकारबारे ठूलै हल्ला मच्चायो । कथित 'वासिङ्टन कन्सेन्सस'पछि दाता मुलुक र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको चापमा सत्ताधारीहरूले सम्पत्तिको अधिकारलाई कानुन बनाएर पालना गर्ने सर्तहरू तेर्स्याए । तर, आजको भेनेजुएला, बोलिभिया, इक्वेडर आदि मुलुकहरूमा ती डोनर संस्था र राष्ट्रहरू अन्देखा गरेर भूमिसुधारको मुद्दा अगाडि बढाइरहेका छन् । नेपालको वर्तमान संविधानमा सम्पत्तिमाथिको अधिकार अक्षुण्ण राख्ने प्रतिबद्धता जाहेर गरिएको छ भने अर्कातर्फ दलितलाई भूमिको मालिक बनाइने गफ पनि पस्किएको छ । अहिले संविधान घोषणापछि जति पनि आयोग बनाइए र बनेका छन् तिनले दोधारयुक्त अपरिभाषित विषय बोकेर न्यायिक वितरणसहितको भूमिसुधार र जमिन व्यवस्थापन गर्ने सम्भावना एकरत्ति पनि देखिँदैन ।

नवउदारवादले प्रस्तुत गरेको नवसंस्थागत सिद्धान्त (नियो-इन्स्टिच्युस्नालिस्ट थ्योरी) अनुसार धनाढ्य निजी क्षेत्रको हातमा सम्पत्तिको अधिकार सुम्पनु हो । अर्को अर्थमा जमिन्दारलाई आर्थिक दक्षता (इकोनोमिक इफिसिएन्सी)का नाममा जमिन जिम्मा लगाउनु हो । यसले सामान्य मानिसलाई विभिन्न बहाना र परिस्थिति निर्माण गरेर सम्पत्तिबाट किनारा लगाउने नै हो । साना किसानहरूले कसैलाई पनि सम्पत्तिबाट बेदखली गर्दैनन् बरु उनीहरू खाइजीविका चलाउनकै लागि सही मिलेर काम गर्न राजी हुन्छन् । यस सन्दर्भमा माइकल लिप्टन असाध्य प्रस्ट देखिन्छन् । उनले पछिल्लो पुस्तकमा यस्ता विषय लेखेका छन् ।

पुरानो समयमा जमिनको बजारीकरण आमजनताको जीविकाको सुरक्षाका लागि अभिप्रेरित थियो । अहिलेको बजारीकरण जमिनको भाउ अनुमान (स्पेकुलेसन), जमिन थुत्न (ल्यान्ड ग्राभिङ)का लागि, जमिनको स्वामित्व केन्द्रीकृत गर्न हेतुले, जमिनमा झगडा पार्ने र अधिनस्थ गर्न तथा जमिनबाट सर्वसाधारणलाई बेदखली गर्ने हेतुले निर्माण गरिन्छ । नेपालमा खड्गप्रसाद ओली सरकारको पालामा आएको भूमि बैंक र भूमि ऐन यस्तै नवउदारवादी बजारको पक्षपोषण गर्न गरिएको थियो । शेरबहादुर देउवाको सरकारले कृषि तथा खुद्रा व्यापारमा वैदेशिक लगानी भित्र्याउन खेलेको भूमिका होस् या प्रचण्ड सरकारले जमिनको कित्ताकाट खुलाइने जुन अभिप्राय अहिले बोकेको छ त्यो जमिन्दारहरूकै पक्षपोषण गर्न लालायित भएर गरिएका क्रियाकलाप हुन् ।

आफूलाई मार्क्सवादी समाजवादी दाबी गरून् या प्रजातान्त्रिक समाजवादी, उनीहरूले आ-आफ्ना सैद्धान्तिक प्रणेताबाट सिक्न चाहेनन् । उनीहरूले इम्यानुयल कान्ट र पिएरे जोसेफ प्रुन्धोको त नाम पनि सुनेका छैनन् होला । ती दार्शनिकले भनेका छन्, 'जमिन मानिसले बनाएको होइन ।' जुन सम्पत्ति उठाउन र बोक्न सकिन्न वा सार्न सकिन्न वा निर्माण गर्न सकिन्न त्यो निजी बनाइनुहुन्न । त्यसो गर्न थाल्यो भने ल्यान्ड युज प्लानको गफ नगर्दा हुन्छ । आज नेपालमा यही सम्पत्तिको अधिकार सुरक्षित गर्ने नाममा जमिन बाँझो रहन पुगेको छ । हिमाली क्षेत्रमा ७० प्रतिशत पहाडी क्षेत्रमा ४० प्रतिशत र तराई-मधेसमा १५ प्रतिशत जमिन बाँझो हुन पुग्नु यही सम्पत्ति सुरक्षाको नारामा रहेर हो । जमिनविहीन मानिसहरू खाडीमा, जमिन्दारहरू सहरमा बसेपछि उत्पादनमा शिथिलता आएको हो र आयातमा वृद्धि भएको हो । यतिबेला मुलुक भुक्तानी असन्तुलनको ठूलो भारले थिचिएको छ । मुद्रास्फीति उच्चदरमा उक्लिरहेको छ, बेरोजगारी व्याप्त छ र मन्दीग्रस्त अर्थतन्त्रका कारण राज्य आफैँ असफल हुने सँघारमा उभिएको छ ।

समाजवाद र कम्युनिस्टको ब्रान्डमा हैकम चलाइरहेका पार्टीहरूले आफ्ना पूर्वजलाई मात्र धोका दिइरहेका छैनन् । लिप्टनको 'बिगम्यान स्ट्राटेजी' बोक्नाले उनीहरूले टेकिरहेको भुइँ पनि खस्किरहेको छ । दशवर्षे जनयुद्ध चलाएर जसको जोत उसको पोतको नारा लगाएर आएको माओवादी पार्टीको पत्तासाफ हुँदै जानुमा भूमिसुधारको मुद्दाले लगभग ५० प्रतिशत काम गरेको छ । एमाले र कांग्रेसको पत्तासाफ हुनु अर्को चुनाव पर्खनु पनि नपर्ने हुन सक्छ । आज नेपालमा फेरि पनि भूमिसुधारको विकल्प छैन । स्वरोजगारी बढाउन मात्र होइन बहुसंख्यक मानिसहरूको जीविकोपार्जनका लागि पनि ।

०००

माइकल लिप्टन न त समाजवादी थिए न त कम्युनिस्ट । उनी विशुद्ध मानवतावादी अध्येता थिए । उनी सरल र स्पष्ट वक्ता थिए र बेलायतको सुसेक्स विश्वविद्यालयका प्रोफेसर । उनले एसिया र अफ्रिकाका थुप्रै मुलुकमा फिल्ड रिसर्च गरेका थिए । ती अध्येता १९३७ मा जन्मिएका थिए र भर्खरै अप्रिल १, २०२३ मा बेलायतमा उनको देहान्त भयो । ती मानवतावादी अर्थशास्त्रीलाई भावपूर्ण श्रद्धाञ्जली ।



च्याब्रुङसँगै राष्ट्र बनाउँदै बरध्वोज

बरध्वोजले केवल च्याब्रुङ मात्र बनाइरहेका छैनन्, बरु एउटा राष्ट्र नै बनाइरहेका छन्



युवराज भट्टराई
bhattaraiyuwaraj00@gmail.com

सिनेमा

प्रदेश १ को नामकरणविरुद्धको आन्दोलनले तातेको छ पूर्वी नेपाल । लगभग एक महिना हुन लाग्यो आन्दोलनका दौरान पदम लिम्बू (लाजेहाङ)ले सहादत प्राप्त गरेको । जतिबेला सहिद लाजेहाङको शवले हप्तौँदेखि अन्त्येष्टि कुरिबसेको थियो अनि अरू लाजेहाङहरू निरन्तर सडकमा थिए ठिक त्यति नै बेला लाजेहाङको भूमिबाट एउटा सुन्दर सिर्जना उदाएको छ । र, यो सिर्जना हो उपेन्द्र सुब्बाद्वारा निर्देशित चलचित्र 'जारी' ।

दर्शकको उल्लेख्य उपस्थितिका आधारमा हेर्दा यो चलचित्रले अभूतपूर्ण सफलता हासिल गरिरहेको छ । यस्तो लाग्छ, लाजेहाङहरू अहिले कि सडकमा छन् कि सिनेमाघरमा । कम्तीमा पूर्वी नेपालका केही हलहरूमा मध्यरातमा पनि जारीको प्रदर्शन हुनुले यही नै भन्छ । तर, याक्थुङ लिम्बूहरूको भूगोल र संस्कृति बोकेको 'जारी'ले केवल याक्थुङ लिम्बूहरूलाई मात्रै आकर्षित गरिरहेको छैन, समग्र नेपाली दर्शकहरूलाई नै लोभ्याइरहेको छ ।

'जारी'मा केही उल्लेख्य पात्रहरू छन् । जस्तै हाङ्मा, नाम्साङ, मंगल सिं । यी पात्रहरूको भूमिकामा पनि समकालीन सफल र चिरपरिचित अनुहारहरू छन्- मिरुना मगर, दयाहाङ राई र विजय बराल । भलै यी तिनै कलाकारहरू लिम्बू समुदायका होइनन्, तिनको अभिनयमा खोट लगाउनुपर्ने ठाउँ कतै छैन । यद्यपि, सिनेमाको सुरुदेखि अन्त्यसम्म नै यो मंगल सिं भन्ने पात्रलाई किन यति धेरै स्पेस दिइएको छ बुझ्न सकिँदैन । परम्परागत सस्तो हास्यरस भरेर दर्शकलाई हसाउनबाहेक यसको औचित्य फिल्ममा खासै देखिँदैन । मंगल सिंविना यो चलचित्र झन् सरल, कम मसलेदार र स्वस्फूर्त हुने थियो भनेर जोसुकैले पनि अनुमान गर्न सक्छ ।

खैर, अब जो सिनेमा बनिसकेको छ, प्रदर्शन भइसकेको छ र व्यावसायिक सफलता पाइसकेको छ । प्रमुख पात्र भएकाले सिनेमामा नाम्साङ र हाङमाको भूमिका केन्द्रमा छ । यद्यपि, पालम भन्न र धान नाच्न नजान्ने नाम्साङले सुब्बा शेरबहादुरकै छोरो भए पनि खास लिम्बू संस्कृतिको प्रतिनिधित्व गर्न सक्दैन । उसको सहयोगीको रूपमा निर्देशकले जबर्जस्ती उभ्याएको वर्णशंकर मंगल सिं आफैँ उक्त समुदायमा अनुहारकै कारण आउटसाइडरजस्तो छ । हाङमाका संवाद थोरै छन्, तर उनले भोगेका आरोह-अवरोहका कारण अनि त्यसलाई न्याय गर्न सक्ने मौन अभिनयले गर्दा उनी स्वस्फूर्त स्थापित भएकी छिन् जसरी नोकर्नीकै भूमिकामा भए पनि सासूआमाको मृत्युपश्चात् घरको मूल खाँबोको रूपमा उनले आफूलाई सहज ढंगले उभ्याएकी छिन् ।

सिनेमा आख्यान वा उपन्यासकै नयाँ स्वरूप हो । मिखाइल बाख्तिमको उपन्यास सिद्धान्तका अनुसार हेर्ने हो भने सिनेमा पनि सानाठूला हरेक पात्रको भूमिका र आवाजको उत्तिकै महत्त्व हुन्छ । त्यसैले, नाम्साङ र हाङमा मात्र होइन, सुब्बा शेरबहादुर, नाम्साङकी आमा, हाङमाको बाउ सुनदन्ते सुब्बा, हाङमाकी आमा, बहिनीलगायत हरेक सानाठूला पात्रहरूले आफ्नो भूमिकामाथि न्याय गरेका छन् । अधिकांश पात्र जीवन्त छन् । यति हुँदाहुँदै पनि 'जारी'को खास सौन्दर्य बोक्ने विशिष्ट पात्र भने अर्कै छ, त्यो हो हाङमाको भाइ बरध्वोज । नाम्साङसँगको झगडापश्चात् हाङमा माइत आइसकेपछि मात्र सिनेमामा बरध्वोजको प्रवेश हुन्छ ।

काँधमा च्याब्रुङ भिरेर ऊ घरको आँगनमा आइपुग्छ । बरध्वोजको चरित्र स्थापित गर्न कुनै गाह्रो हुन्न । च्याब्रुङ भिरेको छ, नौ दिनदेखि लापत्ता छ । प्रस्ट छ, ऊ कुशल च्याब्रुङवाधक हो, पालम र धान नाचको उस्ताज हो । संस्कृतिको धरोहर हो, कलाकार हो । यही बानीले गर्दा त उसले कमाउन सकेको छैन । त्यसो त हाङमाले दोस्रो ठाउँमा पोइल जाँदा पनि खुला मनले स्वागत गर्ने यही बरध्वोज नै हो । ऊ भन्छ, 'आ एकबारको जिन्दगी मन परेको मान्छेसँग जीवन काट्ने हो, आमा आङसराङ्गे मन परेन होला छोड्यो ।'

च्याब्रुङ बजाउँदै र नाच्दै हिँड्ने बरध्वोजको खासै घरमा वास हुँदैन । जब नाम्साङ दलबलसहित हाङमाको माइतमा जारी माग्न आइपुग्छ र बेइज्जत गर्छ त्यतिबेला समेत बरध्वोज घरमा हुँदैन । अन्ततः हाङमा स्वयं नाम्साङकोमा जारीको धितोजसरी बस्न जान्छे ।

अर्को दृश्यमा दिदी भेट्न गएको बरध्वोजलाई नाम्साङको घरछेउको मूलबाटोमा भेटिन्छ । 'बिहे भन्ने कुरा धनसम्पत्ति हेरेर गर्नु नहुनेरहेछ । धनीघरको भनेर सानैमा दिइहाले' बखतेलाई बरध्वोज सुनाउँछ । मुस्कुराउँदा-मुस्कुराउँदै आँखाभरि आँसु पार्दै भक्कानिएकी दिदीलाई हेरिबस्न ऊ सक्दैन, त्यसैले पोको थमाएर उ हतार-हतार फर्कन्छ ।

लगत्तैको दृश्यमा बखतेले रुँदारुँदा उदास देखिएको बरध्वोजलाई भन्छ, 'हाउ दाजु मन खिन्न नपार्नू । तिमीले गरेर यी सब भको होइन ।' बरध्वोजको मन कोमल छ, आफूले काम र कमाइ नगरेकोमा बाउआमाले दुःख पाएको यसको ठहर छ, 'नाच्ने-गाउने रस रमाइलोबाहेक अरूतिर मनै गरिनँ । साथीभाई जस्तो देशपरदेश गइनँ । मैले केही नगरेर बाउआमा र बहिनीहरूले दुःख पाए ।' त्यसैले बखतेलाई ऊ सुनाउँछ, 'अब म पनि कोइलाखात जान्छु ।'

पछि नाम्साङ र मंगल सिंले मेलाबाट छोपेर नुमालाई जबर्जस्ती तानी लैजाँदा मेलामा खुकुरी खोज्दै गरेको बरध्वोजलाई देखिन्छ । खुकुरी उज्याउँदै नुमालाई छुटाउन दौडन्छ । ऊ पुग्दा माइतीहरूले नुमालाई छुटाएर ल्याइसकेका हुन्छन् । नुमाहरू छेउ आइपुग्दा ऊ खुकुरी लुकाएर उभिन्छ । वास्तवमा फौदारी गर्नु बरध्वोजको खास चरित्र हुँदैन ।

एक दृश्यमा गाउँकै युक्ते बुढाले उसलाई भन्छ, 'च्याब्रुङ त तिम्रोजस्तो बज्ने भए पो नाच्न पनि रहर चल्थ । कि बेच हाउ मलाई ।' पैसाकै लागि पाँच हजारमा च्याब्रुङ बेचेर कोइलाखात जान ऊ तयार हुन्छ । तर, युक्ते बुढाले सल्लाह दिन्छ, 'सीधा हिसाब छ त । १०-१२ वटा च्याब्रुङ बनाएर बेच्न सक्दैनस् । यो निम्बुखोलावारि तिमीजति राम्रो र बज्ने च्याब्रुङ बनाउने कोही छैन ।'

बरध्वोज केहीबेर सोचमग्न हुन्छ । एक्कासी जुरुक्क उठ्छ र च्याब्रुङ लिएर नाच्न थाल्छ । अर्को दृश्यमा समेत ऊ आफ्नै घरको आँगनमा निष्फिक्री नाचिरहेको हुन्छ । अरू केही काम गर्नुपर्दैन बहुलाइस कि क्या हो भन्दै जब उसकी आमाले गाली गर्दा च्याब्रुङ ठोक्दै ऊ जवाफ दिन्छ, 'अब मेरो काम पनि यही धन्दा पनि यही हो आमा ।'

उता नाम्साङकी आमा मरिसकेकी हुन्छिन् । यता हाङमाको माइतमा राति बरध्वोज च्याब्रुङको ढुंग्रो बनाउँदै छ । बहिनी हेन्जिलाले बत्ती समाएर उज्यालो देखाइरहेकी छ । 'अब धेरै दिन बस्दिन त्यो घरमा मेरी चेली' जारी भरेर चाँडै हाङमालाई उकासेर त्याउने कुरामा एकदमै दृढ देखिन्छ बरध्वोज ।

बरध्वोजले च्याब्रुङ बनाएर बेचेर नै जारी तिर्ने पैसाको जोहो गर्छ र नाम्साङकोमा जान्छ । भोलाबाट पैसाको बिटो फाल्दै गोजीबाट नेपाली कागज निकालेर नाम्साङलाई दिँदै 'जारी बुझिलिएँ भनेर सही गर्' भनेर थर्काउँदै गरेको बरध्वोजमा ठूलो रूपान्तरण आइसकेको हुन्छ । त्यसो त उसको तागत र उग्र रूप सिनेमाको अन्त्यतिर नाम्साङ फेरि हाङमाको हात माग्न आउँदाको दृश्यमा देखिन्छ ।

यसरी हेर्दा बरध्वोजको रूपान्तरणको खास केन्द्रमा केही छ भने त्यो भनेको बरध्वोजको च्याब्रुङ नै हो । उसको शक्तिको खास स्रोत भनेको नै यही च्याब्रुङ हो, जसले उसलाई समस्याबाट पार मात्र लगाउँदैन, आर्थिक र सामाजिक हैसियत निर्माण गर्न पनि प्रमुख भूमिका खेल्छ ।

नवीन सुब्बाको 'नुमाफुङ'मा जारी तिर्न नै नसकेको कारण माइतीको परिवार बसाइँ हिँड्न बाध्य हुन्छ । तर, उपेन्द्र सुब्बाको 'जारी'मा भने बरध्वोजको च्याब्रुङले यो समस्या समाधान गरिदिन्छ । त्यसो त रवि सेर्माको 'केःबा कोक्मा'मा जस्तो उपेन्द्र सुब्बाको 'जारी'मा च्याब्रुङ र च्याब्रुङवाधक दुवै केन्द्रमा छैनन् । 'केःबा कोक्मा'को मुख्य पात्र कोक्मा ठूले आफैँ एउटा कुशल च्याब्रुङ निर्माता र वाधक हुन्छ । अनि, कोक्मा ठूलेले जेजति भुक्तमान व्यहोर्नुपर्छ त्यो सब उसको च्याब्रुङ मोहकै कारण भएको देखिन्छ । च्याब्रुङकै पछि लाग्दा घरको आर्थिक स्थिति पनि खस्कन्छ ।

सबैभन्दा राम्रो बज्ने कोक्मा ठूलेको च्याब्रुङ आरिसकै कारण मनजितेले फुटाइदिन्छ । अर्को च्याब्रुङ बनाउन रूख काट्दा वन समितिले जरिमाना तिराउँछ । च्याब्रुङका लागि छाला जोह गर्न नसक्दा कैयौँ हन्डर खान्छ । घरको गाई लडेर मर्दा त्यसैको छाला च्याब्रुङका लागि सुकाएको हुन्छ, तर उल्टै गाई मारेको आरोपमा थुनिनुपर्छ । सेर्माको 'केःबा कोक्मा'मा समस्याको खास कारण कोक्मा ठूलेको च्याब्रुङले सिर्जन्छ । र, यो सिनेमामा मुख्यतया खस आर्यन सांस्कृतिक र राजनीतिक वर्चस्वमाथि कठोर प्रश्न तेर्स्याएको छ, राज्यसंयन्त्रसँग आदिवासी अस्तित्वको टकरावलाई सतहमा देखाइएको छ ।

> अधिकांश पात्र जीवन्त छन् । यति हुँदाहुँदै पनि 'जारी'को खास सौन्दर्य बोक्ने विशिष्ट पात्र भने अर्कै छ, त्यो हो हाङमाको भाइ बरध्वोज । नाम्साङसँगको झगडापश्चात् हाङमा माइत आइसकेपछि मात्र सिनेमामा बरध्वोजको प्रवेश हुन्छ ।

खसआर्य सांस्कृतिक वर्चस्वविरुद्ध खरोसँग उत्रिएको 'केमाः कोक्मा'भन्दा धेरै मानेमा 'जारी' फरक छ । 'केःबाः कोक्मा'ले जस्तो वर्चस्वशाली भनिएको समूहको सांस्कृतिक तथा राजनीतिक हस्तक्षेपविरुद्ध 'जारी'ले कहीँ कतै गुनासो गर्दैन, आक्रोश पोख्दैन अर्थात् बुझिने भाषामा भन्दा 'जारी'ले पहिचानको मुद्दालाई सतहमा देखाउँदैन ।

परिपक्क ढंगले वर्चस्वशाली भनिएकाको सांस्कृतिक र राजनीतिक हस्तक्षेपविरुद्ध कहीँ कतै उच्चारण नगरी सपाट ढंगले आफ्नै भूगोल, संस्कृति र मौलिकतालाई पस्कँदै मूलधारको नेपाली सिनेमामा सशक्त हस्तक्षेप गर्नु नै 'जारी'को खास सफलता हो । एक त मूलधारका नेपाली सिनेमाले खसआर्यनइतरका कथा र पात्रलाई अस्वीकार गर्ने परम्परा थियो । त्यसैले गोपाल भुटानीजस्ता गैरखस-आर्यन कलाकारहरूले क्षमता हुँदाहुँदै पनि सहायक र हल्काफुल्का हसाउँने पात्रको भूमिकामा खुम्चनुपरेको थियो ।

एउटा अफ्रिकन कहावत छ 'जबसम्म सिंहको आफ्नै इतिहासकार हुँदैन सिकारको कथामा सिकारीको बखान गरिन्छ ।' आज याक्थुङ लिम्बूको आफ्नै कथाले सिंगो नेपाली सिनेमा उद्योगमा सशक्त हस्तक्षेप गर्दैगर्दा हिजोसम्म मधेसीलगायत अन्य गैरखस-आर्यनलाई भिराइने सस्तो हास्यरसयुक्त भूमिका भने मंगल सिंजस्तो खसआर्यन अनुहारको जिम्मा लगाइएको छ ।

जसरी कोसी प्रदेश नामाकरणविरुद्धको आन्दोलनले बीचमा केही समय मुर्झाउँदै गएको पहिचानको आन्दोलनलाई एकाएक फेरि ब्युँझाइदिएको छ, त्यसरी नै 'नुमाफुङ' र 'केमाः कोक्मा'जस्ता सिनेमाहरूले छोडेर गएको याक्थुङ सौन्दर्यचेतलाई एकाएक मूलधारमा स्थापित गरेको छ उपेन्द्र सुब्बाको 'जारी'ले । वर्तमान पूर्वी नेपालको राजनीतिक गरमागर्मी र व्यावसायिक सफलतासहित निस्किएको 'जारी'लाई समानान्तर रूपमा हेर्दा यस्तो आभास हुन्छ कि उपेन्द्र सुब्बाले अहिले केवल एउटा सिनेमा मात्र बनाइरहेका छैनन्, उनको पात्र बरध्वोजले केवल च्याब्रुङ मात्र बनाइरहेको छैन, बरु यी दुवैले सिनेमा र च्याब्रुङसँगसँगै एउटा राष्ट्र नै बनाइरहेका छन् । अनि 'केमाः कोक्मा'को च्याब्रुङदेखि 'जारी'को च्याब्रुङसम्म आइपुग्दा यो राष्ट्रनिर्माणको प्रक्रिया पनि अझ परिपक्क भएको छ ।

पहिचान र राष्ट्रियतासम्बन्धी सिद्धान्तका अनुसार, कलासाहित्य र सिनेमा आफैँमा पहिचान, समाज, संस्कृति र राष्ट्रियता निर्माणका शक्तिशाली डिस्कोर्स वा रिप्रजेन्टेसन हुन् । यस अर्थमा पनि उपेन्द्र सुब्बाको 'जारी' राष्ट्रियता निर्माणका सवालमा अघिल्ला लिम्बू भूगोल र संस्कृति समाल्ने सिनेमाहरूभन्दा एक कदम अघि छ । किनकि, आज 'जारी'सम्म आइपुग्दा आमनेपाली सिनेमा बजारले याक्थुङ लिम्बूको पहिचान, मौलिकता र राष्ट्रियतालाई सहर्ष स्विकारिसकेको छ । अब, बस् तत्काललाई हेर्न बाँकी छ प्रदेश १ ले यो पहिचान, मौलिकता र राष्ट्रियतालाई स्विकार्ने साहस गर्छ कि गर्दैन ?

दलितको भावना हो, यो कवितासंग्रह । कर्नालीमा दलितका पीडा, व्यथा र कर्नालीमा भएको प्रचुर सम्भावना उस्ताउस्तै छन् । जसरी कर्नालीलाई राज्यले उपेक्षामा राखेको छ, त्यसैगरी दलितलाई पनि सीप र कलाको धनी भएर चरम उपेक्षामा राखेको छ । कर्नाली र दलित दुवै राज्यविहीनतामा बाँचिरहेका छन् । राज्यले यी दुवैलाई किनारमा राखेर विभेद गरिरहेको छ । तर, कर्नालीका दलित, सामन्तवादी जातवादीबाट पहिले पनि डराएका थिएनन् र अब पनि डराउनेछैनन् भन्ने भाव यस संग्रहमा पाइन्छ ।



> समग्रमा यो कवितासंग्रह दलित समुदायको आवाजको साथै दलित आन्दोलनको एक हिस्सा पनि हो । यस संग्रहभित्र जातीय छुवाछुतविरुद्ध लेखिएका कविता अधिकांश छन् भने केही कवितामा कर्नालीका पीडा, सम्भावना र कालापहाडको दुखाइ चित्रण गरिएको छ । केही कविताले कम्युनिस्ट आन्दोलनको विचलित पक्षलाई समेत उजागर गरेको छ ।

लामो र गहिरो अर्थ बोकेको यस कविताको एउटा अंश यस्तो छ :

तुमीलाई दूरीको नाममा
भूगोलको नाममा
परका मान्ठले हेला गरिरह्यो
गरिब भनिरह्यो
चाउरी परेका छाला मात्रै देखिरह्यो
तुमी आफैँलाई धिक्कार्दै, पछुताउँदै
जुग जुग बग्न विवश बनाइरह्यो
तर तुमी
अंगालोभरी मोतीका बुकीहरू बोक्दै
परका मान्ठलाई नजरअन्दाज गर्दै
अभाव, दबाब र प्रभावलाई बेवास्ता गर्दै
मस्त हाँस्दै बसेकी छ्यौ ।


(कर्णाली हाँस्दो छ : पृष्ठ ९५)

यस कविताले सांकेतिक रूपमा कर्नालीको आवरणलाई चिनाउने प्रयास गरेको छ । राज्यले सधैँ कर्नालीको करङ मात्रै देख्यो । भोकमरी, गरिबी अशिक्षाबाट प्रताडित निरीह पात्र मात्रै देख्यो, तर कर्नालीसँग यी पीडा मात्र छैनन् ।

समग्रमा यो कवितासंग्रह दलित समुदायको आवाजको साथै दलित आन्दोलनको एक हिस्सा पनि हो । यस संग्रहभित्र जातीय छुवाछुतविरुद्ध लेखिएका कविता अधिकांश छन् भने केही कविता कर्नालीका पीडा, सम्भावना र कालापहाडको दुखाइ चित्रण गरिएको छ । केही कविताले कम्युनिस्ट आन्दोलनको विचलित पक्षलाई समेत उजागर गरेको छ ।

'कर्नाली हाँस्दो छ' लेखिनुको मुख्य कारण र उद्देश्य भनेको करिब ३५ सय वर्षदेखिको जातीय कुसंस्कारबाट स्थापित कथित मानवताविरोधी मूल्य-मान्यतालाई समाजबाट कसरी हुन्छ निस्तेज पार्नु नै हो । दलित समुदायको समानता, समता र सामाजिक स्वतन्त्रताको चाहनालाई टेवा पुऱ्याउनु हो । निदाएको बहाना गरिरहेको राज्यलाई झकझकाउनु हो । भलै कविता बिम्ब, आक्रोश, विद्रोह र पीडाले भरिएकै किन नहोस् । संग्रहमा आफ्नाबाटै जातको आधारमा विभेद भोगेका, अपमान सहेका आँसुका कथा छन् । एउटै समाजमा, एउटै भूगोलभित्र सम्मानका साथ जीवनयापन गर्न पाउनु, बस् कविको चाहना यत्ति छ ।

‘स्रेस्ता’मा भत्किएको पुलजस्तो समाज





किशोर नेपाल
kishore.nepal@gmail.com

समाज

एउटै ढुंगाले कुनै घर बनिन सक्दैन,
ढुंगाको तहतह हुनुपर्छ
एउटै पोखरीको कुनै ताल हुँदैन
थुप्रै दहदह जम्नुपर्छ
थामिन सक्दैन सागर हुटिट्याउँले सगर थाम्न खोजेर
बर्खे भेलको सानो चपेटले
मेट्न खोजेर मेटिन्न बगर
पहाड मधेस थुम्काथुम्की र उकाली ओरालीको देश
कसैको पेवा होइन, कसैले ठेक्का लिएर पनि हुने हैन,
मुहान जो बम्नुपर्छ, जम्नु यसको कुनै अर्थ हुँदैन ।
काठमाडौं एक्लैले अब काठमाडौं बोक्न सक्दैन
काठमाडौं एक्लैले अब सिंगै नेपालको अर्थ लगाउन सक्दैन ।

चार दशकअघि सडक कविता क्रान्तिको रोमाञ्चक समयमा कवि कृष्णभूषण वलले उद्घोष गरिसकेका थिए : काठमाडौं एक्लैले अब काठमाडौं बोक्न सक्दैन । समकालीन राजनीतिक परिस्थितिले उद्वेलित गराएको उनको मन र त्यो उद्वेलनबाट निःसृत अनुभूति थियो त्यो कथन । त्यसको तीन दशकपछि मूलधारका राजनीतिक दल र राज्य विद्रोहमा लागेको माओवादी दलको संयुक्त जनसंघर्षले नेपाललाई संघीय गणतन्त्रमा रूपान्तरित गऱ्यो । २०३६ सालमा राजा वीरेन्द्रले आफ्ना ‘प्रजा’लाई बहुदलीय प्रजातान्त्रिक व्यवस्था र निर्दलीय पञ्चायत व्यवस्थाबीच कुनै एकको चयनको आह्वान गरेका थिए, जनमत संग्रहको माध्यमबाट । जनमत संग्रहमा बहुदल पक्षको भिन्नो मतले पराजय भएको थियो । अहिले पासाहरू पल्टिएका छन् । देशमा भोक छ, रोग छ, अभाव छ । राजनीतिमा प्रवेश गरेका नयाँ छिमलका मानिसहरू राजनीतिमा स्थापित दललाई चुनौती दिन सफल भएका छन् ।

जनमत संग्रहको समयमा तत्कालीन वामपन्थी राजनीतिमा प्रभावशाली मानिएका नेता र राजाबीच ‘समझदारी’ स्थापित भएको चर्चा छताछुल्ल भएको थियो । पछि मालेले जनमत संग्रह बहिष्कार गरेर निर्दलीय पक्षलाई सघाएको थियो । बिपी कोइराला एक्लै प्रतिद्वन्द्वीका रूपमा उभिनुभएको थियो । त्यतिवेला नेपाली काग्रेससँग विमति राख्ने समूह राजासँग मिलेर देशको शासन चलाउन चाहन्थ्यो । वामपन्थीहरूमा विचलन थियो । कम्युनिस्ट नेता मनमोहन अधिकारी र उहाँका समर्थक बहुदलीय प्रजातन्त्रको पक्षमा सक्रिय थियो । जनमत संग्रहमा बहुदल पक्षको पराजयपछि स्थानीय रूपमा प्रभावशाली मानिएका मालेका केही नेताहरू ‘जनपक्षीय’ पञ्चका रूपमा राजनीतिको मैदानमा उत्रिएका थिए ।

जनमत संग्रहमा बहुदलीय पक्षको पराजयपछि नेपालको राजनीतिक, सामाजिक र आर्थिक जीवनमा घोर निराशा छाएको थियो । त्यो निराशालाई चिर्न कविहरूले सडक कविता क्रान्तिको प्रारम्भ गरेका थिए । कविता क्रान्तिमा कृष्णभूषणको कविता बेजोडको थियो । यसका एक-एक शब्दले सुन्ने मानिसको रगत उमाल्थ्यो । कृष्णभूषणको कविताको अन्तिम हरफ अत्यन्त गम्भीर थियो । कविको निष्कर्ष थियो- काठमाडौं एक्लैले अब सिंगै नेपालको अर्थ लगाउन सक्दैन ।

०००

त्यसको दुई दशकपछि नेपाल राजतन्त्रात्मक देशबाट लोकतान्त्रिक गणतन्त्रमा परिणत भयो । तर, यो देशको संघीय लोकतान्त्रिक गणतन्त्रको ‘चरित्र’ कहिल्यै उजागर हुन सकेन । नयाँ र पुराना छिमलका उत्साही नेताहरूको चरित्रमा कुनै समन्वय आउन सकेन । जनता नगरा र घण्टाको आवाजमा रमाउन थाले । सहर सफा राख्न दाता राष्ट्र जर्मनीले गोकर्णमा बनाइदिएको डम्पिङसाइट भरियो । त्यसपछिको डम्पिङ साइट ककनी र कोल्पु फाँट केन्द्रित छ । सहरको आवादी बढ्दै गएको छ ।

रम्ने त्यहीं हो, जहाँ रमाउन सकिन्छ । रमाउन वा खुसी हुन मानिसको हातमा टिकटक छ । फेसबुक छ । ट्विटर छ । युट्युब छ । यी सबै अस्थायी हुन् । एउटा चुनावमा भारी मतले जित्ने व्यक्ति अर्को चुनावमा उत्तिकै भारी मतले हार्छ । चुनावमा हार्ने र हराउने तिकडम चुनावको परम्परा र प्रचलन सुरु भएको दिनदेखि नै छड्किरहेको छ ।

यतिवेला नेपाली जनता आफ्नो जीवनमूल्यलाई ताकमा राखेर विदेशतिर एकोहोरिएर सोहोरिन थालेका छन् । दुःखजिलो गरेर देशको माटो मलिलो बनाउने जाँगर कसैमा छैन । प्रत्येक दिन हजारौंहजार नेपाली विदेश जान चाहन्छन् । तर, साउनमा आँखा फुटेको गोरुले सधैं हरियो देख्छ भनेझैं विदेशमा सबैले सधैं काम पाउँछन् नै भन्ने ग्यारेन्टी के छ ? विसंगति र विडम्बना कि विदेश जाने र देशमा बसेर कृषिकर्म गर्ने दुवैथरी नेपाली मिटर ब्याजको फित्तामा जेलिएका छन् । अवस्था यस्तै रहने हो भने प्रकारान्तरमा नेपाली जातिले जिप्सीको जीवन बिताउनुपर्नेछ ।

उसै पनि, दक्षिण एसिया यायावरहरूको बस्ती हो ।

साँच्चै हो कि के हो ? यसै भन्न सकिँदैन । अहिलेका लागि यो मेरो शंका हो । परिवर्तनका अनेकन् सोपानहरू पार गर्दै जाँदा अहिलेसम्मका कुनै परिवर्तनले सुखद सम्भावनाका ढोका खोल्न सकेनन् । २०४७ को परिवर्तनपछिको प्रजातान्त्रिक समयसत्ताको तदर्थवादमा त्यत्तिकै बित्यो । २०६२ को परिवर्तन पछिको गणतान्त्रिक समय हाहाकार र कोलाहालमा बित्यो । शान्तिको व्यापारमा लागेका कतिपय व्यक्तिहरू अहिलेसम्म पनि नेपालमा चलेको हिंसात्मक द्वन्द्वमा मारिएका सत्र हजारको शवको कठालो समातेर बसेका छन् । मारिने सात हजार थिए कि सत्र हजार थिए कि सत्तरी हजार थिए कि सात लाख थिए ? यसको यकिन भएको छैन ।

०००

पाँच वर्षको बच्चो बबुआलाई काँधमा राखेर, उसलाई जिस्क्याउँदै र ऊसँग जिस्किँदै, भुरीलाल धानुक बानेश्वर र सिनामंगल जोड्ने ‘भत्केको’ पुल तर्दै थियो । ऐन-कानुन र श्रेस्ता अदालती आँखाले लेखपढ गर्न सक्ने भुरीलालको आँखामा यो पुल सदे थियो । पुल सुरु हुने ठाउँमा साइनबोर्ड थियो : भत्केको पुल । चालू हालतमा थियो : मोटर गाडी, ट्याक्सी, टिपर-टेम्पो, फोहोर बोक्ने गाडी- सबै आफ्नै तालले गुडिरहेका थिए । हतार सबैलाई थियो । जेब्रा क्रसिंगको त कुनै मर्यादा नै थिएन । भुरीलालले सुनेको थियो- काठमाडौंका मेयर साब यतै गैरीगाउँतिर कतै बस्नुहुन्छ । छोरोलाई काँधमा बोकेर भत्केको पुलमाथि हिँडिरहेको भुरीलालको मनमा एउटै प्रश्न बारम्बार उठिरहेको थियो- यसलाई किन भनियो भत्केको पुल ? भुरिलालले हजारौंपटक भत्केको पुलबाट बागमती नदी पार गरिसकेको छ । भुरीलालले सोच्यो- यो पुल श्रेस्तामा मात्रै भत्किएको होला । उसलाई राम्ररी थाहा छ, नेपालका धेरै योजना र आयोजना श्रेस्तामा बन्छन् ।

बबुआ बाबुको काँध चढ्न पाएर रमाउँदै थियो । भुरीलाल बागमतीको पुल तरेर सिनामंगलतिर लाग्दै थियो । अचानक उसका गोडा तारमा अड्किए । तै ऊ पछारिएन । भगवान्ले हात थापिदिए । बबुआलाई काँधबाट सुरक्षित उतारेपछि भुरीलाल आफ्नो बोझ आफैं धान्न नसकेर पुलको मुखमा लमतन्न पऱ्यो । बाबुको हालत देखेर बच्चो बबुआ निकै आत्तिएको थियो । देशमा बेथिति उत्तिकै छ । सडकमा बिजुली, टेलिफोन, इन्टरनेटका तार जथाभावी लत्रिन नदिने र भूमिगत गर्ने निर्णय सम्बन्धित निकायले अनेकौंपटक गरेका छन् ।

वैदेशिक रोजगारीको आकर्षणमा परेर भुरीलाल भुइँचालोअघि काठमाडौं आएको थियो । उसको छनोट मलेसियाका लागि भएको थियो । ऊ मलेसिया उड्यो पनि । तर, काम गर्न सकेन । कम्पनीले हवाई टिकट दिएर उसलाई नेपाल फर्काइदियो । काठमाडौं ओर्लिएपछि भुरीललालाई आफ्नो घर महोत्तरी फर्किन पटक्कै मन लागेन । उसले काठमाडौंमा बस्ने र यहीं काम खोज्ने विचार गऱ्यो । यसमा उसको कागजपत्र र श्रेस्ता केलाउने सीपले मद्दत गऱ्यो । एकजना वकिल साहेबले भुरीललालाई आफ्नो सहायक बनाए । उसलाई सहरमा स्थापित हुन बेर लागेन ।

सहरमा नवनिर्माणको मौसम चलेको वेला हो यो । सडकपेटीको निर्माण र सजावटमा एकाग्र छ महानगरपालिका । उसका लागि निर्माणाधीन सडकपेटी, निर्माण भइसकेका सडकपेटीको छेउमा सारिएका धुपी र सल्लाका ससाना बिरुवा अत्यन्त प्रिय छन् । प्रकृतिको चमत्कार मानिने नेपाल भूमिमा वृक्ष र बिरुवाको हास्यास्पद प्रदर्शन । तर, दुनियाँ चकमन्न छ । दुई दिनअघिसम्म सहरका मानिस आ-आफ्ना मोबाइल र टेलिभिजनमा उपचुनावको रमिता हेर्दै थिए । चुनावको मौसममा टोल-टोलमा साक्षात श्रीकृष्ण भगवान् द्वापरयुगीन द्वारिका अधिराज्यबाट हिन्दूबहुल राष्ट्र नेपाल गणराज्यको हित संरक्षणका लागि साक्षात नेपालको संघीय राजधानी सहर काठमाडौं आउनुभएको पो हो कि भन्ने शंकाको सागरमा डुबेको छ देश ।

०००

देश उसै पनि तमासामय भएको छ । सडकमा चारैतिर तमासा छरिएको छ । यो असन्तोषविरुद्धको तमासा हो कि ? अन्यायविरुद्धको तमासा हो कि ? राष्ट्रिय गौरवका ‘घुलनशील’ आयोजनाका सम्बन्धमा अदालतले दिएको मिथ्या न्यायविरुद्धको तमासा पो हो कि ?

देश उसै पनि तमासामय भएको छ । सडकमा चारैतिर तमासा छरिएको छ । यो असन्तोषविरुद्धको तमासा हो कि ? अन्यायविरुद्धको तमासा हो कि ? राष्ट्रिय गौरवका ‘घुलनशील’ आयोजनाका सम्बन्धमा अदालतले दिएको मिथ्या न्यायविरुद्धको तमासा पो हो कि ?

सडकमा उभिएका एकथरी मानिस भन्दै छन्- अब घण्टी बज्नेछ । तमाम अन्यायीहरूका आँखाले देख्न छाड्नेछन् । तिनका कान पनि बन्द हुनेछन् । सुनेर सहरका मानिस अलमलिएका छन् । जति अलमलिन्छन्, त्यति खाल्डामा पर्छन् । तर, को लागेको छ हाम्रा पछाडि हामीलाई अलमल्याउन ? एउटा भन्छ : बिजुली छेलोखेलो हुने गरी उत्पादन हुन्छ । देशबाट बिजुली निर्यात हुन थालेको छ । अब देश निमेषभरमा धनधान्यले पूर्ण हुनेछ । अलिकति पनि बेर लाग्नेछैन । त्यसपछि रोजगारीका लागि बिदेसिएका नेपालीहरू गुटुटुटु देश फर्किनेछन् ।

सकारात्मक सोचका आतंक व्यहोर्दाव्यहोर्दै नेपाली समाज बतासिएको छ । कहिलेकाहीं मनमा प्रश्न उब्जिन्छ- यतिवेला नेपालले भारतको बाटो बंगलादेशलाई बिजुली बेच्ने सम्झौताका जुन कुरा उठेका छन्, त्यसको आधार के होला ? के यो साँच्चै सम्भव होला ? नेपालले बांगलादेशलाई बिजुली प्रवाह गर्न थालेपछि नेपाल-भारतबीच रहेको पन्ध्र सय किलोमिटर लामो सीमाको थप सुरक्षाका लागि भारतले कति खर्च बढाउनुपर्ला ? उसले नेपालको स्वार्थमा त्यो खर्च किन उठाउला ?

०००

‘पेटीबाट हिँड्नुहोला’ सहरका लागि यो सूचना नयाँ होइन । पचास वर्षअघिदेखि नै यो सन्देश मुखरित हुने गरेको थियो, यो सहरमा । देशमा प्रजातन्त्रको सुगम प्रवेश भएपछि सन्देशको प्रारम्भमा ‘कृपया’ शब्द पनि थपियो : कृपया, पेटीबाट हिँड्नुहोला । अहिलेसम्म देशमा अनुशासनको शासन कायम नै छ । मानिसहरू मोटरले कुल्चिएर मर्न चाहँदैनन् । पेटी भएका ठाउँमा पेटीबाट मात्र हिँड्छन् । जहाँ पेटी छैन, त्यो अप्ठेरो परिस्थितिमा सडकबाट पनि हिँड्छन् । पेटी नभएको सडकमा कहाँबाट हिँड्ने त ? संकेतको घण्टी बज्न बाँकी नै छ ।

प्रजातन्त्रमा सरकारले जनताको सम्मान गर्नुपर्छ भन्ने सूत्र स्थापित भएको थियो, सात सालको क्रान्तिपछि । बिस्तारै त्यो सन्देश हराउन थाल्यो । राणाशासनको अन्त्यपछि, एकै लहरमा मातृकाप्रसाद कोइराला, टंकप्रसाद आचार्य, डा. केआई सिंहजस्ता बुजुक नेताहरू प्रधानमन्त्री भए । नहुनेमा इतिहासकार डा. डिल्लीरमण रेग्मीको नाम मात्र बाँकी रह्यो । डा. रेग्मीको मन-मस्तिष्कमा प्रधानमन्त्री हुने चाहना पर्याप्त थियो । तर, उहाँ राजाको होइन, देशको प्रधानमन्त्री बन्न चाहनुहुन्थ्यो । राजाको इच्छाविरुद्ध आफ्नो इच्छाको सम्मान गर्ने डा. रेग्मी प्रधानमन्त्री पदमा ‘जागिर’ खान कहिले तयार हुनुभएन । प्रधानमन्त्री नबनीकनै उहाँको निधन भयो ।

त्यो समयमा सहरमा ‘पिच’ रोड बन्न थालेको थियो । ‘पिच’ रोड- मानिसमा उत्सुकता जगाउन पिच शब्द नै काफी थियो । सडकहरूमा अहिलेको जस्तो मोटरको भिड थिएन । ‘एकतर्फी’ बाटोको संकेत गर्ने सन्देशको आवश्यकता थिएन । तैपनि, एकतर्फी शब्द तिखारिएका हुन्थे । ती नाराका रूपमा लेखिन्थे । सडकपेटीमा सबैले देख्ने गरी राखिन्थे । मोटरहरू साह्रै कम थिए सहरमा । बरु टुँडिखेलको पश्चिमी किनारामा पछिसम्म पनि लस्करै खडा गरिएको ट्रामका डिब्बा देखिन्थे । खिया लागेर खुइलिइसकेका डिब्बा । अलिकति उत्तरमा महाँकाल भैरवको मन्दिर थियो । मन्दिरअगाडि उभिएको थियो ‘म्याजेस्टिक’ दरबार । त्यो मिलिटरी अस्पताल थियो । अहिले त त्यो म्याजेस्टिक दरबारको पनि कायापलट भइसकेको छ । अस्पताल भवनको दक्षिणी मोहडामा ‘सानो खाल’को विशाल बजार खुलेको छ । सेनालाई थाहा छ, सरकारसँग मनग्य पैसा छैन । यही कारण हो- सेनाले आत्मनिर्भर भएर देशको सेवा गर्न संगठित हिसाबले व्यापार व्यवसाय गर्न थालेको । आफ्नो दालभात आफैं कमाऊ । यो क्रम निरन्तर जारी रह्यो भने संसारमा नेपाली सेनाले आर्थिक रूपले आत्मनिर्भर सेनाको दर्ज्यानी चिह्न कमाउनेछ ।

मोटरसाइकलमा डाइनोसर



उमेश अकिञ्चन
umeshakinchan@hotmail.com

कविता

लोप भयो भनेको
डाइनोसर
हजार शताब्दीपछि
देखियो
मोटरसाइकलमा गुडिरहेको

डार्बिनका चेलाहरू
ग्रेगर मेन्डलका साथीहरू
खोज्न थाले
नयाँ क्रोमोजमको म्युटेसन

अचम्म !

डेमलरलाई माथ खुवाउँदै
किन रोज्यो डाइनोसरले
मोटरसाइकल

कहिले देखिन्छ
न्युयोर्कको हडसन नदीमाथि
पिज्जा बोकेर दौडिरहेको
कहिले
सांघाईको ‘बन्ड’छेउ
ट्राफिक पुलिसको भेषमा अडेस लागिरहेको

कहिले
जोहानेसवर्गको सुनखानीछेउबाट
कामदारको भेषमा गुडिरहेको

नेपालको सडकैभरि
निम्न मध्यमवर्गीयको साधन मोटरसाइकलमा
निरन्तर
दौडिरहेछन् डाइनोसरहरू

दौडिँदा ऊ मात्र दौडिँदैन
दौडिन्छ
अजङ्गको ज्यान
एक्काइसौं शताब्दी उपभोगको दम्भ
समाजप्रतिको समर्पण
परिवारको पदचाप
र
कलिलो कसम

सबैभन्दा बढी
उसले पर्छ
सम्झौता गर्न
बाँच्नलाई

उसका आँखामा
ओहोरदोहोर गर्छन्
अत्यधिक सपनाहरू

मार्क्सवादको रातो कलम
पुँजीवादको पहेंलो पापड
वातावरणविद्का हरिया नारा
वान्थरी माथाइका रुख रोप्ने अभियान
कतै छाडेर
ऊ
बदलिन चाहन्छ
डाइनोसरबाट मान्छेमा
तर

थाहै नपाई संसारभरिका
निम्नवर्गका मानिसहरू
लोप हुन्छन्
डाइनोसरजस्तो

जो
थाम्न नसक्ने गह्रुंगो समस्या बोकेर
दुब्लो मोटरसाइकलमा जीवनभर
दौडिरहेका हुन्छन् ।

अर्थतन्त्रको समस्या समाधानका लागि महासंघ र परिसंघले सहकार्य गर्ने

नयाँ पत्रिका
काठमाडौं, १५ वैशाख

निजी क्षेत्रका दुई ठूला संगठन नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघले अर्थतन्त्रको समस्या समाधानका लागि सहकार्य गर्ने ऐक्यबद्धता व्यक्त गरेका छन् । परिसंघले शुक्रबार राखेको महासंघका नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा स्वागत कार्यक्रममा दुई संस्थाले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् ।

परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले महासंघका नवनिर्वाचित अध्यक्ष चन्द्रप्रसाद ढकाल, वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, उपाध्यक्षहरू सुरकृष्ण वैद्य, ज्योत्स्ना श्रेष्ठ, हेमराज ढकालसहित कार्यसमिति सदस्यहरूलाई स्वागत गरेका हुन् ।

महासंघको २८ र २९ चैतमा सम्पन्न वार्षिक साधारणसभाबाट उनीहरू नयाँ कार्य समितिमा चयन भएका थिए ।

कार्यक्रममा परिसंघका अध्यक्ष अग्रवालले



वर्तमान चुनौतीपूर्ण अवस्थामा रहेको अर्थतन्त्र सुधार, निजी क्षेत्रमैत्री ऐन-नियम निर्माणका लागि सहकार्य गर्दै सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने बताए ।

निजी क्षेत्रले भोगिरहेका समस्या समाधानका लागि छाता संगठनहरू मिलेर समाधानका उपायसहित सरकारसमक्ष प्रस्तुत हुनुपर्ने उनको भनाइ थियो । एक भएर अगाडि बढ्दा निजी क्षेत्रको समस्या समाधान भएको दृष्टान्त प्रस्तुत गर्दै उनले आगामी दिनमा पनि अर्थतन्त्र सुधार तथा लगानीमैत्री वातावरण निर्माणका लागि एक भएर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले अर्थतन्त्र चलायमान बनाउन र विद्यमान अर्थतन्त्रको चुनौती सामना गर्न निजी क्षेत्र एक भएर अगाडि बढ्नुपर्ने बताए । निजी क्षेत्रले संगठित रूपमा उठाएका विषयलाई सरकारले गम्भीरतापूर्वक लिएको बताउँदै उनले समान ध्येयका साथ अगाडि बढे समस्या समाधान हुने विश्वास व्यक्त गरे । परिसंघका निवर्तमान अध्यक्ष सतिशकुमार मोरले विद्यमान अर्थतन्त्रमा देखिएको समस्या समाधान गर्न यथार्थपरक समाधानका उपायहरूसहित सरकारलाई सुझाउनुपर्ने बताए ।

परिसंघका वरिष्ठ उपाध्यक्ष राजेशकुमार अग्रवालले थप प्रभावकारी रूमा निजी क्षेत्रका समान समस्या समाधानका लागि समान उपायहरू खोज्नुपर्ने बताए ।

महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्नेमा जोड दिए । कार्यक्रममा परिसंघका उपाध्यक्ष हेमराज ढकाल, परिसंघ गभर्निङ काउन्सिल सदस्य शिवरतन सारडा, योगेश्वरलाल श्रेष्ठलगायत सहभागी थिए ।

नयाँ स्टक एक्सचेन्जको लाइसेन्स दिन छनोट समिति बनाइँदै

नयाँ पत्रिका
काठमाडौं, १५ वैशाख

नेपाल धितोपत्र बोर्डले नयाँ स्टक र कमोडिटी एक्सचेन्जको लाइसेन्स वितरण गर्न छनोट समिति बनाउने भएको छ । बोर्ड बैठकमार्फत जसको पूर्णांक १०० तोकिएको छ । विस्तृत व्यावसायिक कार्ययोजनाको ६० अंकबाहेक समितिले अन्य मापदण्डमा प्राप्त अंक र अंकभारलाई गणना गरी बोर्डसमक्ष पेस गर्नेछ । प्रस्तावित प्रविधिको २४ अंक, सञ्चालकको अनुभव र शैक्षिक योग्यतालाई आठ अंक र पुँजीलाई चार अंकभारमा विभाजन गरिएको छ ।

केही दिनमै छनोट समिति बनाएर आवेदन परेका कम्पनीको छानबिन र मूल्यांकन गर्ने भएको हो । एक महिनाभित्र छानबिन र मूल्यांकन सकेर लाइसेन्स वितरण गर्ने तयारी रहेको बोर्ड अध्यक्ष रमेशकुमार हमालले जानकारी दिए । उनले भने, 'एक वा दुई दिनभित्र बोर्ड बैठक बस्छौं र छनोट समिति बनाएर कम्पनीको मूल्यांकन पक्रियामा जान्छौं ।' मूल्यांकन समितिले आवेदन परेका तीनवटै स्टक एक्सचेन्ज कम्पनी र चारवटा कमोडिटी एक्सचेन्जको मूल्यांकन र छनोट गर्नेछ । स्टक एक्सचेन्ज निवेदक कम्पनीलाई मापदण्डका आधारमा अंक दिने व्यवस्था छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

गुल्मीमा निगमको परीक्षण उडान

काठमाडौं/ नेपाल वायुसेवा निगम (एनएसी)को कलसाइन ९एन-एबिटी ट्विनअटर विमानबाट गुल्मीको रेसुंगा विमानस्थलमा परीक्षण उडान सफलतापूर्वक सम्पन्न भएको छ । परीक्षण उडानका लागि जहाज काठमाडौंबाट बिहान ६:४६ बजे उडान गरी ७:४२ मा रेसुंगा विमानस्थलमा अवतरण गरेको थियो ।

उक्त परीक्षण उडानमा निगम र नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का प्राविधिकहरूको संयुक्त टोली सहभागी थियो । परीक्षण उडानपश्चात् निगमसँग जहाजको उपलब्धता भएसँगै काठमाडौं-रेसुंगा-काठमाडौं सेक्टरमा नियमित उडान सञ्चालन गर्न निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले निर्देशन दिएका छन् ।

डोल्पा पुग्यो राष्ट्रिय ग्रिडको बिजुली, हुम्ला र मुगु बाँकी

नयाँ पत्रिका
काठमाडौं, १५ वैशाख

कर्णाली प्रदेशको डोल्पा जिल्ला पनि विद्युत्को राष्ट्रिय प्रसारण प्रणाली (ग्रिड)मा जोडिएको छ । नेपाल विद्युत् प्राधिकरणले रुकुम-पश्चिमको मुसिकोट नगरपालिकामा रहेको मुसिकोट सबस्टेसनबाट सोही जिल्लाको आठबिसकोट नगरपालिका हुँदै डोल्पा सदरमुकाम दुनैसम्म ११ केभी प्रसारण लाइन निर्माण सम्पन्न गरी विद्युत् पुऱ्याएको हो ।

प्राधिकरणले उक्त प्रसारण लाइनको परीक्षण सम्पन्न गरी बिहीबारबाट सञ्चालनमा ल्याइसकेको छ । साथै, सदरमुकाम दुनैलगायतका क्षेत्रमा विद्युत् आपूर्ति दिन पनि सुरु गरिएको छ । यससँगै कर्णाली प्रदेशका १० जिल्लामध्ये आठ जिल्ला राष्ट्रिय ग्रिडमा जोडिएका छन् । अब हुम्ला र मुगुमा ग्रिडको विद्युत् पुग्न बाँकी छ । मुगुमा आगामी असारभित्रमा ग्रिडमा जोड्ने गरी प्रसारण लाइन निर्माण भइरहेको प्राधिकरणको भनाइ छ । यद्यपि, हुम्लामा कहिले प्रसारण लाइन पुग्छ भनेर ठुंगो लागिसकेको छैन । त्यसको टेन्डर प्रक्रिया पूरा गरेर निर्माण व्यवसायी छनोट भइसकेकाले छिट्टै निर्माण कार्य सुरु हुने प्राधिकरणको भनाइ छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले कर्णाली प्रदेशमा पर्ने जिल्लाहरूको विद्युतीकरणलाई उच्च प्राथमिकतामा राखी काम भइरहेको बताए । 'डोल्पामा राष्ट्रिय ग्रिड पुगेको छ, मुगुमा असारभित्रमा पुग्नेछ, हुम्लाका लागि टेन्डरको प्रक्रिया पूरा गरी निर्माण व्यवसायी छनोट भइसकेको छ,' उनले भने, 'डोल्पा सदरमुकाम र त्यसआसपासका क्षेत्रमा लघु जलविद्युत् आयोजनामार्फत विद्युत् आपूर्ति हुँदै आएकोमा अब राष्ट्रिय ग्रिडमार्फत हुनेछ, साथै जिल्लाभरि विद्युत् सेवा विस्तार गर्न विद्युतीकरणको काम भइरहेको छ ।'

प्राधिकरणले डोल्पाको ठूलीभेरी नगरपालिकामा पर्ने जिल्ला सदरमुकाम दुनै र त्रिपुरासुन्दरी नगरपालिकाका क्षेत्रहरूमा दुई सय किलोवाट जडित क्षमताको जैरीगाड साना जलविद्युत्गृहमार्फत विद्युत् आपूर्ति गरिरहेको छ । डोल्पामा प्राधिकरणका करिब एक हजार सात सय ग्राहक छन् ।

प्राधिकरणले एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी) र युरोपेली लगानी बैंक (इआइबी) बाट करिब २२ करोड अमेरिकी डलर (करिब २८ अर्ब रुपैयाँ) सहुलियतपूर्ण ऋण लिएर लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा विद्युतीकरण गरिरहेको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

(प्रकाशित मिति: २०८०/०१/१६)

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय अनुसार रहेका छन् ।

१. **निकायको स्वरुप र प्रकृति :**
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित "क" वर्गको राष्ट्रियस्तरको वाणिज्य बैंक हो ।

२. **निकायको काम कर्तव्य र कार्य अधिकार :**
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको काम, कर्तव्य र कार्य अधिकार अन्तर्गत निक्षेप परिचालन गर्ने र तिनको भुक्तानी दिने, रकमान्तर गर्ने, परियोजना तथा हाइपोथिकेसन धितो राखी कर्जा दिने, सहवित्तीयकरणको आधारमा कर्जा दिने लगायत विभिन्न प्रकारका कर्जा प्रवाह गर्ने, प्रतितपत्र तथा जमानत पत्र जारी गर्ने, शेयर, डिवेञ्चर, ऋणपत्र आदि जारी गर्ने, विदेशी विनिमय कारोबार गर्ने, नेपाल राष्ट्र बैंकले तोकेको शर्तमा नेपाल सरकारको तर्फबाट सरकारी कारोबार गर्ने, नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरीद बिक्री गर्ने, विदेशबाट विप्रेषण प्राप्त गर्ने लगायत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकको निर्देशन तथा यस बैंकको प्रबन्धपत्रमा तोकिए बमोजिमको कार्य गर्ने ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
बैंकमा हाल १७२४ कर्मचारी कार्यरत रहेको र निजहरुको कार्य विवरण बैंक व्यवस्थापनले तोके बमोजिम रहेका छन् । व्यवस्थापकीय कर्मचारीको नाम र कार्यभार यस बैंकको वेवसाईट https://www.ctznbank.com/about-us/executive-teams मा हेर्न सकिने छ ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशनहरु बमोजिम "क" वर्गको वाणिज्य बैंकले दिने सम्पूर्ण बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ । यस सन्दर्भमा सातै प्रदेश अन्तर्गत ४९ जिल्लामा १८२ शाखा मार्फत निक्षेप संकलन र कर्जा प्रवाह गरी नियमित बैंकिङ्ग सेवा प्रदान गर्नुका साथै प्रतितपत्र, जमानतपत्र, रेमिटान्स, डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड, मोवाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, एटिएम, कल सेन्टर लगायतका अन्य आधुनिक बैंकिङ्ग सेवा प्रदान गरी रहेको छ ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखाहरु र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाईट https://www.ctznbank.com/branches मा उपलब्ध छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**
यस बैंकले प्रदान गर्ने विभिन्न सेवा सम्बन्धी विवरण तथा लाग्ने शुल्क यस बैंकको वेवसाईट https://www.ctznbank.com/interest-rate तथा https://www.ctznbank.com/interest-rate/fees-and-commission मा उपलब्ध छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकिङ्ग कारोवारको सम्बन्धमा विभिन्न तहका अधिकारीलाई आवश्यक अधिकार प्रत्यायोजन गरिएको छ । दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा बैंक सञ्चालक समिति अन्तिम निर्णयकर्ता हुन् ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
निर्णयउपर उजुरी सुन्ने अधिकारीको व्यवस्था तथा उजुरी दर्ता तथा सुनुवाई सम्बन्धी पूर्ण विवरण बैंकको वेवसाईट https://www.ctznbank.com/grievance-handling तथा https://www.ctznbank.com/about-us/grivance-handing-officer मा हेर्न सकिनेछ ।

९. **सम्पादन गरेको कामको विवरण :**
यस बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गको वाणिज्य बैंकहरुले गर्नसक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरु गर्दै आईरहेको छ । बैंकले गरेका नयाँ कार्यहरुको जानकारी/सूचना प्रेस रिलिज मार्फत सार्वजनिक गर्ने गरिएको छ । उक्त विवरणहरु बैंकको वेवसाईट https://www.ctznbank.com/news मा समेत हेर्न सकिनेछ ।

१०. **सूचना अधिकारीको र कार्यकारी प्रमुखको नाम र पद :**
बैंकको सूचना अधिकारीको विवरण देहाय बमोजिम रहेको छ ।
नाम : श्री राजेन्द्र लाल श्रेष्ठ
पद : नायब प्रमुख कार्यकारी अधिकृत
बैंकको कार्यकारी प्रमुखको विवरण देहाय बमोजिम रहेको छ ।
नाम : श्री गणेश राज पोखरेल
पद : प्रमुख कार्यकारी अधिकृत

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**
निम्न उल्लेखित नियम विनियम र निर्देशिकाको अधिनमा रहेर बैंकले दैनिक कार्य सम्पादन गर्दै आएको छ ।
(क) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र सम्बन्धित अन्य ऐन, नियमावली तथा विनियमहरु ।
(ख) नेपाल राष्ट्र बैंक ऐन, २०५८ र सो अन्तर्गत जारी भएका एकीकृत निर्देशन, परिपत्र तथा सूचनाहरु ।
(ग) बैंकको प्रबन्धपत्र तथा नियमावली ।
(घ) कर्मचारी सेवा विनियमावली ।
(ङ) आर्थिक प्रशासन विनियमावली ।
(च) कर्जा अपलेखन विनियमावली, आदि ।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण त्रैमासिक रुपमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने गरिएको छ । साथै, सम्पूर्ण अद्यावधिक विवरण बैंकको वेवसाईटको Reports and Disclosure खण्डमा प्रकाशित गर्ने गरिएको छ ।

१३. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:**
अघिल्लो आ.व. २०७८/७९ मा बैंकले नियमित बैंकिङ कारोवार, वार्षिक साधारण सभा सम्पन्न गर्नुका साथै विभिन्न समयमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम सामाजिक रूपान्तरण तथा सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति काम गर्ने विभिन्न समुदाय र संघ संस्थाहरुलाई सहयोग उपलब्ध गराएको छ । कोभिड महामारी नियन्त्रण तथा सहायताको लागि नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा रकम जम्मा गर्ने एवम् बैंकले वित्तीय साक्षरताको अभिवृद्धि तथा आम जनसमुदायलाई बैंकिङ्ग सेवासंग चिरपरिचित गराउने अभिप्रायले जनचेतनामुलक श्रव्य दृश्य सामाग्रीहरु समावेश गरी विभिन्न माध्यमबाट प्रसारण गर्ने जस्ता विभिन्न कार्यक्रम आयोजना गरेको छ ।

१४. **सार्वजनिक निकायको वेवसाइट भए सोको विवरण**
यस बैंकको वेवसाइट www.ctznbank.com रहेको छ ।

१५. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**
नभएको ।

१६. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**
संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत यस बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार प्राकृतिक उपचार केन्द्रमा आउने विरामीका लागि भौतिक संरचना निर्माण, वृक्षारोपण, वाढीपिडितलाई सहयोग, सामुदायिक शैक्षिक संस्थालाई सहयोग, गरीब जेहेन्दार विद्यार्थिलाई छात्रवृत्ति, विपन्न मृगौला विरामी उपचाररत संस्थालाई सहयोग, विकलाङ्ग समूदायका लागि सहयोग, रक्तदान कार्यक्रम सञ्चालन, वृद्धाश्रमका लागि सहयोग लगायत शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार, आम जनसमुदायलाई बैंकिङ्ग सेवा संग चिरपरिचित गराउने अभिप्रायले विभिन्न जनचेतनामुलक श्रव्य दृश्य सामाग्रीहरु समावेश गरीएका वित्तीय साक्षरताका विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ । बैकले संचालन गरेको कार्यक्रमहरुबाट समग्र समाजको सामाजिक रूपान्तरण तथा सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक क्षेत्रको विकासमा थप टेवा पुग्ने देखिन्छ । बैकले संचालन गरेको कार्यक्रमहरुको विस्तृत विवरण बैंकको वेवसाईट https://www.ctznbank.com/csr मा समेत उल्लेख गरिएको छ ।

१७. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**
नभएको ।

१८. **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**
नियमनकारी निकायहरुबाट माग भएका सूचनाहरु बैंकले प्रदान गरेको र सो बाहेक सर्वसाधारणबाट माग भएका सूचनाहरुको सम्बन्धमा बैंकले नियम अनुसार जानकारी प्रदान गर्दै आएको छ ।

१९. **सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएमा सोको विवरण :**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित गरी बैंकको वेवसाईटमा समेत उपलब्ध गराइएको छ । साथै, बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेवसाईटमा समेत राख्दै आएको छ ।

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४४२७८४२/४३/२४, फ्याक्स: ९७७ १ ४४२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८
टोल फ्री नं: १६६००१६६६७, नोटीस बोर्ड: १६१८०१४२६२६९९

Citizens Bank

हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडको

हकप्रद शेयर निष्काशन प्रयोजनार्थ शेयरधनी दाखिल खारेज बन्द हुने सम्बन्धी सूचना

मिति : २०८०/०१/१६

हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०७९/०५/१९ गते बसेको १३ औं तथा १४ औं वार्षिक साधारण सभाबाट पारित निर्णयानुसार चुक्ता पूँजीको १ : ०.७५ अनुपातमा हकप्रद शेयर निष्काशन प्रयोजनका लागी मिति २०८०/०१/२७ गते एक (१) दिन शेयरधनी दाखिल खारेज बन्द गरिने व्यहोरा शेयरधनीहरु लगायत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

दाखिल खारेज बन्द भएको अघिल्लो दिनसम्म अर्थात २०८०/०१/२६ गतेसम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको कारोबारबाट कायम भएका शेयरधनीहरुले मात्र यस हकप्रद शेयरका लागि दरखास्त दिन सक्नु हुने भएको हुनाले सम्बन्धित सबै शेयरधनी तथा खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नुहुन अनुरोध छ ।

साथै, खरिदकर्ता दलाल सदस्यहरुले पनि यसै सूचनालाई आधारमानी CM Pool Account मा शेयर नराखि सम्बन्धित खरिदकर्ता शेयरधनीहरुको हितग्राही खातामा शेयर Transfer गरि सहयोग गरि दिनु हुन अनुरोध छ । अन्यथा सो को जिम्मेवार यस कम्पनी/शेयर रजिष्ट्रार/धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नहुने व्यहोरा समेत अनुरोध छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/०१/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/०१/३० गते दिनको ३:०० बजे सम्म

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय, बालुवाटार, काठमाडौंबाट व्यवसायिक कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तारतामेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरि आव्हान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा सम्बन्धित शाखा कार्यालय बालुवाटार, काठमाडौंमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु शाखा कार्यालय बालुवाटार, काठमाडौंमा १६ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधापुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, जमानीकर्ता समेतको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गर्ने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सकने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सकने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी/अक्ष्यक्ष/अ. प्रा. व्यक्ति/संचालक/जमानीकर्ताको विवरण	सुरक्षणमा रहेको धितोको विवरण
ऋणीः चन्द्रपुर डाइग्नोष्टिक एण्ड इमेजिङ्ग सेन्टर प्रा.लि दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. : २१२०३७/०७५/०७६ दर्ता मितिः २०७५/१२/१७, पान नं.: ६०६८३५८४० ठेगाना : चन्द्रपुर न.पा-०४, रौतहट **अक्ष्यक्ष/अ. प्रा. व्यक्ति/संचालक/जमानीकर्ताको नामः श्याम किशोर चौधरी** बुबाको नाम : बोध नारायण बाजेको नाम : खेना चौधरी ठेगाना : रघुनाथपुर-०५, रौतहट ना.प्र.नं. : १२६ जारी मिति : २०५९/०४/३० जारी गर्ने कार्यालय : जि.प्र.का., रौतहट **कर्जा शीर्षकः व्यापार अधिविकर्ष, ब्रिज ग्याप, आवधिक कर्जा** **कर्जा लिएको शाखा : बालुवाटार, काठमाडौं**	१) श्री मालपोत कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा चन्द्रपुर डाइग्नोष्टिक एण्ड इमेजिङ्ग सेन्टर प्रा.लिको नाममा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर न.पा. वडा नं. ०१ स्थित कि.नं. ९२९ को क्षेत्रफल ३३९.८२ व.मी को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २) श्री मालपोत कार्यालय, रौतहटमा निता चौधरीको नाममा दर्ता कायम रहेको रौतहट जिल्ला, विश्रामपुर वडा नं. ०४ स्थित कि.नं. १९३ र ७३३ को क्षेत्रफल क्रमशः २७०९.०४ व.मी र ५०७.९३ व.मी को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । ३) श्री मालपोत कार्यालय, रौतहटमा सिन्धु कुमारीको नाममा दर्ता कायम रहेको रौतहट जिल्ला, सिमराभवानीपुर वडा नं. ०५ स्थित कि.नं. ४६७ को क्षेत्रफल ३३५२.५३ व.मी को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । ४) श्री मालपोत कार्यालय, कलैया, बारामा यशोमति चौधरीको नाममा दर्ता कायम रहेको बारा जिल्ला, जयनगर च्युटाहा वडा नं. ०२ स्थित कि.नं. १२३२ र १२३८ को क्षेत्रफल क्रमशः ६९७.३७ व.मी र ५२७४.१६ व.मी को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
संचालक/जमानीकर्ताको विवरण	
१) नाम : विरेन्द्र प्रसाद चौधरी (संचालक) बाबुको नाम : राम स्वरुप बढा बाजेको नाम : बलि बढा ठेगाना : रंगपुर-०१, रौतहट ना.प्र.नं. : १७५६, जारी मिति : २०४४/१२/२८, जारी गर्ने कार्यालय : जि.प्र.का., रौतहट **२) नाम : निता चौधरी** पतिको नाम : श्याम किशोर चौधरी ससुराको नाम : बोध नारायण चौधरी ठेगाना : रघुनाथपुर-०५, रौतहट ना.प्र.नं. : ३२२०८३/२०४६, जारी मितिः २०६९/०९/२५ जारी गर्ने जिल्ला : जि.प्र.का., रौतहट **३) नाम : सुरेन्द्र चौधरी (संचालक)** बाबुको नाम : शिउ मंगल चौधरी बाजेको नाम : राम चालिस चौधरी ठेगाना : प्रताप पल्टुवा-०४, रौतहट ना.प्र.नं. : ४६६७, जारी मिति : २०६३/०९/२३, जारी गर्ने कार्यालय : जि.प्र.का., रौतहट	**४) नाम : यशोमति चौधरी (संचालक)** पतिको नाम : दिपेन्द्र प्रसाद चौधरी ससुराको नाम : भैरव प्रसाद चौधरी ठेगाना : पठरा-०१, बारा ना.प्र.नं.: ३४३३/१८८९ जारी मिति : २०५८/०७/१६ जारी गर्ने कार्यालय : जि.प्र.का., बारा **५) नाम : सिन्धु कुमारी** पतिको नाम : सुरेन्द्र चौधरी ससुराको नाम : शिउ मंगल चौधरी ठेगाना : प्रताप पल्टुवा-०४, रौतहट ना.प्र.नं. : ३२३०६१/७६० जारी मितिः २०६४/०१/०८ जारी गर्ने कार्यालय : जि.प्र.का., रौतहट

शर्तहरु :

१. बोलपत्र फाराम यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०२५-९३०७४०१०५०१०१ को "SDBL- Other non-operating Income" मा रु.५००।-(अक्षेरुपी पाँच सय मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको आधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदातालले आफुले कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नं. ०२५-९३०७४०१०५०१०१ को "SDBL- Auction Deposit (Lilami)" मा जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संग्लन गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय बालुवाटार, काठमाडौं वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा

शनिबार १६ वैशाख ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

११ वर्षपछि कुवेतको सामना गर्दै नेपाल



रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले ११ वर्षपछि अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा कुवेतको सामना गर्दै छ। त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा नेपालले एसिसी प्रिमियर कपको सेमिफाइनलमा कुवेतविरुद्ध प्रतिस्पर्धा गर्न लागेको हो। यी दुई टोलीबीच अन्तिमपटक सन् २०१२ को एसिसी इलाइट टूफीमा प्रतिस्पर्धा भएको थियो। जसमा कुवेतले नेपाललाई चार विकेटले हराएको थियो। एक दशकपछि कुवेतसँग खेल्दा नेपाल धेरै अनुभवी टोली बनिसकेको छ। यसबीच नेपाल एकदिवसीय मान्यताप्राप्त राष्ट्र बनिसकेको छ।

कुवेत भने आइसिसी टी-२० राष्ट्र मात्र हो। त्रिवि मैदानमा हुने नेपाल र कुवेतबीचको खेलले एकदिवसीय मान्यता प्राप्त गरेको छैन। यस कारण यस खेलमा व्यक्तिगत तथा राष्ट्रका नाममा रहने रेकर्ड दर्ता हुनेछैन। एसिसी प्रिमियर कपको समूह 'ए'को विजेता हुँदै नेपाल सेमिफाइनलमा प्रवेश गरेको हो। कुवेतले समूह 'बी'को अन्तिम खेलमा हङकङलाई स्तब्ध पार्दै उपविजेताका रूपमा अन्तिम चारमा प्रवेश गरेको हो। प्रतियोगिताका विजेताले यसै वर्ष पाकिस्तानमा हुने एसिया कपको समूह 'ए'मा छनोट हुँदै पाकिस्तान र भारतविरुद्ध प्रतिस्पर्धा गर्न अवसर प्राप्त गर्नेछ। शीर्ष तीन स्थानमा रहने टोलीले एसियाका एकदिवसीय राष्ट्रहरूको 'ए' टोलीसँग प्रतिस्पर्धाको अवसर प्राप्त गर्नेछन्।

सेमिफाइनलमा प्रवेश गरेका थप दुई टोली युएई र ओमानले मूलपानीमा खेल्नेछन्। एसिया कपको अनुभव बटुल्न यी चारै राष्ट्रलाई दुई जित आवश्यक छ। सहभागीमध्ये घरेलु टोली नेपाल उपाधिको प्रमुख दाबेदार हो। यद्यपि, कुवेतलाई कम आँक्न मिल्दैन। प्रतियोगितामा कुवेत बिस्तारै 'अन्डर डग'का रूपमा स्थापित भएको राष्ट्र हो। कुवेतको बलिङ र ब्याटिङ पछिल्लो समय उत्कृष्ट हुँदै आएको छ। त्यहीँ नै नेपालले समूह चरणको अन्तिम खेलमा कतारसँग ब्याटिङमा संघर्ष गर्नुपरेको थियो। कतारसँगको खेलबाहेक नेपालको प्रदर्शन उत्कृष्ट रह्यो।

बलिङ, ब्याटिङ र फिल्डिङमा नेपाली खेलाडीको प्रदर्शन हेर्नलायक थियो। भारतीय नागरिक मोन्टी देसाईको आगमनपछि नेपाली टोलीले त्रिवि मैदानमा आफ्नो अपराजित यात्रा राखेको छ। यसै अपराजित यात्रासँगै नेपालको मुख्य लक्ष्य नै च्याम्पियन बन्दै एसिया कप खेल्नु हुनेछ। नेपालका मुख्य प्रशिक्षक देसाई पनि पछिल्ला खेलको नतिजा बिर्सेर कुवेतविरुद्ध प्रदर्शन गर्ने बताउँछन्। 'हामी अगाडि बढ्न कतारसँगको खेल बिर्सनुपर्छ,' कतारलाई ६८ रनले पराजित गरेपछि देसाईले भनेका थिए।

कतारविरुद्ध नेपाल ब्याटिङमा निरीह बनेको थियो। माथिल्लो क्रमका ब्याट्सम्यानबीच ठूलो साझेदारी हुन सकेन। भरपर्दा शीर्ष र मध्यक्रमका ब्याट्सम्यान कतारको धारिलो बलिङअगाडि लामो समय क्रिजमा टिक्नै सकेनन्। यद्यपि, बलरका लागि उपयुक्त मानेको पिचमा १०औँ नम्बर क्रिजमा आएका सन्दीप लामिछानेले अविस्मरणीय इनिङ्स खेले।

> अहिलेसम्म हेड टु हेडमा नेपालले दुई तथा कुवेतले एक खेल हात पारेको छ
>
> सन् २०१२ मा एसिसी इलाइट ट्रफीमा नेपाल कुवेतसँग चार विकेटले पराजित भएको थियो

इनिङ्सको २७.६ ओभरमा नेपाल १११-९ को नाजुक स्थितिमा थियो। सन्दीप र ललित राजवंशीले १०औँ विकेटका लागि सर्वाधिक ४६ रनको साझेदारी गर्दै नेपाललाई एक सय ५७ रनको सम्मानजनक योगफलसम्म पुऱ्याए। 'यदि हामी अगाडि बढ्ने हो भने साझेदारीमै ध्यान दिनुपर्छ,' देसाई भन्छन्।

विश्वकप लिग-२ देखि लयमा

यो दुई महिनामा नेपाली खेलाडीले माथिल्लो स्तरको प्रदर्शन गरिरहेका छन्। एकदिवसीय मान्यताप्राप्त पछिल्ला १२ मध्ये ११ खेलमा नेपालले विपक्षीलाई पाखा लगाएको थियो। आइसिसी विश्वकप लिग-२ मा यही प्रदर्शनकै आधारमा नेपालले जिम्बाबेमा हुने आइसिसी एकदिवसीय विश्वकपको ग्लोबल छनोटको स्थान पक्का गऱ्यो। कुशल भुर्तेल र आसिफ शेखले ओपनिङ गरिरहेका छन्। उनीहरू खासै लयमा नरहँदा पनि नेपालका मध्यक्रमका ब्याट्सम्यानले इनिङ्स सम्हालेका छन्। भीम सार्की, कप्तान रोहितकुमार पौडेल, कुशल मल्लसहित मध्यक्रमका सोमपाल कामीले उत्कृष्ट प्रदर्शन गरिरहेका छन्। कुवेतविरुद्ध यी खेलाडीसहित अन्य खेलाडीबाट प्रशिक्षक देसाईले ठूलो साझेदारीको अपेक्षा राखेका छन्।

अर्कोतिर कुवेत फेरि अर्को अप्रत्याशित नतिजा निकालेर इतिहास रच्ने योजनामा छ। हङकङविरुद्ध अप्रत्याशित नतिजा निकाल्दै कुवेती खेलाडी हौसिएका छन्। कुवेतले हङकङलाई ३० रनले पराजित गऱ्यो। हङकङविरुद्ध कुवेतका सिराज खान र उस्मान पटेलले अर्धशतकीय इनिङ्स खेलेका थिए। नेपालले सिराज र उस्मानसँगै अदनान इद्रिस, रभिजा सान्दरुवान, पर्भिन्दर कुमार, कप्तान मोहम्मद अस्लामजस्ता ब्याट्सम्यानलाई रोक्ने रणनीति बनाएको छ।

हेड टु हेडमा नेपाल बलियो

नेपाल र कुवेतबीच अहिलेसम्म तीन खेल भएका छन्। हेड टु हेडमा नेपाल बलियो स्थितिमा छ। नेपालले दुई तथा कुवेतले एक खेल हात पारेको रेकर्ड छ। सन् २००८ को एसिसी ट्रफीमा नेपाल र कुवेतको पहिलो भेट भएको थियो। मलेसियामा भएको खेलमा नेपाल सात विकेटले विजयी भएको हो। यस खेलमा नेपालमा पारस खड्का, शरद भेसवाकर तथा मेहबुब आलम र शक्ति गौचनले उत्कृष्ट प्रदर्शन गरेका थिए। हाल चारै खेलाडी टोलीमा छैनन्।

दोस्रो भेट सन् २०१० मा कुवेतमै भएको थियो। एसिसी ट्रफी इलिटमा नेपालले घरेलु टोलीलाई आठ विकेटले हराएको हो। तेस्रो तथा अन्तिम भेट सन् २०१२ मा युएईमा भएको थियो। पारस खड्काले शतकीय इनिङ्स खेले पनि नेपाल चार विकेटले पराजित भएको थियो।

मूलपानीमा पहिलो अन्तर्राष्ट्रिय मान्यताप्राप्त खेल

मूलपानीको माथिल्लो क्रिकेट मैदानमा पहिलोपटक एकदिवसीय अन्तर्राष्ट्रिय मान्यताप्राप्त खेल हुने भएको छ। अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले एसिसी प्रिमियर कपको दोस्रो सेमिफाइनल खेललाई मान्यता दिएको हो। ओमान र संयुक्त अरब इमिरेट्स (युएई) फाइनल प्रवेशका लागि आज प्रतिस्पर्धा गर्दै छन्। मूलपानीको माथिल्लो मैदानमा पछिल्ला १० खेल आयोजना भएका छन्। एकदिवसीय मान्यताप्राप्त राष्ट्रबीच प्रतिस्पर्धा नभएका कारण ती खेललाई मान्यता दिएको थिएन। यसै प्रतियोगिताअन्तर्गत साउदी अरेबिया र नेपालबीचको एकदिवसीय खेल मूलपानी मैदानमा भएको थियो।

मूलपानी मैदान एकदिवसीय मान्यताप्राप्त गर्ने कीर्तिपुरपछि नेपालको दोस्रो मैदान हो। यसै प्रतियोगिताका लागि नेपाल क्रिकेट संघ क्यानले यो मैदानमा पुनर्निर्माण गरेको थियो। जहाँ अन्तर्राष्ट्रियस्तरको पेभिलियन, बाउन्ड्री लाइन, दुई स्क्रिन, ड्रेसिङ रुमलगायत अत्यावश्यक मापदण्ड पूरा गरिएको छ। एसिसी प्रिमियर लिगमार्फत नै मूलपानी मैदानले पहिलो अन्तर्राष्ट्रिय खेल पाएको थियो। पहिलो अन्तर्राष्ट्रिय खेलमा सिंगापुर र हङकङले प्रतिस्पर्धा गरेका थिए।

सर्वाधिक रन

भृत्या अरबिन्द (युएई)
खेल ४, इनिङ्स ४, रन ४२८, शतक २, अर्धशतक १

अब्दुल वाहिद (साउदी अरेबिया)
खेल ३, इनिङ्स ३, रन २५५, शतक १, अर्धशतक १

जितेन्दर सिंह (ओमान)
खेल ४, इनिङ्स ४, रन २२०, शतक १, अर्धशतक १

भिरन्दीप सिंह (मलेसिया)
खेल ३, इनिङ्स ३, रन १९८, अर्धशतक २

कुशल मल्ल (नेपाल)
खेल ३, इनिङ्स ३, रन १८१, शतक १, अर्धशतक १

व्यक्तिगत उच्च रन

भृत्या अरबिन्द (युएई)
रन १८५, बल १४७, चौका १७, छक्का ९, विरुद्ध कुवेत
रन १७४, बल १३३, चौका १७, छक्का ७, विरुद्ध सिंगापुर

मुहम्मद वासिम (युएई)
रन १६०, बल ८२, चौका ९, छक्का १६, विरुद्ध सिंगापुर

अब्दुल वाहिद (सा.अरेबिया)
रन १२४, बल १०८, चौका २१, छक्का १, कतारविरुद्ध

रोहन मुस्तफा (युएई)
रन ११८, बल, १२५, चौका १०, छक्का ४, विरुद्ध कुवेत

बलिङ

आयान अफजल खान (युएई)
खेल ४, इनिङ्स ४, ओभर ३९, विकेट १२

सन्दीप लामिछाने (नेपाल)
खेल ३, इनिङ्स ३, ओभर २७.१, विकेट ११

विलाल खान (ओमान)
खेल ४, इनिङ्स ४, ओभर २७.१, विकेट ११

इहसान खान (हङकङ)
खेल ३, इनिङ्स ३, ओभर २५, विकेट ९

जिसान मक्सुद (ओमान)
खेल ४, इनिङ्स ४, ओभर ४०, विकेट ८

उच्च योगफल

युएई
४७१ रन, प्रतिओभर रनरेट ९.४२, विरुद्ध सिंगापुर
३७१/६, प्रतिओभर रनरेट ७.४२, विरुद्ध कुवेत

ओमान
३६६/६, प्रतिओभर रनरेट ७.३२, विरुद्ध साउदी अरेबिया

नेपाल
३१०/८, प्रतिओभर रनरेट ६.२, विरुद्ध ओमान

साउदी अरेबिया
२९४ रन, प्रतिओभर रनरेट ६.२७, विरुद्ध ओमान

नेपालविरुद्ध कुवेत
स्थान : त्रिवि मैदान
समय : बिहान ९ बजे

सेमिफाइनल खेल

युएईविरुद्ध ओमान
स्थान : मूलपानी मैदान
समय : बिहान ९ बजे

खेल संक्षेप

राष्ट्रपति रनिङ सिल्ड सुरु

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजनामा १३औँ केन्द्रस्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता शुक्रबारदेखि सुरु भएको छ। उपराष्ट्रपति रामप्रसाद सहायले त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा प्रतियोगिताको शुक्रबार उद्घाटन गरेका छन्। कृत्रिम प्रकाशमा राष्ट्रपति रनिङ सिल्डको उद्घाटन भएको पहिलोपटक हो। प्रतियोगितामा एथ्लेटिक्स, भलिबल, कबड्डी, करँते, उसु र तेक्वान्दो गरी ६ खेलमा प्रतिस्पर्धा हुनेछन्। ६ खेलमा सातै प्रदेशका ६ सय ५८ खेलाडी सहभागी छन्। माध्यमिक तहमा अध्ययनरत १८ वर्षमुनिका खेलाडीले प्रतियोगितामा सहभागी हुन पाउने प्रावधान छ।

बक्सिङ टोली उज्वेकिस्तान जाँदै

काठमाडौं/ अन्तर्राष्ट्रिय बक्सिङ संघ (आइबा)को आयोजनामा हुने आइबा पुरुष विश्व बक्सिङ च्याम्पियनसिपमा सहभागी हुने दुई खेलाडीसहित चार सदस्यीय नेपाली बक्सिङ टोली शनिबार उज्वेकिस्तानको तास्कन प्रस्थान गर्दै छ। ३० अप्रिलदेखि ४ मेसम्म हुने प्रतियोगितामा रविन थापाले ४८ केजी तथा साग स्वर्णधारी भूपेन्द्र थापाले ६३.५ केजी तौलसमूहमा प्रतिस्पर्धा गर्नेछन्। चौथो वीर गणेशमान सिंह राष्ट्रव्यापी बक्सिङ प्रतियोगितामा गरेको प्रदर्शनका आधारमा खेलाडी छनोट गरिएको नेपाल बक्सिङ संघका प्रवक्ता श्यामकाजी अवालेले जनाएका छन्।

बज्राचार्यको नेतृत्वमा फुटबलर्स मिसन

काठमाडौं/ पूर्वफुटबल खेलाडी अशोकरत्न बज्राचार्यको अध्यक्षमा 'फुटबलर्स मिसन टुगेदर'को दोस्रो साधारणसभाले नयाँ कार्यसमिति चयन गरेको छ। नेपाल पौडी संघका अध्यक्षसमेत रहेका बज्राचार्यको अध्यक्षमा २४ सदस्यीय कार्यसमिति शुक्रबार चयन गरेको हो। निर्वाचित नयाँ कार्यसमितिको उपाध्यक्षमा भिक्टोरशमशेर जबरा, विज्ञानराज शर्मा, निरञ्जन राणा, उपेन्द्रमान सिंह र सरिला श्रेष्ठ चयन भएका छन्। एन्फाका पूर्वमहासचिव धीरेन्द्र प्रधानले महासचिवको जिम्मेवारी पाए। तीन सचिवमा बालगोपाल महर्जन, हरि खड्का र कमला हिराचन तथा कोषाध्यक्षमा वसन्तकुमार लामा चुनिए। विराटजंग शाही र राष्ट्रिय टोलीका पूर्वकप्तान अनिल गुरुङलाई सहकोषाध्यक्षको जिम्मेवारी दिइएको छ।

थ्री स्टारले मौका गुमायो



काठमाडौं/ न्युरोड टिम (एनआरटी)सँग १-० ले पराजित हुँदा थ्री स्टारले चालू सिजनको सहिद स्मारक 'ए' डिभिजन लिगमा पहिलोपटक शीर्षस्थानमा उक्लने अवसर गुमाएको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा शुक्रबार सञ्जीव विष्टले एक मात्र गोल गर्दा एनआरटीसँग थ्री स्टार पराजित भयो। लिगको १३औँ चरणमा जित निकाल्दा थ्री स्टारको शीर्षस्थान उक्लने अवसर थियो। १३ खेलमा तेस्रो हार व्यहोरेको थ्री स्टार २२ अंकसहित दोस्रो स्थानमा छ।

मेघराज केसीको प्रशिक्षणमा रहेको थ्री स्टारले ६ जित र चार खेलमा बराबर नतिजा निकालेको छ। एक खेल कम खेलेको सातदोबाटो २३ अंकसहित शीर्षस्थानमा छ। चौथो जितपछि एनआरटी १६ अंकका साथ आठौँ स्थानमा उक्लेको छ। अघिल्लो खेलमा थ्री स्टार साबिक दुईपटकको विजेता मच्छिन्द्र फुटबल क्लबसँग गोलरहित बराबरी खेलेको थियो।


> एनआरटीसँग १-० ले पराजित भएपछि थ्री स्टारले लिगको १३औँ खेलमा शीर्षस्थानमा उक्लने अवसर गुमायो

एनआरटीको जितमा स्ट्राइकर सञ्जीवले खेलको ३७औँ मिनेटमा निर्णायक गोल गरेका थिए। सरोज तामाङको प्रहार थ्री स्टारका गोलरक्षक मोहम्मद टाहाले पन्च गरेका थिए। तर, उनको पन्च राम्रोसँग क्लियर भएन। यसै मौकामा सञ्जीवले सहजै एनआरटीलाई १-० को अग्रता दिलाए। सञ्जीवले गोल गर्नुअघि थ्री स्टारले पाएको पेनाल्टी सदुपयोग गर्न सकेन। खेलको २७औँ मिनेटमा सन्तोष साहुखलले पेनाल्टी चुकाएका थिए। एनआरटीका रक्षक गौरव श्रेष्ठले पिटर सेगुनलाई पेनाल्टी बक्समित्र लडाएपछि थ्री स्टारले अग्रता लिने सुन्दर अवसर पाएको थियो। सन्तोषको प्रहार क्रसबारभन्दा निकै माथि गयो।

लिगको अंकतालिका

स्थान	क्लब	खेल	जित	ड्र	हार	अंक
१	जावलाखेल	१२	७	२	३	२३
२	थ्री स्टार	१३	६	४	३	२२
३	सातदोबाटो	१२	६	३	३	२१
४	आर्मी	१२	५	३	३	१९
५	चर्च ब्वाइज	१२	४	६	२	१८
६	एपिएफ	१३	५	३	५	१८
७	मच्छिन्द्र	१२	४	५	३	१७
८	एनआरटी	१३	४	४	५	१६
९	मनाङ	१२	४	३	५	१५
१०	फ्रेन्ड्स	१३	४	३	६	१५
११	संकटा	१२	४	३	५	१५
१२	खुमलटार	१३	४	१	८	१३
१३	हिमालयन	१२	२	४	५	१३
१४	पुलिस	१३	३	३	७	१२





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com